# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक :

प्रस्तुत शोधप्रबन्धको शीर्षक **'हिटलर र यहूदी'** उपन्यासको कृतिपरक अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन :

प्रस्तुत शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, रामस्वरुप रामसागर बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५१०-१) को प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ विषय परिचय :

खरदार कृष्णप्रसाद कोइराला र माता दिव्या देवी कोइरालाका गर्भबाट वि.सं. १९७१ भाद्र २४ गतेका दिन वाराणसीमा जन्मेका विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यका फाँटमा कथाकार, उपन्यासकारका रुपमा सुप्रसिद्ध छन् । नेपाली, अंग्रेजी, संस्कृत, उर्दू, हिन्दी, नेवारी, मैथिली आदि अनेक भाषाका धनी कोइरालाको औपचारिक शिक्षा बी.ए.,बी.एल. सम्म मात्र सीमित हुनपुगे पनि यिनको प्रखर व्यक्तित्वले सबैमाथि प्रभाव पारेको छ। बहुमुखी प्रतिभाका धनी कोइरालाले बाल्यकालदेखि नै साहित्यसिर्जना गर्नथाले तापनि वि.सं. १९८६ बाट यिनका रचनाहरु प्रकाशित हुन थालेको पाइन्छ । वि.सं. १९९५ मा सूर्यविक्रम ज्ञवालीको सम्पादकत्त्वमा सम्पादित 'कथा कुसुम' मा कोइरालाका तीन कथाहरू प्रकाशित भएपनि पुस्तकाकार कृतिका रूपमा वि.सं.

२००६ सालदेखि यिनका रचना देखापर्न थालेका हुन् । कोइरालाका प्रकाशित कृति यसप्रकार रहेका छन् :-

| | |
|---|---|
| १. दोषी चश्मा कथासङ्ग्रह | (२००६) |
| २. तीन मुम्ती उपन्यास | (२०२५) |
| ३. नरेन्द्रदाइ उपन्यास | (२०२६) |
| ४. सुम्निमा उपन्यास | (२०२७) |
| ५. मोदिआइन उपन्यास | (२०३६) |
| ६. श्वेतभैरवी कथासङ्ग्रह | (२०३९) |
| ७. हिटलर र यहूदी उपन्यास | (२०४०) |
| ८. आफ्नो कथा आत्मजीवनी | (२०४०) |
| ९. बाबु, आमा र छोरा उपन्यास | (२०४५) |
| १०. जेलजर्नल आत्मजीवनी | (२०५४) |
| ११. आत्मवृत्तान्त आत्मजीवनी | (२०५५) |

यसरी हेर्दा ६ वटा उपन्यास, दुइवटा कथासङ्ग्रह, तीनवटा आत्मजीवनी बाहेक थुप्रै फुटकर रचनाहरू विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा सङ्कलित, सम्पादित र प्रकाशित रहेका छन् । उनको मृत्यु २०३९ साउन ६ गते काठमाण्डौंमा भएको थियो ।

कोइरालाद्वारा लिखित **'हिटलर र यहूदी'** (२०४०) मानवमूलक विचार प्रधान उपन्यास हो । यसमा दोस्रो विश्वयुद्ध र त्यसको बर्बरता अनि हिटलर र कृष्णका सन्दर्भहरू आएका छन् । हिटलरको क्रूरता र यहूदीप्रतिको सहानुभूति यसमा रहेका विषयबस्तु हुन् । मान्छेलाई असल बन्न र आफ्नो हैसियत नभुली राम्रो काम गर्न यस उपन्यासले सन्देश दिएको छ । नियतिको दास मानिस जुनसुकै निर्णय लिन बाध्य हुन्छ र महाभारतको युद्ध अनि यसमा हिटलरको क्रूरता पनि मानवनियतिको परिणाम भएको धारणा यस उपन्यासमा पाइन्छ ।

## १.४ शोधसमस्या (समस्याकथन) :

बाचुन्जेल नेपाली साहित्यको श्रीबृद्धिमा लागिरहने कोइरालाका विभिन्न कृतिहरूमध्ये '**हिटलर र यहूदी**' उपन्यासको भिन्नै महत्त्व रहेको छ । यस्तो कृतिको सामान्य रूपमा विभिन्न

व्यक्तिहरूद्वारा संकेत, चर्चा र परिचर्चा गरिएको भएपनि जे जस्तो अवस्थामा अध्ययन-विश्लेषण हुनुपर्थ्यो त्यो भएको पाइँदैन । त्यसैले '**हिटलर र यहूदी**' उपन्यासको कृतिपरक अध्ययन गर्नु यस शोधकार्यको औचित्य हो ।

प्रस्तुत उपन्यासका विषयमा अध्ययन गर्ने निम्नलिखित समस्याहरू सवालको रूपमा उपस्थित भएका छन्:-

(क) विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको बारेमा थोरै र अल्पकालिक समयमा खुलाउन नसकिने हुँदा यसको वृत्तान्तमा धेरै समय लाग्नु र कठीन तथा चूनौतीपूर्ण कार्य हुनु ।

(ख) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' जस्तो उपन्यासको व्याख्या र विश्लेषण गर्न अत्यन्तै कठीन कार्यको रूपमा देखिनु ।

(ग) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यासले सामाजिक धरातलमा रहेर समाजका के कस्ता मूल्य र मान्यताहरू बोकेको छ ? भन्ने जस्ता कुराहरूलाई पहिल्याउन कठीन समस्याको रूपमा देखिनु ।

(घ) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यास के कस्तो विषयमा आधारित कृति हो ? र यसले नेपाली उपन्यास जगत्मा के कस्तो स्थान प्राप्त गरेको छ भनी निक्यौंल गर्ने जस्तो कठीन समस्याको रूपमा देखापर्नु ।

## १.५ शोधकार्यका उद्देश्यहरू :

शोधकार्यमा संकेत गरिएका शोधसमस्याहरूको उत्तर वा समाधान खोज्नु नै यस शोधकार्यको मूल उद्देश्य रहने हुनाले प्रस्तावित शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र त्यसको समाधान के कसरी गर्ने? भन्ने कुराको परिधिमा रहेर अध्ययन गर्न र निष्कर्षमा पुग्न निम्नलिखित उद्देश्यहरु रहेका छन् :-

(क) विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको बारेमा वृत्तान्त खुलाउनु ।

(ख) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यासको विभिन्न दृष्टिकोणबाट व्याख्या र विश्लेषण गर्नु ।

(ग) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यासले बोकेका सामाजिक मूल्य र मान्यताहरू प्रस्तुत गर्नु ।

(घ) विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यासलाई चिनाउँदै यसको नेपाली उपन्यास जगत्मा स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा :

विश्वेश्वरप्रसाद कोइरालाको '**हिटलर र यहूदी**' उपन्यासका बारेमा विभिन्न व्यक्तिहरुले चर्चा र परिचर्चा गरेका छन् । '**हिटलर र यहूदी**' उपन्यासका बारेमा भएका चर्चा र परिचर्चा एवम् संकेत निम्न प्रकार रहेको छ ।

'**हिटलर र यहूदी**' उपन्यास अस्तित्त्वबादी दृष्टिकोण व्यक्त गर्न सफल छ" भन्छन् कृष्णचन्द्र सिंह प्रधान (नेपाली उपन्यास र उपन्यासकार, २०३७)

नेपाली साहित्यलाई सगरमाथाझैं चुल्याउने खेम कोइराला '**हिटलर र यहूदी**' उपन्यासका बारेमा साहित्यकार 'विश्वेश्वरप्रसाद कोइराला' कृतिमा भन्छन्: "जेलजीवनमा रहँदाको एक्लोपन, एकान्त अवस्थामा मान्छेको द्वन्द्वलाई केही यथार्थ, केही कल्पना, मूलतः अनुभव र अनुभूतिलाई वर्तमानसँग जोड्ने क्रममा खासगरी मानवमनको विश्लेषण गरेर पनि अस्तित्त्ववादलाई जोड दिँदै मानवका जीवनमा मानवले आफूँ जन्मेको परिस्थिति र वातावरण कुनै पनि हालतमा बदल्न नसक्ने पक्षलाई नियतिको यिनको उपन्यास '**हिटलर र यहूदी**' मा चित्रण गरिएको छ ।" (साहित्यकार विश्वेश्वरप्रसाद कोइराला: पृ. ५, काठमाडौं सेवा प्रकाशन, २०४५)

त्यस्तै '**हिटलर र यहूदी**' उपन्यासको बारेमा शङ्कर लामिछाने भन्छन्:- '**हिटलर र यहूदी**' मानवमूलक विचारप्रधान उपन्यास हो । यसमा दोस्रो विश्वयुद्ध र त्यसको बर्बरता अनि हिटलर र कृष्णका सन्दर्भहरू आएका छन् ।हिटलरको क्रूरता र यहूदीप्रतिको सहानुभूति यसमा रहेका विषयवस्तु हुन् ।"(

विश्वेश्वरप्रसाद कोइराला: समालोचना र विचार: पृ.१२०, काठमाडौं प्रकाशन, २०५३)

सोमप्रसाद शर्मा '**हिटलर र यहूदी**' उपन्यासलाई नियाल्दा भन्छन्:- "कोइराला व्यक्तिका मनलाई तीव्र रूपमा प्रभाव पार्ने सामाजिक संस्कार, सोचाइ आदिलाई पनि आधारबनाइ उपन्यास लेख्न पोख्त छन् ।" (विश्वेश्वरप्रसाद कोइरालाको साहित्यिक व्यक्तित्त्व 'गरिमा', २०५७, पृ.१०.८.११७)

अर्का विद्वान खेम कोइराला '**हिटलर र यहूदी**' उपन्यासको बारेमा भन्छन्- "चरित्रप्रधानको दृष्टिकोणमा '**हिटलर र यहूदी**' उपन्यासका पात्र रेवाा, नारायणन, लक्ष्मी आफ्नै विचारतर्क प्रवृत्तिका कारणले विशिष्ट बन्न पुगेका छन् ।" (केही उपन्यास केही चिन्तन: पृ. २०४)

यसरी नै डा. भूपति ढकाल '**हिटलर र यहूदी**' उपन्यासका बारेमा भन्छन्:- "उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले '**हिटलर र यहूदी**' उपन्यासमा आफ्ना युद्धविरोधी अवधारणाहरु अस्तित्त्ववादी चिन्तनप्रतिको आस्थासहित मानवतावादी भावनाको साक्षरता र यौनमनोवैज्ञानिक भावचेतनाको सार्थकता सशक्त रूपले परिभाषित गराएका छन् र यो मानवताका पक्षमा लेखिएको 'मानवमूलक' वैचारिक उपन्यास हो ।" (विश्वेश्वरप्रसाद कोइरालाका कथा र उपन्यासहरूको विश्लेषण: वि.पी. प्रकाशन, काठमाडौ बागबजार, २०५८, पृ.९२-९३,)

## १.७ शोधकार्यको औचित्य :

'**हिटलर र यहूदी**' उपन्यासका बारेमा बेलाबखत समीक्षकहरूद्वारा सामान्य समीक्षा नभएका होइनन् तर प्रस्तुत उपन्यासकै परिधिमा रही विभिन्न दृष्टिकोणबाट विस्तृत अध्ययन गरी कृतिगत वैशिष्ट्य ठम्याउने काम नभएको हुँदा यस शोधमा '**हिटलर र यहूदी**' उपन्यासको विभिन्न दृष्टिकोणबाट अध्ययन गरी कृतिगत वैशिष्ट्य ठम्याइएको छ । त्यसैले '**हिटलर र यहूदी**' उपन्यासका बारेमा जान्न चाहने सम्पूर्ण इच्छुक विद्यार्थी, शिक्षक, जिज्ञासु तथा अन्य साहित्यिक पाठकहरूकमा लागि यस शोधपत्रले

सहयोग गर्नेछ, त्यसैले प्रस्तुत शोधपत्रको औचित्य यसैले झल्किएको ।

**१.८ शोधपत्रको सीमाङ्कन :**

प्रस्तुत शोधपत्र '**हिटलर र यहूदी**' उपन्यासको कृतिपरक अध्ययनमा केन्द्रित रहनेछ । प्रस्तुत शोधपत्रमा कोइरालाद्वारा रचिएका अन्य उपन्यास तथा कथाहरू र कुनै पनि रचनाको विवेचना गरिनेछैन तर नाम उल्लेखसम्म गरिनेछ । यस उपन्यासको विवेचनाका लागि आवश्यक उपन्यासको सिद्धान्तका आधारमा प्रस्तुत '**हिटलर र यहूदी**' उपन्यासको विवेचना मात्र प्रस्तुत शोधपत्रमा गरिएको छ ।

**१.९ सामग्री सङ्कल विधि :**

प्रस्तुत शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय अध्ययन विधिका आधारमा सम्बन्धित विषयका विभिन्न पुस्तक, पत्र-पत्रिका तथा शोधपत्रको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । साथै आवश्यक पर्दा विभिन्न विद्वानहरूसँग आवश्यक जानकारी तथा सुझाव लिइ शोधकार्य सम्पन्न गर्न सामग्री तयार गरिएको छ ।

**१.१० शोधविधि :**

प्रस्तुत शोधमा विश्लेषणात्मक-विवेचना विधि अप्नाइएकोछ । शोधको सत्यापनका लागि अङ्कका आधारमा पादटिप्पणी नदिइ सन्दर्भकै अन्त्यमा प्रमाणित सन्दर्भको संकेत गरिएको छ ।

**१.११ शोधपत्रको रूपरेखा :**

प्रस्तुत शोधकार्यलाई आवश्यकता अनुसारको शीर्षक, उपशीर्षक दिएर सुसङ्गठनात्मक रूपमा सङ्गठित तुल्याइनेछ ।जसका निम्नानुसारको रूपरेखा तय गरिएको छ ।

| | |
|---|---|
| (अ) **पहिलो परिच्छेद :** | शोधपरिचय |
| (आ) **दोस्रो परिच्छेद :** | विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्त्व र कृत्तित्त्व । |
| (इ) **तेस्रो परिच्छेद :** | उपन्यासको सैद्धान्तिक स्वरूप |
| (ई) **चौथो परिच्छेदः** | **हिटलर र यहूदी**' उपन्यासको कृतिपरक विश्लेषनात्मक विवेचना |
| (उ) **पाँचौ परिच्छेदः** | उपसंहार र निष्कर्ष । |

# दोस्रो परिच्छेद
# साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्त्व र कृतित्त्व

## २.१ जीवनी :

नेपाली साहित्य क्षेत्रका एक मूर्धन्य व्यक्तित्व विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं.१९७१ साल भाद्र २४ गते पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाका कोखबाट भारतको तीर्थनगरी बनारसमा भएको पाइन्छ । उनको न्वारनको नाम चूडामणि थियो र उनी राजनीतिमा वी.पी. कोइराला, साहित्यको क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला र परिवार तथा इष्टमित्र र साथीभाइहरूका बीच सानुदाजु वा सान्दाजुका नामले सुपरिचित भएका पाइन्छन् । उनी भारतको बनारसमा जन्मिएका र त्यहाँ श्री विश्वनाथ वावाको धाम भएकाले उनलाई विश्वनाथको प्रसाद ठानी उनका ठूला बुबा, पिता-माता तथा अरू सबैले विश्वनाथ वावाकै नामबाट उनको नाम विश्वेश्वर राखेका र त्यो नाम नै पछि गएर अमर बन्न पुगेको पाइन्छ । उनका पुर्खाहरू लमजुङ्गको कोइराला पाटाबाट उठी पूर्व २ नं. को दुम्जामा आइ बसोवास गरेका र पछि त्यहाँबाट पनि उनका बुबा हालको सिराहा जिल्लाको चन्द्रगञ्जमा आइ बसोवास गर्न थालेका र उनको घर त्यहीँ भएको उल्लेख पाइन्छ । विश्वेश्वरप्रसाद कोइरालाका पिता कृष्णप्रसाद कोइरालाले तीनवटा विवाह गरेका थिए । जसमध्ये पहिली धर्मपत्नीको सन्तानै नभइ पहिला नै मृत्यु भइसकेको पाइन्छ । दोस्री धर्मपत्नीका एक सुपुत्र मातृकाप्रसाद हुन् र उनी सबै भाइमध्ये जेठा थिए भने कृष्णप्रसादकी तेस्री पत्नी अथवा कान्छी धर्मपत्नी दिव्या

कोइरालाबाट पाँच भाइ छोरा जन्मिएका थिए । यसरी हेर्दाखेरि विश्वेश्वरप्रसाद कोइराला कान्छी आमापट्टिका जेठा सन्तान मानिन्छन् भने तीनवै आमाका सन्तानमा दोस्रो अथवा माइलो सन्तान मानिन्छन् । दिव्या कोइरालाबाट विश्वेश्वर, केशव, हरिहर, तारिणी, गिरिजा गरी पाँच भाइ छोरा र एउटी छोरी नलिनी जन्मिएका थिए ।

विश्वेश्वरप्रसाद कोइराला भारतको प्रवासमा जन्मिए पश्चात् माता-पितासँगै नेपाल भित्रिएता पनि समाज सुधारका लागि सुझाव दिएको अभियोगमा समाजसेवी कृष्णप्रसाद कोइरालालाई तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरद्वारा सर्वस्वसहित देश निकाला गरिएपछि पुनः आफ्ना पितासँगै चारवर्षको उमेरमा विश्वेश्वरप्रसाद कोइराला पनि भारतको वनारसमा निर्वासित जीवन बिताउन विवश हुनुपरेको थियो । उनको लेखपढ पनि त्यहीँ भएको पाइन्छ । कोइरालाले अनुशासन, इमान्दारी, सरलता र निःस्वार्थता जस्ता गुणहरू विद्यार्थी अवस्थादेखि नै ग्रहण गरेका थिए । आर्थिक दृष्टिकोणले केही कठिनाइ महसुस भए पनि घरपरिवार, साथीभाइ, गुरुवर्ग र राजनीतिक अभिभावकहरूबाट उनले अत्यन्त माया तथा आत्मीयता पाएका थिए । तसर्थ उनको बाल्यकाल सुखद नै रहेको थियो भन्ने पाइन्छ । उनले आफ्नो राजनीतिक जीवनको आरम्भ भने भारतको अंग्रेज-विरोधी अभियानमा सक्रिय भएर अग्रणी भूमिका निर्वाह कमले सुरु गरेको भनी उल्लेख पाइन्छ ।

विश्वेश्वरप्रसाद कोइराला बाल्यकालदेखि नै साहसी स्वभावका थिए । सभा-समारोहमा भाग लिने, नारा-जुलुसमा सम्मिलित हुने, पत्रपत्रिका पढ्न विशेष रूची राख्ने, विभिन्न प्रतियोगिताहरूमा सहभागी बन्ने र तर्कपूर्ण ढङ्गले आफ्ना कुरा प्रस्तुत गर्ने स्वभावले गर्दा साथीभाइका माझ उनी छिट्टै घुलमिल हुन सक्थे । यही स्वभावले गर्दा पनि उनलाई राजनीतिक क्षेत्रमा प्रवेश गर्न सजिलो भएको थियो । कोइराला राष्ट्रियता, प्रजातन्त्र र समाजवादका समन्वय कर्ता मानिन्छन् । विश्वको लागि जर्मनमा स्थापना भएको सोसलिष्ट पार्टीका कर्तामध्ये विश्वेश्वरप्रसाद

कोइराला एक हुन् र यसै धरातलमा उनको दर्शन विकसित भएको पाइन्छ । कोइराला मूलतः प्रजातान्त्रिक समाजवादका अग्रणी व्यक्ति मानिन्छन् । साहित्य र राजनीति दुवै क्षेत्रमा उनको नाम अमर छ । उनकै कथन अनुसार "म राजनीतिमा समाजवादी हुँ भने साहित्यमा अराजकतावादी हुँ" भनेको पाइन्छ ।(कोइराला:२०५८)

साहित्यतर्फको कुरा गर्दा उनले सुरुमा हिन्दी भाषामा कथा लेखेको पाइन्छ र त्यो कथा 'वहाँ' भन्ने शीर्षकमा (वि.सं.१९८७), 'हंस' भन्ने पत्रिकामा छापिएको पाइन्छ । नेपाली भाषामा भने वि.सं. १९९२ सालको 'शारदा' पत्रिकामा 'चन्द्रवदन' नामको कथा प्रकाशित भएपछि प्रवेश भएको पाइन्छ । उनले नेपाली कथाक्षेत्रमा मनोविज्ञानलाई प्रवेश गराएर साहित्य क्षेत्रमा नयाँ मोड दिएको इतिहासले बताउँछ । उनको यस कार्यलाई नेपाली कथाको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानिन्छ । उनका प्रमुख साहित्यिक कृतिहरूमा 'दोषी चश्मा'(२००६, कथासंग्रह), 'श्वेतभैरवी' (२०३९ कथासंग्रह), 'तीन घुम्ती'(२०२५, उपन्यास), 'नरेन्द्र दाइ' (२०२६,उपन्यास), 'सुम्निमा'(२०२७, उपन्यास), 'मोदिआइन'(२०३६,उपन्यास), 'हिटलर र यहूदी' (२०४०, उपन्यास), 'आफ्नो कथा'(२०४०,आत्मकथा) र 'बाबु-आमा र छोरा' (२०४५, उपन्यास) रहेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला अङ्ग्रेज विरोधी अभियानका क्रममा वि.सं. १९८७ मा पहिलो पटक वनारसमा जेल परेको कुरा इतिहासले दर्साउँछ । त्यतिखेर नेपालमा राणाहरूको जहानियाँ शासन थियो भने हिन्दुस्थानमा अंग्रेजहरूको उपनिवेशवादी शासन कायम भएको पाइन्छ । त्यसबेला दुवै देशका जनता मुक्तिको बाटो खोजिरहेका थिए । खासगरी भारतमा 'भारत छोडो' आन्दोलन तीव्र भएको थियो र त्यसमा सक्रिय भएका कारण उनी पटनामा दोस्रोपटक जेल परेका थिए भन्ने कुरा उल्लेख पाइन्छ । त्यहाँ तिनले हजारीबाग जेलमा करिब तीनवर्ष बिताएका थिए । त्यसै अवस्थामा उनका पिता कृष्णप्रसादको निधन भयो र कोइराला स्वयंलाई पनि केन्सरले समात्यो, तर संघर्षमय जीवन बिताउँदै उनी नेपालको राजनीतितर्फ अभिप्रेरित भइरहे भन्ने कुराको समेत उल्लेख पाइन्छ

। कोइराला साहित्यकार र राजनीतिज्ञ नेता मात्र थिएनन् । उनी समाजवादी दर्शनका प्रणेता र चिन्तक पनि थिए भनिन्छ । उनी मूलतः राजनीतिशास्त्र, अर्थशास्त्र र कानुनका विद्यार्थी थिए र उनले ती विषयमा बी.ए., बी.एल.उत्तीर्ण गरेका थिए ।

"जनताको राज्य स्थापित गर्नलाई जनताकै सहायता चाहिन्छ, कुनै वर्ग वा सम्प्रदायसँग हाम्रो शत्रुता कदापि छैन । नेपालमा बस्ने वा उसित कुनै प्रकारको सम्बन्ध हुने सबै व्यक्ति हाम्रा दाजुभाइ हुन् । सम्पूर्ण देशको परोपकार र उन्नति नै हाम्रा अभीष्ट लक्ष्य हो । सम्पूर्ण राष्ट्रको उन्नति र अभ्युदयमा नै हामी प्रयत्नशील बनेका हौँ ।" (कोइरालाः कक्षा-८ हाम्रो नेपाली किताब)

विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो औपचारिक भाषणमा नै यी माथि उल्लेखित उद्‌गार व्यक्त गरेको पाइन्छ । यसबाट राष्ट्रियता, प्रजातन्त्र र समाजवादप्रतिको उनको दृष्टिकोण केही हदसम्म बुझ्न सकिन्छ । उनी स्पष्ट राजनीतिक दर्शनका आधारमा नै नेपाल र नेपालीको हित हुने बाटो पहिल्याउन चाहन्थे । त्यसैकारणले राणा शासनका विरुद्ध क्रान्तिको आव्हान र त्यसप्रतिको जिम्मेबारी निर्वाह गर्न कोइराला सफल पनि भएको पाइन्छ । यसै पृष्ठभूमिमा वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय कांग्रेस (वनारस) र नेपाली प्रजातान्त्रिक कांग्रेस (कलकता) दुई समूहलाई मिलाएर नेपाली कांग्रेस पार्टीको स्थापना गर्न उनको अग्रणी भूमिका रहेको पाइन्छ। यसका अतिरिक्त २००४ सालमा मजदुर आन्दोलनका क्रममा विराटनगरमा भएको लामो अनशनमा बसेको कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ । यसरी पटक-पटकको जेलयातनासमेत उनले भोग्नुपरेको थियो, तर तिनै गतिविधि र सक्रियताका आधारमा २००७ सालको क्रान्ति सफल भई नेपालमा प्रजातन्त्र आयो र त्यसपछि तत्काल बनेको अन्तरिम सरकारमा विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री बनाइए ।

वैधानिक राज्यको स्थापना नै प्रजातन्त्र हो भन्ने विश्वेश्वरप्रसाद कोइराला २००७ सालदेखि २०१५ सालसम्म संविधान निर्माण र आमनिर्वाचनका निम्ति सक्रिय भएको पाइन्छ ।

त्यही सिलसिलामा वि.सं. २०१४ सालमा “भद्र अवज्ञा आन्दोलन” तथा “सत्याग्रह” गरी २०१५ साल फागुन १ गते नेपाल अधिराज्यको संविधान जारी गराउन र सोही सात गते आमनिर्वाचन सम्पन्न गराउन पनि उनी सफल देखिन्छन् । त्यस निर्वाचनबाट कोइराला नेपालको जननिर्वाचित सरकारको प्रथम प्रधानमन्त्री बन्न सफल भएको कुरा इतिहासले बताउँछ । तर वि.सं.२०१७ साल पुस १ मा महेन्द्रले सत्ता कु गरेको हुनाले संसदीय प्रजातन्त्र अवरुद्ध भयो र त्यसका लागि प्रजातन्त्रप्रेमी जनताले फेरि क्रान्तिको बाटो अपनाउनुपर्ने स्थिति आयो । पुनः उनले लामो समयसम्म जेलजीवन भोग्नुपर्‍यो र त्यही जेलजीवनभित्रैबाट साहित्यिक भावधाराहरूको मूल फुट्यो ।

नेपाल आमाका महान् सपूत र हरेक वर्गका जनताका मित्र विश्वेश्वरप्रसाद कोइरालाको मृत्यु २०३९ साल साउन ६ गते काठमाण्डौँमा भएको थियो । उनको निधनमा स्वदेश तथा विदेशका जनता एवम् राजनेताहरूले शोकाकुल हुँदै समवेदना व्यक्त गरेका थिए । यसरी युगनायकको अस्तबाट नेपालका एक सफल राजनीतिक चिन्तक, कुशल साहित्य-स्रष्टा तथा आत्मीय राजनेताको अवसान भएको अनुभव गरिएको थियो र अहिले पनि गरिदैछ, (कक्षा-८, हाम्रो नेपाली किताब) ।

त्यसैगरी कोइराला साहित्य क्षेत्रमा पनि आफ्नो जीवन र समाजमा देखेभोगेका कुराहरूलाई मनोवैज्ञानिक तरिकाले प्रस्तुत गर्नमा अत्यन्तै सफल साहित्यकारको रूपमा प्रसिद्ध रहेका पाइन्छन् ।

## २.२ व्यक्तित्त्व :

विश्वेश्वरप्रसाद कोइराला बाल्यावस्थामा त्यति दुब्लो नदेखिएता पनि अलि ठूलो हुँदै गएपछि अग्लो-पातलो कद, नाक केही लामो, वर्ण गोरो र लाम्चो मोहडाका थिए । उनी सानैदेखि तिक्ष्ण, लगनशील, साहसी र मिलनसार थिए भन्ने कुरा जीवनीमा पाइन्छ । कोइराला व्यक्ति एक भएतापनि दुई व्यक्तित्त्व भएका व्यक्ति मानिन्छन् र उनका यी दुई व्यक्तित्वलाई अलग-अलग

उल्लेख गर्न सान्दर्भिक ठानिएको छ । जस्तैः साहितियक व्यक्तित्त्व र राजनीतिक व्यक्तित्त्व ।

### २.२.१ साहित्यिक व्यक्तित्त्व :

नेपाली साहित्य क्षेत्रका एक मूर्धन्य व्यक्तित्त्व विश्वेश्वरप्रसाद कोइराला 'हुने विरुवाको चिल्लो पात' भने झैँ सानैदेखि पढाइमा रूची राख्ने, पत्रपत्रिका र विभिन्न लेखको अध्ययन गर्ने स्वभावका थिए । उनका यिनै स्वभावहरूले गर्दा नै कलिलै उमेरदेखि हिन्दी भाषामा 'उहाँ' (वि.सं.१९८७) नामको कथाबाट सुरु गरी क्रमशः 'पथिक' (ऐ.ऐ.), 'अपनी ही तरह' र 'भैयादाइ' (१९८८) हिन्दी कथा र 'चन्द्रवदन' (१९९२), विहा, शत्रु र सिपाही कथा, (कथाकुसुम ,( १९९५ कथासंग्रहमा प्रकाशित), 'दोषी चश्मा' (२००६ कथासंग्रह), 'श्वेतभैरवी' (२०३९ कथासंग्रह) कृतिका रूपमा देखिएका छन् । त्यसैगरी उनले उपन्यासहरू क्रमशः 'तीन घुम्ती' (२०२५), 'नरेन्द्रदाइ'(२०२६), 'सुम्निमा'(२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहूदी' (२०४०) तथा 'बाबु-आमा र छोरा' (२०४५) लेखी नेपाली उपन्यासको क्षेत्रमा नयाँ हलचल नै मच्चाएको पाइन्छ । त्यतिमात्रै नभएर कोइरालाले कविताहरू 'वसन्तमा' (२०२२), 'बगरको घोचो' (२०५०), 'टाढाको कल्पना' (२०५२), 'पोखरा' ( २०२५रचनाकाल, २०३९), 'कोशी' (२०२३ रचनाकाल, २०४७), 'छोरी र छाया' (कल्पना वर्ष ५ अंक ५/६), 'वर्षाले पोतेको दृश्य'( २०४३), 'बादल गोल-गोल, कोमल-कोमल' (२०३९), 'बारीको कुरो' (२०५६), 'विष्टा-पुष्प' (२०५६), 'नखिचिएको तस्वीर सुन्दर' ( २०२९), 'एक सन्धि एक सम्झौता' (२०२९) र एक हिन्दी कविता 'बम्बई के प्रति' (सन् १९३१) साथै विभिन्न लेख, निबन्ध र संस्मरणहरूः श्री ५ को दर्शन भेटका मेरा अनुभूतिहरू(२०४०), जवाहरलालनेहरुः एक सम्झना (जेल जर्नलः २८.५.६४, ३१.५.६४), पिताजी (सन् १९७१) मेरो जीवन कथा (२०११), शान्तिप्रिय द्विवेदीसँगका दिनहरू (२०४०), रेणु और मैं (सन् १९९९) कालीदासको लेखनका सम्बन्धमा (जेल जर्नल १३५-३८, १४५-१४६), बुद्धि र जेल (जेल जर्नल २०५४), आध्यात्मिकता र पशुवृत्ति

(जेल जर्नल २०५४), अन्तर्राष्ट्रिय जातिवाद(जेल जर्नल २०५४) , साहित्यमा प्रगतिशीलता(२०११), कला, कलाको दायित्व र मानव-जीवन (२०४०), धर्म, ईश्वर र नियति (राष्ट्रपुकार साप्ताहिक), जीवन शक्ति हिन्दी (२००२), प्रेमका व्यवहार हिन्दी (२०३९), आत्मवृत्तान्त (२०५५), फेरि सुन्दरी जल(२०६३) लेखेको पाइन्छ । यसरी साहित्यकार कोइरालाले आफ्ना साहित्यिक कृतिहरू मार्फत नेपाली साहित्य क्षेत्रमा ठूलो योगदान दिइ आफ्नो साहित्यिक व्यक्तित्त्वलाई सगरमाथाको उच्चाइतुल्य गतिदिन सफल भएको पाइन्छ ।

### २.२.१.१ कथाकार व्यक्तित्त्व :

कथाकार विश्वेश्वरप्रसाद कोइरालाको १५ वर्षे कलिलो उमेरमा वि.सं. १९८७ को हिन्दी कथा 'उहाँ' बाट साहित्यिक व्यक्तित्त्वको वीजाङ्कुरित भएको पाइन्छ । कथाकारले वि.सं.१९८७ मा उक्त कथा लेखनको थालनी गरी क्रमशः हिन्दी कथा 'पथिक' (१९८७), 'अपनी ही तरह र भैयादाइ'(१९८८) र त्यसैगरी नेपाली कथा 'चन्द्रवदन'(१९९२), बिहा, शत्रु र सिपाही (१९९५) मा सग्रहित, प्रेम र दुलही (१९९६), द्वन्द्व प्रेम (१९९७), मधेशतिर (१९९८), होड (२००३), दोषी चश्मा, हरिदत्त र महाराजको सवारी (२००५), प्रेम 'दोस्रो' (२००६), कर्नेलको घोडा, पवित्रा, कथा, पुस्तक, स्कुल मास्टर, सखी, स्वेटर, बौलाहा र रिक्सा तान्ने (२००६), श्वेतभैरवी, सान्नानी, राइटरबाजे, एकरात (२०१८-२०२० श्वेतभैरवी कथा संग्रह) सम्म पुगी कथा लेखनको अन्त्य २०२० तिर भएको पाइन्छ ।

प्रकाशन समयका दृष्टिले कथाकारको पहिलो हिन्दी कथा 'वहाँ'(१९८७) बाट सुरु भई नेपाली कथा श्वेतभैरवी (२०३९कथा संग्रह) सम्म कायम रहेको पाइन्छ । यिनका हालसम्म प्राप्त केही भिन्न र गौण प्रवृत्तिका कथाहरू देखिएता पनि खासगरी यिनले कथाका माध्यमबाट मानवीय मनोजगत्का रहस्यहरूलाई अभिव्यक्त गर्ने प्रयत्न गरेको पाइन्छ । मानव मनका चेतन र अवचेतन भावनालाई कथात्मक सूत्रमा बाँधेर स्पष्ट्याउनु उनको विशेषता हो

। तसर्थ आधुनिक कथामा सर्वप्रथम मनोवैज्ञानिक यथार्थवादी कथाको शुभारम्भ र विकास गर्नु कथाकार कोइरालाको कथालेखनको प्रमुख प्रवृत्ति हो । -शर्माः २०५०: ७८) ।

बाल्यकालदेखि नै हिन्दी कथा वहाँ (१९८७) बाट कथा लेखनमा उन्मुख भएका कोइरालाले बीस वर्षको उमेरतिर 'चन्द्रवदन' (१९९२) नामक नेपाली कथा प्रकाशित गरी नेपाली कथासाहित्यलाई एउटा नयाँ युगमा प्रवेश गराएको पाइन्छ । त्यो नयाँ भनेको मनोवैज्ञानिक युग हो र विश्वकथासाहित्यमा यसभन्दा धेरै पहिले यो प्रयोगमा आइसकेको भएतापनि नेपाली कथामा भने 'चन्द्रवदन'(१९९२) बाट मात्र प्रवेश गर्न मौका पाएकाले कोइराला नै नेपाली कथा विधाका पहिला मनोवैज्ञानिक कथाकार साबित भएका छन् । नेपाली कथा साहित्यलाई विश्वकथा साहित्यको हाराहारीमा पुऱ्याउने कथाकार कोइराला नै हुन् भनेर नामै सुन्न नचाहने विश्लेषक भनिनेहरू पनि हिजोआज आएर स्वीकार गर्न बाध्य भएका देखिन्छन् । कोइरालाका प्रथम चरणकै (१९८७-९५) १९९१ पछिको उपचरण अन्तर्गतको 'चन्द्रवदन' पहिलो कथा हो र ( कथाकुसुम १९९५ कथा संग्रह) मा संग्रहित कथाहरू विहा, शत्रु र सिपाही दोस्रो मानिन्छन् । पहिलो कथा 'चन्द्रवदन' मा फ्रायडवादी मनोविश्लेशणको राम्रो प्रयोग भएको पाइन्छ । उनका कथालेखनमा उच्चवर्ग भनिएका ठूला-ठालु वा सामन्त, मध्यवर्गका मास्टर, सरकारी जागिरे तथा निम्न वर्गका सिपाही, रिक्साचालक र नोकरनोकर्नी आदि विभिन्न वर्गका पात्रहरू संयोजित भएको पाइन्छ । कथाकारले आफ्ना कथाहरूमा रतिराग, यौन र यौनजनित कथावस्तुले जेलिएको गाँठोलाई मनोविश्लेषणात्मक रूपमा फुकाइदिने काम गरेकाछन् । जुन मूलतः फ्रायडवादमा आधारित भएका पाइन्छन् ।

जीवनको अतिसाधारण कुरा र समाजमा बेवास्ता गरिएका अतिशय साधारण घटनालाई टपक्क टिपेर कथाको विषयवस्तु बनाइ कथा लेख्न खप्पिस कोइरालाका कथाको भाषा अति साधारण भएर पनि प्रौढरूपले भाव व्यक्त भएको पाइन्छ । उनी मूलतः

संक्षिप्त, सूक्ष्म, सांकेतिक र प्रतीकात्मक शैलीका मनोविश्लेषणवादी कथाकार भएकाले यिनका कथाहरूमा प्रायः वातावरण वा स्थानीय रंगको उति प्रगाढ, विस्तृत र व्यापकता देखिदैन । कोइरालाका कथामा मानव-मनका विभिन्न तहमा हुने द्वन्द्वको राम्रो विश्लेषण भएको पाइन्छ । पात्रको आन्तरिक चरित्र-चित्रण गर्न र खास परिस्थितिमा मानिसले सामना गर्नुपर्ने सामान्य,जटिल परिस्थितिप्रतिको मानसिक प्रक्रियालाई देखाउन आन्तरिक द्वन्द्वलाई सर्वाधिक महत्त्व दिनु र पात्रका मानसिक संवेगहरूको गहिरो अध्ययन गर्नु कोइरालाका कथाको विशेषता हो ।

कथाकार कोइरालाले पात्रको वैयक्तिक चरित्र प्रस्तुतिका लागि मानसिक-विज्ञानको प्रयोग गर्नुका साथै पात्रको यौन अचेतनको गहिराइसम्म पुग्न मनोवैज्ञानिक कार्य पद्धतिको प्रयोग सफलताका साथ गरेको पाइन्छ र यी माथिका सन्दर्भहरू नै उनका कथागत प्रवृत्ति हुन् (शर्माः २०५०) ।

यिनै प्रवृत्तिका कारण कोइरालाका कथाले नेपाली साहित्यका सन्दर्भमा मात्र होइन विश्वकथाकै परिप्रेक्षमा पनि अग्रस्थान प्राप्त गर्न सफलता पाएको देखिन्छ । साधारण कुरालाई थपक्क टिपेर साधारण प्रकारले व्याख्या गर्दै मानसिक विश्लेषण गरेर सूक्ष्म र गुढ अध्ययन गर्ने गुण उनका कथामा विशेष रूपले दर्शिन पुगेको देखिन्छ ।

उनका कथा यौन मनोवैज्ञानिक तथा मनोवैज्ञानिक गरी दुई प्रकारका देखिन्छन् र उनले आफ्ना मनोवैज्ञानिक कथालेखनका लागि सामाजिक-सांस्कृतिक सन्दर्भ ग्रहण गरेता पनि उनी विशेष गरी मानव-मनका चेतन र अवचेतन भावनालाई स्पस्ट्याउने आख्यानकार भएको पाइन्छ । (ढकाल २०५६)

### २.२.१.२ औपन्यासिक व्यक्तित्त्व :

नेपाली साहित्य क्षेत्रका महत्वपूर्ण व्यक्तित्त्व महामानव विश्वेश्वरप्रसाद कोइराला प्रमुख रूपमा हेर्दा साहित्यिक र राजनैतिक व्यक्तित्त्वको रूपमा प्रसिद्ध भएता पनि साहित्यभित्र घुसेर

हेर्दा उनलाई कथा, कविता, लेख र उपन्यास आदि व्यक्तित्त्वका रूपमा स्वीकार्नुपर्ने हुन्छ ।

कोइरालाका दुई प्रमुख व्यक्तित्त्व साहित्यिक र राजनीतिकमध्ये पहिलो व्यक्तित्त्व अर्थात् साहित्यिक व्यक्तित्त्व खासगरी आख्यान साहित्यमध्येको उपन्यास विधामा उपन्यासकार कोइराला कसरी अग्रगम्य गतिमा पुगे र कहाँसम्म पुगी यस धर्तीलाई साहित्यिक न्यानोपन छोड्दै अस्त भएका छन् भन्ने कुरा बुझ्न हामीलाई यहाँ अति सान्दर्भिक देखिन्छ । वि.सं.१९७१ साल भदौ २४ गते जन्मेर वि.सं.२०३९ साल साउन ६ गतेका दिन दिवंगत भएका उपन्यासकार कोइरालाले **'हिटलर र यहूदी'** नामक उपन्यास आफूँ प्रधानमन्धी हुनुभन्दा पहिले र अन्य पाँच वटा उपन्यासहरु २०१७ साल पुस १ गते दुर्भावनापूर्ण राजनीतिक चालबाजीको शिकार भएर सुन्दरीजल बन्दीगृहमा जेल परेको समयमा लेखेका हुन् । यसरी लेखिएका कोइरालाका उपन्यासहरू प्रकाशनका आधारमा क्रमशः 'तीन घुम्ती'(२०२५), 'नरेन्द्रदाइ'(२०२६), 'सुम्नीमा'(२०२७), 'मोदिआइन'(२०३६), 'हिटलर र यहूदी'(२०४०) तथा 'बाबा-आमा र छोरा'(२०४५) क्रमशः प्रकाशित भएका पाइन्छन् । उनको औपन्यासिक यात्रा, लेखन समयका आधारमा २०१३-१४ सालतिरदेखि लिएर २०२५ सालसम्मको अवधि औपन्यासिक सेरोफेरो बनेको देखिन्छ भने प्रकाशनका आधारमा हेर्दा २०२५ देखि २०४५ सम्मको अवधि औपन्यासिक धरातल बनेको देखिन्छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक व्यक्तित्त्वको परिचय प्राप्त गर्ने सन्दर्भमा चर्चा गर्दा हामीले उनका यिनै माथि उल्लेखित छ वटा उपन्यासहरूको माध्यमबाट पूर्णता पाउन सक्तछौँ ।

कोइरालाका यी छ वटै उपन्यासहरू मूलतःविचारमूलक देखिन्छन् र यो कुरा उपन्यासकार स्वयंलेपनि व्यक्त गरेको कुरा हामी पाउन सक्तछौँ । उनकै भनाइमा "उपन्यासमा मैले कथा भन्न खोजेको छुइन विचार दिन चाहेको छु (कोइराला, २०४०:३४)।"

कोइरालाका उपन्यासहरूमा मनोविश्लेषणात्मक, अस्तित्त्वमूलक, मानवतावादी, नियतीवादी, समन्वयवादी जस्ता विचारहरूलाई केन्द्रविन्दु बनाएर प्रस्तुत गरेको पाइन्छ । कोइरालाको औपन्यासिक प्रस्तुतिको सैद्धान्तिक पृष्ठभूमि अस्तित्त्ववाद र फ्रायडवादमा अभिलक्षित बन्दै विकसित भएको देखिन्छ तापनि यिनका अतिरिक्त पूर्वीय र मौलिक चिन्तनका साथसाथै राजनैतिक र साहित्यिक व्यक्तित्त्वले समेत समन्वयात्मक रूपमा अहम् भूमिका खेलेको तथ्य यिनका उपन्यासहरूको अध्ययन- विश्लेषण गर्दा थाहा हुन्छ (ढकाल: २०५८)

उपन्यासकार कोइरालाद्वारा सामाजिक यथार्थतालाई पूर्ववर्ती उपन्यासकारहरूको जिम्मा लगाई परम्परागत रूढिग्रस्त मूल्य र मान्यताहरूलाई भताभुङ्ग पारेर नवीनतम सम्भावनाहरूको अन्वेषण गर्दै विश्लेषणात्मक रूपमा नेपाली उपन्यासजगत्लाई गतिशील बनाउँदै मनोविश्लेषण र अस्तित्त्ववादी विचारको एकै ठाउँमा सहजरूपमा प्रस्तुत गर्नु उनका औपन्यासिक विशेषता हुन् र फ्रान्सेली उपन्यासकारहरूबाट प्रभावित कोइरालाको सिद्धान्त अनुरुप मानव-मनका दमित यौन भावनालाई उदाङ्ग पारेर देखाउनुका साथै परम्परा रूढिग्रस्त सामाजिक मूल्य, मान्यता र अवस्थाहरूलाई समाप्त पारेर नार्य-अनार्यबीच मानवीय सम्पर्क स्थापित गर्नु र मानवीय भावनालाई स-सम्मान विचारपरक रूपमा विश्लेषण गर्नु उपन्यासकारका विषयवस्तु हुन् (ढकाल:२०५८)

उपन्यासकार कोइरालाका उपन्यासहरू वैचारिक आधारबाट हेर्दा मानवमूलक (मोदिआइन्, हिटलर र यहूदी), संस्कृतिमूलक ( सुम्निामा ) र नारीमूलक (तीन घुम्ती, नरेन्द्रदाइ, बाबु-आमा र छोरा ) देखिन्छन् । उपन्यासकार कोइराला कथाहरूमा जस्तै उपन्यासहरूमा पनि फ्रायडवादी यौन-सिद्धान्ततको प्रयोग गर्ने उपन्यासकारका रूपमा सुपरिचित छन् । उनका उपन्यासकारको अध्ययनबाट उनी घुमीफिरी यौनकै चर्चा गर्न पुगेको अनुभव हुन्छ । उपन्यासकारले नेपाली समाजमा आडम्बर र पाखण्डपूर्ण ढङ्गले

तिरस्कृत यौनलाई आफ्ना कृतिहरूमा केन्द्रीय तत्त्व स्वीकारेर एक महत्त्वपूर्ण सत्यको उद्घाटन गरेको पाइन्छ ।

### २.२.२ राजनैतिक व्यक्तित्त्व :

भारतको प्रवासमा जन्मेका वि.पी. कोइराला केही महिना वा वर्षमै पिता कृष्णप्रसादसँगै नेपाल भित्रिएका भएता पनि राजनीतिक प्रतिशोधका कारण श्री ३ चन्द्रशमशेरद्वारा कृष्णप्रसादलाई देश निकाला गरेको कारणले कोइराला पनि आफ्ना पितासँगै चारवर्षको उमेरमा पुनः भारतमा निर्वासित हुन बाध्य हुनुपरेको उल्लेख पाइन्छ । नेपाली राजनीतिक क्षेत्रका महान हस्ती विश्वेश्वरप्रसाद कोइराला, जति साहित्यको क्षेत्रमा चर्चित छन्, राजनीतिकको क्षेत्रमा पनि त्यतिकै परिचित र चर्चित व्यक्तित्त्व मानिन्छन् । कोइराला साहित्यको क्षेत्रमा विश्वेश्वरप्रसाद कोइराला र राजनीतिको क्षेत्रमा वि.पी.कोइरालाका नामले प्रसिद्ध छन् । कोइरालाको पढाइ-लेखाइ बनारसमै भएको पाइन्छ । उनी स्कूल तहको पढाइ-लेखाइ गर्दाखेरिदेखि नै विभिन्न कार्यक्रमहरूमा भाग लिने र नाराजुलुसहरूमा सम्मिलित हुने जस्ता कार्य गर्थे भन्ने पाइन्छ । कोइराला सानैदेखि जोशिला, साहसी र क्रान्तिकारी विचार बोकेको व्यक्तित्त्व भएको पाइन्छ । त्यसबेला भारतमा 'अंग्रेज छोडो' आन्दोलनले तीब्ररूपमा क्रान्ति छेडिरहेको थियो भने अर्कातिर नेपालमा नेपाली जनता १०४ वर्षे क्रूर जहानीया राणाशासनबाट मुक्ति प्राप्तिका लागि छट्पटाइरहेका थिए । कोइराला अंग्रेज विरोधी अभियानका क्रममा वि.सं.१९८७ मा पहिलोपल्ट बनारसमा जेल परे भने त्यसैक्रममा सन् १९४२ मा पटनामा दोस्रोपल्ट जेलपरेका थिए । त्यहाँको हजारीबाग जेलमा तीनवर्षको जेलजीवन व्यतित गरेका थिए भन्ने कुरा इतिहासले बताउँछ । यसरी सानै उमेरदेखि भारतको अंग्रेज विरोधी अभियानमा सक्रिय भएर राजनीतिमा प्रवेश गरेका कोइरालाले नेपाल फर्केर वि.सं.२००३ सालमा नेपाली कांग्रेस पार्टीको स्थापना उनकै नेतृत्त्वमा गर्न सफल भएको पाइन्छ । त्यसैबेला विराटनगरको जुटमिलको मजदूर र आन्दोलनलाई पनि कोइरालाले अगाडि बढाएका थिए । त्यस आन्दोलनको नेतृत्व

कोइराला स्वयंका कान्छा भाइ गिरिजाप्रसाद कोइराला गरेका थिए । त्यस आन्दोलनमा कम्युनिष्ट विचारधारा राख्ने मनमोहन अधिकारीले समेत समर्थन जनाएका थिए किनभने गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारी पनि त्यस मिलका कर्मचारी थिए र उनीहरू सबैजना त्यहाँका मजदूरमाथिको थिचोमिचोबाट असन्तुष्ट थिए भन्ने कुरा इतिहासले बताउँछ । त्यस समयमा समाजवादका अग्रणी विश्वेश्वरप्रसाद कोइराला भारतमै थिए । उनले त्यहीँ बसी-बसी नेपालको आन्दोलनलाई उत्कर्षतिर बढाइरहेका थिए भन्ने पाइन्छ । त्यसबेलाको राजनीतिक कारणले गर्दा राजा त्रिभुवन पनि भारतको दिल्लीमा थिए । त्यहाँ छँदा राजा र वि.पी.को पनि पटक-पटक भेटघाट भइरहन्थ्यो र नेपालको राजनीतिबारे राजा र प्रजासबै मिलेर निकास निकाल्ने जस्ता कुराहरू त्यहाँ भएका थिए भन्ने कुरा पाइन्छ । त्यसै अनुरुप नै भारतबाट त्रिभुवन र वि.पी. लगायत थुप्रै राजनेताहरू एकैदिन नेपाल फर्किएको कुरा इतिहासले बताउँछ । उनीहरू नेपाल आइसकेपछि वि.सं.२००७ सालमा राजा र जनताको प्रयासबाट १०४ वर्षे जहानीया राणाशासनको अन्त्य भइ प्रजातन्त्रको विजारोपण भयो । त्यसैबेलाको अन्तरिम सरकारमा वि.पी. कोइराला गृहमन्त्री बनेका थिए भनी इतिहासले देखाउँछ ( जीवन वृत्तान्त २०५६, पोखरेल)

वि.सं. २०११ सालमा त्रिभुवनको देहान्त भएपश्चात फेरि नेपालको राजनीतिक अवस्था खल्बलिन थाल्यो । वि.सं.१०१४ सालमा वि.पी. को नेतृत्त्वमा देशभरि 'भद्रअवज्ञा' आन्दोलनले छेड्यो भने अर्कातिर राजा महेन्द्र आफ्नै दाउपेचमा थिए । जसअनुसार वि.सं.२००१ साल पुस १ गतेका दिन राजा महेन्द्रले कलिलो प्रजातन्त्रलाई समाप्त पारी तानाशाही पञ्चायती व्यवस्था लादे र जनताका प्रिय तथा समाजवादी नेता जननायक वि.पी.कोइराला राजनैतिक पूर्वाग्रही दुर्घटनाको शिकार बनी आठ वर्षका लागि सुन्दरीजल बन्दीगृहमा बन्दी बनाइएको कुरा इतिहासमा उल्लेख पाइन्छ । यसरी आठ वर्षसम्मको बन्दी जीवनबाट मुक्त भएपछि उनी पुनः भारत निर्वासित भए । त्यहाँ

रहँदा पनि जनता तथा देशका खातिर कार्यहरू गरिनै रहे । केही वर्षको भारत निर्वासनपछि कोइराला फेरि २०३३ सालमा हवाइजहाजबाट नेपाल फर्किदै गर्दा नेपालको (काठमाण्डौँको) एयरपोर्टको गेटैबाट वि.पी. तथा उनका केही साथीहरूलाई समेत नेपालको तानाशाही सरकारले पक्राउ गरी पुनः सुन्दरीजल बन्दीगृहमा नै लगेर बन्दी बनायो । तर वीर र साहसी जननायक वि.पी. कोइरालाले कदापि पनि हिम्मत हारेनन् । उनले जेलमा बसेर पनि नेपाल र नेपाली जनताका लागि सदा लडिनै रहे र तीनवर्षपछि फेरि उनी जेलबाट मुक्त भएर देश र जनताका लागि संघर्षरत रहिनै रहे । देश र जनताका महान् राजनीतिक अभिभावक वि.पी.कोइरालाको केन्सर रोगको कारणले गर्दा वि.सं.२०३९ साल श्रावण ६ गतेका दिन असामयिक निधन भएको कुरा इतिहासमा उल्लेख पाइन्छ । यसरी निडर, साहसी तथा देश, जनता र प्रजातन्त्रका लागि आफैँ बन्दुक बोकेर शत्रुको प्रतिकार गर्ने प्यारा नेता गुमाउनु परेकोमा सारा देश, जनता र विश्वले नै स्तब्ध हुनुपरेको कुरा उल्लेख पाइन्छ । यस्ता राजनीकि क्षेत्रका जाज्वल्यमान ताराको अस्तले नेपालीले अपूरणीय क्षति बेहोर्नु परेको कुरा इतिहासले बताउँछ ।

## २.३ कृत्तित्त्व :

महान् साहित्यकार विश्वेश्रप्रसाद कोइराला बहुमुखी प्रतिभाशाली व्यक्तित्त्व हुन् । कतिपय मानिस आफ्नो प्रतिभालाई प्रदर्शन गर्दै एकभन्दा बढी क्षेत्रमा समान रूपले अग्रणी भूमिका निभाएको पाइन्छ । त्यही किसिमका भूमिका निभाउने मध्ये एक विश्वेश्वरप्रसाद कोइराला पनि हुन् । तिनै कमैमात्र मानिसहरूको नाम लिनुपर्दा नेपाली धर्तीमा महामानव विश्वेश्वरप्रसाद कोइरालाको नाम अग्रपंक्तिमा आउँछ । कोइराला जसरी राजनीतिक क्षेत्रमा प्रजातान्त्रिक समाजवादका प्रखर प्रणेताका रूपमा सुपरिचित छन् । त्यसरी नै नेपाली  साहित्यको क्षेत्रमा अथवा खासगरी नेपाली आख्यान साहित्यको क्षेत्रमा अग्रणी साहित्यकारको रूपमा प्रतिष्ठित बन्न सफल देखिन्छन् । कोइरालाले साहित्यका विभिन्न विधामा

हात हालेका भएता पनि उनको अन्य विधाका तुलनामा कथा र उपन्यासको क्षेत्रनै विशेष मौलाएको देखिन्छ । कोइरालाका कथा तथा उपन्यासमा मनोविज्ञानको सशक्तरूपमा प्रयोग भएको पाइन्छ ।

प्रसिद्ध कथाकार तथा उपन्यासकार कोइरालाले आफ्नो राजनीतिक र साहित्यिक यात्रालाई सँगसँगै अगाडि हाँक्ने क्रममा सर्वप्रथम १५ वर्षकै कलिलो उमेरमा हिन्दीमा लेखिएको 'वहाँ' (१९८७,हंस) नामक कथाबाट सुरुवात गरेको पाइन्छ । त्यसपछि १९९२ मा नेपालीमा 'चन्द्रवदन'(युगवाणी) नामको कथा लेखेर साहित्य लेखनलाई अगाडि बढाउने काम गरेको पाइन्छ । उनका प्रमुख साहित्यिक कृतिहरूको चर्चा तल उल्लेख गरिएको छ ;

**१. कथाकार व्यक्तित्त्व)**

**(क) चन्द्रवदन (१९९२) :**

कोइरालाको यो पहिलो कथा कृति हो । उनको यो नेपाली भाषामा लेखिएको पहिलो फ्रायडवादी कथा हो । पाश्चात्य साहित्यको प्रभावलाई ग्रहण गरेर नेपाली कथाको आधुनिक प्रवृत्तिलाई विस्तार गर्नु र सामाजिक संस्कार तथा मानवीय प्रवृत्तिका बीचको द्वन्द्वलाई देखाउनु नै यसको प्रमुख विशेषता र महत्त्व भएको पाइन्छ ।

**(ख) दोषी चश्मा (२००६, कथा संग्रह) :**

दोषी चश्मा कथा संग्रहको प्रकाशनले नेपाली कथा क्षेत्रमा नयाँ मनोवैज्ञानिक आयाम थपेको पाइन्छ । यस कथा संग्रहमा कोइरालाका सोह्रवटा कथाहरू संग्रहित भएका पाइन्छन् । उक्त कथा संग्रहमा संग्रहित सम्पूर्ण कथाहरूको अथवा एउटा सिङ्गो दोषी चश्मा कथा संग्रहको अध्ययन गरेर हेर्दा समाजका विभिन्न विसंगतिहरूलाई उजागर गरी दर्साउने काम भएको पाइन्छ । बालविवाहबाट विभिन्न घटना घटेको देखाउनु, अचेतनको खोज गरी मानसिक कमजोरीहरूको सशक्त रूपमा रहस्योद्घाटन गर्नु, चाकरीवाजको दयनीय अवस्थालाई देखाउनु, बाँच्नका लागि यौनकुण्ठा नभई यौनतृप्तिको अपरिहार्यता देखाउनु, आर्थिक

विपन्नताले मानव जीवन अस्तित्वविहीन बन्न पुगेका कुरालाई पस्ट्याउनु, मानसिक तन्तुहरूलाई सूक्ष्मातिसूक्ष्म तरीकाले केलाइनु, मनोविश्लेषणबाटै सामाजिक परिवेशलाई देखाउनु नै यस कथा संग्रहको अथवा यस कथा संग्रहमा संग्रहित कथाहरूका विशेषता पाइन्छन् ।

(ग) **श्वेतभैरवी (२०३९, कथा संग्रह)** :

कथाकार कोइरालाका कथाहरू संग्रहित रहेको यो दोस्रो र उत्कृष्ट कथा संग्रह हो । यसमा कोइरालाका श्वेतभैरवी, सान्नानी, राइटरबाजे र एकरात गरी चारवटा कथाहरू संग्रहित भएका पाइन्छन् । कोइरालाको उक्त कथा संग्रह अथवा माथि प्रस्तुत चारवटै कथाहरूमा गाउँ र सहरको विभेद देखाउनु, बालसुलभ जिज्ञासा र उत्सुकताभित्र यौनभावनाले गरिरहेको कुरालाई देखाइनु, नारीको जीवनभित्र दमित अन्तर्मनका कुण्ठाहरूलाई मनोवैज्ञानिक यथार्थता प्रस्तुत गर्नु, नारीहरूको अन्तर मनलाई केलाउन सक्नु, हिन्दू धर्म र नेपाली संस्कृतिको सफल चित्रण गर्नु जस्ता प्रमुख विशेषता रहेको पाइन्छन्।

२. **उपन्यासकार व्यक्तित्त्व** :

(अ) **तीन घुम्ती** (२०२५) :

प्रस्तुत उपन्यास कोइराला राजनीतिक कारणबाट बन्दीगृहमा रहँदाको समयमा लेखिएको नारी समस्यामा आधारित र पहिलो उपन्यास हो । यस उपन्यासमा जीवनलाई यात्राको रूप दिएर नारी जीवनलाई गहिरो अन्तर्द्वन्द्वयुक्त सागरसँग तुलना गरिएको पाइन्छ । मातृत्त्वको पूर्णता विना नारी जीवन अधुरै रहन्छ भन्ने दर्साउँदै नारी मनको विश्लेषण गर्नु र अस्तित्त्ववादलाई अँगाल्नु यसका विशेषता पाइन्छन् । सरल भाषाशैलीमा उपन्यास लेखिएको हुनु, प्रमुखपात्र इन्द्रमायाको चरित्रको सामान्य किसिमले चित्रित गरिनु पनि यस उपन्यासको औपन्यासिक विशेषता रहेको पाइन्छ ।

(आ) **नरेन्द्रदाइ** (२०२६) :

यो उपन्यास नारीमूलक उपन्यास मानिन्छ । शारीरिक र आत्मिकप्रेमका प्रतीक नरेन्द्र, मुनरीया र गौरीका माध्यमबाट त्रिकोणात्मक प्रेमको अभिव्यक्त गर्ने क्रममा नियति र परिस्थितिको चक्रमा पिसिएका पात्रहरू प्रस्तुत गर्दै अस्तित्त्ववादी विचार र नियतिवादी विचारको आफ्नै मौलिक भाव भूमिमा प्रयोग गरिनु यस उपन्यासको विशेषता देखिन्छ । त्यसैगरी मानव जीवन भनेको असंगत, निरर्थक, निरुपाय (उपायहीन), विसंगतै विसंगतिसहितको नियतिको दुष्चक्रमा च्यापिएको छ भन्ने वस्तुतथ्यलाई कलात्मक शैलीमा प्रस्तुत गर्नु यस उपन्यासको दोस्रो प्रमुख विशेषता भएको पाइन्छ ।

(इ) **सुम्निमा**(२०२७) :

सुम्निमा उपन्यास संस्कृतिमूलक उपन्यास मानिन्छ । यो अध्यात्मवाद र भौतिकवादको गहन दार्शनिक पक्षमा आधारित भएको पाइन्छ । नेपाली-नेपालीबीच सांस्कृतिक सहभाव जगाउँदै यथार्थबोध गराउनुका साथै अध्यात्मवाद र भौतिकवादको समुचित समन्वयमा समस्त मानवजातिको उन्नति तथा प्रगति हुनसक्ने तथ्यलाई देखाउनु यस उपन्यासको उद्देश्य देखिन्छ । नेपाली जनजीवन तथा नेपाली संस्कृति,आर्य र किराँतीहरूको आपसी सद्भावपूर्ण संमिश्रणबाट जन्मिएको हो भन्ने देखाउनु नै उपन्यासकार कोइराला र उनको उक्त उपन्यासको विशेषता भएको पाइन्छ ।

(ई) **मोदिआइन**(२०३६) :

यो उपन्यास कोइरालाको जेलजीवनमा लेखिएको चौथो र गीतादर्शनमा आधारित मानवमूलक उपन्यास मानिन्छ । प्रस्तुत उपन्यास फाइडवादको सिद्धान्तमा आधारित भुइ रचना गरिएको पाइन्छ । उपन्यासमा सबै नारीको मनोदशालाई एकै ठाउँमा राखेर हेराउनु, मानवीय मूल्य, आदर्श र अस्तित्त्वको स्थापना गर्ने सन्देश दिनु, नारीनै सृष्टिचक्रकी सञ्चालिका र संरक्षिका हुन् भन्ने देखाउनु यसका विशेषता पाइन्छन् । त्यसैगरी माानिसले आफ्नो हैसियत

बिर्सिदिँदा मानव अस्तित्त्वनै खतरामा पर्नसक्ने भएकाले आफूलाई मानिसकै हैसियतमा राख्दै अर्काको अस्तित्त्वको समेत ख्याल राख्नुपर्ने जस्ता विशेषता पनि यस उपन्यासमा पाइन्छन् ।

(उ) **हिटलर र यहूदी** (२०४०) :

मनोविश्लेषणात्मक तरीकाले मानवताका पक्षमा वकालत गरिएको उपन्यासकार कोइरालाको प्रस्तुत हिटलर र यहूदी उपन्यास मानवमूलक उपन्यास मानिन्छ । उक्त उपन्यास उनी राजनीतिक कारणबाट बन्दी हुनुभन्दा पहिलानै लेखिएको उल्लेख पाइन्छ । (ढकाल:२०५८)

यस यसन्यासमा विभिन्न दर्शनहरूको प्रस्तुति, स्वच्छन्द यौनाचारका कुराहरूका साथै द्वितीय विश्वयुद्धद्वारा संत्रस्त मानवजीवनको यथार्थता प्रस्तुत गर्दै मानवतावादी विचार प्रस्तुत गर्नु उक्त उपन्यासको विशेषता रहेको पाइन्छ । त्यसैगरी उपन्यासमा पूर्वीय र पाश्चात्य चिन्तनको संगम गराइ मार्क्सवादी, अस्तित्त्ववादी, अध्यात्मवादी, भोगवादी आदि दार्शनिक विषयहरूलाई देखाउँदै धार्मिक-सांस्कृतिक द्वन्द्वको अन्त्य गर्न र मानवनियतिको सेरोफेरोमा मानवीय सहानुभूति प्रकट गर्दै हिटलर र यहूदीको प्रसङ्ग देखाइ मानिसलाई विध्वंसक नभइ असल बन्ने प्रेरणा प्रदान गर्नु उपन्यासकार कोइराला प्रस्तुत उपन्यासको दोस्रो प्रमुख विशेषता भएको पाइन्छ ।

(ऊ) **बाबु-आमा र छोरा** (२०४५) :

उपन्यासकार कोइरालाको प्रस्तुत उपन्यास तीनघुम्ती र नरेन्द्रदाइ जस्तै नारीमूलक उपन्यास भएको पाइन्छ । यसमा मानवजीवन अर्थविहीन, असंगत र विश्रृङ्खलित छ भन्ने देखाउनुका साथै जसरी पनि जिउनु नै पर्ने नारी जातिको बाध्यात्मक परिस्थितिको यथार्थतालाई दर्साएको पाइन्छ । नारी-समस्यालाई देखाइ नारीजीवनका कहाली लाग्दा उकाली-ओरालीलाई काटेर अन्त्यमा प्रेमलाई नै अन्तिम सहारा मान्दै कुनै एक पुरुषको सहारामा सफल गृहिणी बन्नुपर्ने यथार्थतालाई यसमा देखाइएको पाइन्छ । नारी मनका ग्रन्थिहरूलाई एक-एक गरी फुकाएर अन्त्यमा

एउटा समझदारीमा टुङ्ग्याइनु र नारीत्त्वको सार्थकता मातृत्त्वमा पुगेर पूरा हुन्छ भन्ने देखाउनु नै प्रस्तुत उपन्यासको विशेषता पाइन्छ ।

**२.४ निष्कर्ष :**

नेपाली राजनीतिक तथा साहित्य क्षेत्रका एक सशक्त व्यक्तित्त्वको रूपमा प्रसिद्ध महामानव विश्वेश्वरप्रसाद कोइरालाले यस धर्तीमा अति नै महत्त्वपूर्ण योगदान दिएर गएको कुरामा इतिहासहरू साक्षी छन् । कोइरालाले राजनीतिको क्षेत्रमा जति प्रसिद्धि प्राप्त गरेका छन्, साहित्यको क्षेत्रमा पनि त्यतिकै प्राप्त गरेको पाइन्छ । राजनीति र साहित्यको संगमको रूपमा स्थापित कोइरालाको राजनीतिभन्दा पहिला साहित्यिक बीजको अङ्कुरण भएको पाइन्छ । साहित्यभन्दा राजनीति पछि अङ्कुरित भएको भएता पनि साहित्यको क्षेत्रमा भन्दा राजनीतिक क्षेत्रमा नै उनले बढी प्रसिद्धि प्राप्त गरेका कुरा इतिहासहरूले बताउँछन् ।

मनोवैज्ञानिक कथास्रष्टाको रूपमा स्थापित कोइरालाले बाल्यकालदेखि नै कथा सृजनालाई अगाडि बढाउने काम गरेको देखिन्छ । उनको पहिलो नेपाली कथा चन्द्रवदन (१९९२) ले नेपाली कथा साहित्यको क्षेत्रमा नवीनता भित्र्याइ ठूलो हलचल मच्चाएको पाइन्छ । त्यसपछिका दिनमा उनको दोषीचश्मा (२००६,क.संग्रह), श्वेतभैरवी (२०३९,क.संग्रह) जस्ता उत्कृष्ट कथा संग्रह र त्यसभित्र संग्रहित कथाहरूले नेपाली कथा साहित्यको क्षेत्रमा अरू नौलो आयाम थपिएको पाइन्छ ।

कथाको क्षेत्रमा जस्तै गरी उपन्यासको क्षेत्रमा पनि मनोवैज्ञानिकतालाई आत्मसाथ गर्दै तथा यस प्रवृत्तिलाई अझ बढी परिष्कृत र सशक्त बनाउँदै अगाडि बढाएको पाइन्छ । उनले तीनघुम्ती, नरेन्द्रदाइ, सुम्निमा , मोदिआइन, हिटलर र यहूदी, बाबु-आमा र छोराजस्ता उत्कृष्ट उपन्यास लेखेर नेपाली उपन्यास साहित्यको क्षेत्रमा मात्रै नभएर पूरै नेपाली साहित्यको क्षेत्रलाई समृद्धशाली बनाएको पाइन्छ ।

यसरी राजनीति र साहित्यको क्षेत्रमा सँगसँगै देश तथा विदेशमा चर्चित बन्न सफल भएका कोइराला आजीवन नेपाल र नेपालीहरूका लागि समर्पित भइ साहित्यको माध्यमबाट समाजका कुरीति, कुकृति र विसंगति आदि जस्ता कुराहरू शब्द चित्रमा उतार्न सफल भएको पाइन्छ ।

# तेस्रो परिच्छेद
# उपन्यासको सैद्धान्तिक स्वरूप

## ३.१ उपन्यासको परिचय :

संस्कृत एवम् अंग्रेजी साहित्यमा उपन्यासको अवधारणा पहिलेदेखि रहेको पाइन्छ । साहित्य दर्पणमा "उपन्यासःप्रसादनम्" (विश्वनाथ, साहित्य दर्पण, संस्करण १९९८ ई.सं.) भनेर संस्कृत साहित्यमा उपन्यासलाई उसको विधागत सिद्धान्त जन्मिनुभन्दा पहिले नै उपन्यास शब्दको प्रयोग भएको पाइन्छ । अमरकोशमा "उपन्यासस्तु वाङ्मुखम्" (वाणा, अमरकोशः पेज ६६, सन् २००३, संस्करण पहिलो) भनिएको छ भने संस्कृतका महाकवि कालिदासले 'आत्मन उपन्यास पूर्वम्' (कालिदास, अभिनव शाकुन्तलम्, संस्करण सन् १९८५) भनेर उपन्यास शब्दका विभिन्न तात्पर्यमूलक अर्थ गर्दा यस शब्दको प्रयोग गरेको पाइन्छ । उपन्यासको सैद्धान्तिक अवधारणाका दृष्टिले हेर्दा पाश्चात्य साहित्यमा नै यसको अध्ययनको र प्रयोगको थालनी भएको पाइन्छ । त्यसैले यसको स्रोत मूलतः पाश्चात्य साहित्यमै खोजिनुपर्दछ ।

उपन्यास आख्यान साहित्य हो । पाश्चात्य साहित्यमा 'उपन्यास' लाई फिक्सन (Fiction) भनिन्छ । "नघटेका कुराहरूको गद्यात्मक लेखाइ नै आख्यान हो, तर हिजोआज फिक्सन (Fiction) को अर्थ 'निर्माण गरिएको कथाका' रुपमा प्रचलित छ र यसले असीमित क्षेत्र समेट्न सक्ने भएको हुँदा ईसाइहरुको धार्मिक ग्रन्थ 'बाइबल' र 'मिल्टन' को 'प्याराडाइज लस्ट' लाई पनि फिक्सन भनिन्छ । व्यापक अर्थमा उपन्यास शब्दले गद्य र पद्य दुवै प्रकारका साहित्यिक र वर्णनात्मक कथालाई बुझाउँथ्यो भने हाल आएर गद्यमा लेखिएका वर्णनहरुलाई मात्र बुझाउँछ । जस अन्तर्गत

कथा र उपन्यासमात्र उपन्यासभित्र राखेको पाइन्छ । अरु पद्यात्मक साहित्य आख्यानबाट अलगिएको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने 'उपन्यास' आख्यानकै एक वृहत रुप हो र प्रबन्धात्मक कला भएको आनन्दित पार्ने र शिक्षा प्रदान गर्ने एक विधा विशेष नै उपन्यास हो । (प्रधान, २०४२)

साहित्य समाजको ऐना हो भन्ने कथनलाई सबैभन्दा बढी उपन्यासले प्रमाणित गर्छ त्यति अरु कुनै साहित्यिक विधाले गर्न सक्दैन । निष्कर्षमा भन्नुपर्दा घटना, दृश्य, स्थान, चरित्र, उद्देश्य, आदि उपन्यासका महत्वपूर्ण अङ्गहरुको संयोजनबाट परिपूर्ण, मनोरञ्जनात्मकता, व्यापक परिवेश, बन्धनहीनता, जीवन र जगत्को निकटतम, बढी यथार्थ, प्रगतिधर्मी सम्भावनाले गर्दा सधैँ नवीन, अतिगहन र सूक्ष्म, चिन्तनयुक्त साहित्यिक विधा नै उपन्यासहो । (वर्ड इन्साइलोपिडिया, भोलुम १३)

### ३.१.१.उपन्यासको व्युत्पत्तिगत अर्थ :

संस्कृत भाषाको तत्सम शब्द 'उपन्यास' हो । उपन्यास आज अंग्रेजी भाषाको नोभेल (Novel) शब्दको पर्यायवाची बनेको छ । तसर्थ, 'उपन्यास' शब्दको व्युत्पतिगत अर्थ स्पष्ट गर्न संस्कृत र अंग्रेजी भाषा साहित्यमा यसको के कस्तो प्रयोग पाइन्छ त्यसलाई हेर्नुपर्ने हुन्छ । उपन्यासको व्युत्पतिगत अर्थ बुझ्न पूर्वीय र पाश्चात्य साहित्यमा प्रयुक्त धारणाहरुलाई छुट्टाछुट्टै राखी अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ३.१.१.१ पूर्वीय मान्यता अनुसार उपन्यासको व्युत्पतिगत अर्थ :

'उपन्यास' शब्द तत्सम शब्द हो (उप+नि+अस्+घञ्) अर्थात् 'अस्' धातुमा उप, नि, उपसर्ग र घञ् प्रत्यय जोडिएर 'उपन्यास' शब्दको निर्माण भएको पाइन्छ । यण् सन्धि भइ उप+न्यासको योगबाट बनेको यो शब्दमा 'उप' को अर्थ नजिक र 'न्यास' को अर्थ राख्नु भन्ने हुनआउँछ । (प्रधान, पूर्ववत् पृ.२) नजिक राख्न भन्ने शाब्दिक अर्थका साथै फ्याँक्न, दोस्रो नासो जस्ता अर्थ पनि गरिएको पाइन्छ । यो उपन्यासको संरचना र व्युत्पादनको सामान्य अर्थ हो । माथिकै व्युत्पतिगत अर्थले मात्र उपन्यासको अर्थ

स्पष्ट हुँदैन । उपन्यासको व्युत्पति सम्बन्धमा विभिन्न विद्वानहरुले प्रकट गरेका धारणाहरुलाई यहाँ समेटिएको छ । (तिवारी, वृहत पर्यायवाचीकोश ) ।

पूर्वीय साहित्यमा उपन्यासको अर्थ प्रसन्न गराउनु हो । उप( असीम) न्यास (राख्नु) अर्थात युक्तियुक्त कलात्मक ढङ्गले कुनै वस्तुलाई गद्यमा सरस बनाएर राख्नु उपन्यासको प्रायोगिक स्वरुप हो ।

संस्कृत साहित्यमा 'उपन्यास' लाई विभिन्न अर्थमा प्रयोग गरिएको छ । भरतमुनिले कुनै अर्थलाई युक्तियुक्त रुपमा प्रस्तुत गरिने नाटकको प्रतिमुख सन्धिको एउटा उपभेदका रुपमा लिएका छन् । (प्रधान ) । 'अमरकोश' मा उपन्यासलाई वाङ्मयको रुपमा प्रयोग गरिएको पाइन्छ । काव्यलङ्कारमा विन्यास तथा स्थापना, काव्य दर्पणमा स्थापना वा ज्ञापन, महाभाष्यमा कथन, किरातार्जुनीयमा उदाहरण र अभिज्ञान शकुन्तलम्मा कल्पित कथनको अर्थमा प्रयोग गरिएको छ । औपन्यासिक प्रयोगका दृष्टिले आधुनिक उपन्यासको शास्त्रीयरूपमा प्रतिष्ठापन नभइञ्जेलसम्म पूर्वीय साहित्यमा उपन्यास एक प्रकारको घटना र विषयवस्तुको नियोजन भएको अनुभव हुन्छ ।

यसरी पूर्वीय साहित्यमा 'उपन्यास' शब्दको जे जस्तो अर्थ र प्रयोग पाइन्छ त्यसबाट शाब्दिक र आर्थिक एक रुपता नभएको स्पष्ट हुन्छ । साहित्यको विधा विशेषको रूपमा पूर्वीय साहित्यमा अर्थ गरेको पाइँदैन । यसबाट के कुरा स्पष्ट हुन्छ भने आजको उपन्यासको अर्थलाई हिजोका परिभाषाले सम्वरण गर्न सकेको पाइँदैन । (बराल र एटम २०५१ प्रकाशित) । उपन्यासले आज गद्यसाहित्यको एउटा छुट्टै विधालाई बुझाएको पाइन्छ । (बराल र एटम, २०५१)

**३.१.१.२ पाश्चात्य मान्यतामा उपन्यासको व्युत्पतिगत अर्थ :**

नेपालीमा प्रचलित संस्कृत भाषाको 'उपन्यास' शब्दलाई चिनाउन अंग्रेजीमा (Novel) नोवेल शब्द प्रचलित छ । अंग्रेजीमा प्रयोग हुने (Novel) नोवेल शब्द ग्रीसेली भाषामा (Noves)

नोभेस, इटालीमा (Novella) नोवेला उच्चारण गरिन्थ्यो । इटालीको नोवेला शब्दको अर्थ काल्पिनक लघुकथा भनेको पाइन्छ । त्यही नोवेला शब्द फ्रान्समा आइपुगेपछि (Novelle) नोभेले भयो र यसको अर्थ कथा हुन आयो । जसअनुसार अचेल देखिने उपन्यासअनुसार जीवन र जगत्का घटनाहरू बटुलेर प्रचलित भाषामा लेखिएको चरित्र र घटनाहरुको सङकलन भन्ने भाव व्यक्त हुनआउँछ ।

'उपन्यास' लाई अंग्रेजी शब्द नोवेल(Novel) को पर्यायवाची अर्थमा लिइन्छ । अंग्रेजीको नोवेल (Novel) को अर्थ खोज्नु आवश्यक हुन्छ । इटालीको नोवेला (Novella) बाट बनेको नोवेल(Novel) को अर्थ अलिकति नयाँ वस्तु भन्ने हुन्छ । यस्तै केही मात्रामा यथार्थको प्रयोग गरिएका रमाइला छोटा गद्य रचनालाई इटालीमा नोवेला (Novella) भनिन्थ्यो भने फ्रान्समा पनि सोही प्रकारका रचनालाई नोवेल (Novelle) भनिन्थ्यो । इटालेली नोवेला (Novella) हरु गद्याख्यानका केही रुपसहित आएका रचनाहरु थिए जसलाई रोमान्स (Romance) स्वच्छन्द कल्पना प्रयोग भएका आख्यान रचनाको रुपमा लिइन्थ्यो । ( विलियम एच ह्यारिस एण्ड, जुडिथ एच.मीले द न्यू कोलम्बिया इनीइक्लोपिडिया (फोर्थ एडिसन) ।

साहित्यिक पुनर्जागरणकालीन केही इटालेली, केही यथार्थ र केही ठट्यौलीपना भएका नयाँ किसिमका छोटा पद्य रचनाहरुलाई पनि नेवेल भनिएको पाइन्छ ।

आख्यानका आदि पुर्खाका रुपमा जापानी लेखक मुरासाकी सिकिबुको 'गेन्जीको कथा' दशौं शताब्दिको अन्त्यतिरको रचनालाई पनि नोवेल नाम दिइएको छ ।

गियोवानी बोकासियोको 'डेकामोराँ' (Decameron) का संकलित कथाहरुलाई पनि नोवेली वा नोवेल (Novel) भनिएको छ ।

सन् १७१९ मा 'डयानियल डिफोले 'रविन्सन क्रूशो' र सन् १९२२ मा मोल फल्यान्डर्स नामक दुई औपन्यासिक कृतिहरु लेखेपछि नै पाश्चात्य साहित्यमा उपन्यासको जग बसेको पाइन्छ। (बराल र एटम,पूर्ववत्) । यिनका उपन्यासमा यथार्थपरक कल्पना सम्पूर्ण वर्णन शक्ति र समकालीन जीवनको रुचि भएकाले यिनका कृतिलाई उपन्यासको जगको रुपमा लिइएको हो ।

यसरी पाश्चात्य साहित्यमा नोवेल (Novel) शब्दले हिजोआज प्रसिद्धि पाएपनि अंग्रेजीमा यसलाई 'फिक्सन' (Fiction) को प्रयोग उपन्यासकै लागि अत्याधिक रुपमा प्रयोग गरिएको पाइन्छ ।

### ३.१.२ उपन्यासका परिभाषाहरु : अरुको

पूर्वीय साहित्यमा उपन्यासको व्युत्पतिगत अर्थ कुनै वस्तुलाई नजिक राख्नु 'ज्ञापन', 'उदाहरण', 'अरूको नासो' आदि गरियो भने पाश्चात्य साहित्यमा त्यसको 'नयाँ समाचार' 'अलिकति नयाँ वस्तु' आदि जस्ता अर्थ गरियो । नेपाली साहित्यमा पूर्वीय शब्दले जनाउने र पाश्चात्य साहित्यको एक लोकप्रिय विधालाई बुझाउने उपन्यासका बारेमा पूर्वीय र पाश्चात्य दुवै साहित्यमा अनुसन्धान धेरै पहिलेदेखि नै सुरु भएको हो । यस क्रममा दुवैतिरका साहित्यकार एवं समालोचकहरुले उपन्यासका बारेमा आ-आफ्ना विचारहरुका माध्यमबाट परिभाषित गर्ने कार्य थालेको पाइन्छ । उपन्यास बारे विद्वानहरुका भिन्ना भिन्नै परिभाषाहरु पाइन्छन् ।

एम.फोस्टरले विविध संस्कारद्वारा पीडित मानव जातिको प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो भन्दै यस्तो परिभाषा गरेका छन्: 'हालको जटिल एवं संकटग्रस्त सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक आदि संस्कारद्वारा पीडित मानव जातिको एउटा प्रतिनिधिमूलक अभिव्यक्ति नै उपन्यास हो । यस परिभाषामा विभिन्न संस्कारमा हुर्के बढेका व्यक्तिहरुको प्रतिनिधिमूलक अनुभवलाई समेटिएको कृतिलाई उपन्यास भनिएको छ । (द अमेरिकन हेरिटेज डिक्सनरी, सेकेण्ड कलेज एडिसन, (हयुटर मिफलिज कम्पनी बोस्टन, १९७६, पृ.८५० ) ।

“आवश्यक लम्बाइमा फैलिएको र सर्लक्क परेको, उपयुक्त कथा भएको, पात्रहरुको कार्य, कथन र विचारहरुद्वारा सजाइएको गद्य आख्यानमा वर्णन गरिएको कृति विशेषलाई उपन्यास भनिन्छ।''

“उपन्यासको रुचि र अस्तित्व जहाँ पनि नारी र पुरुषका जीवनका साथै मानवीय कार्य र भावनाको भव्यचित्रण गर्नमा रहेको हुन्छ ।” हड्सनको उपर्युक्त परिभाषाले उपन्यासको स्वरूप र संरचनाबारे स्पष्ट नगरे पनि जीवनको कार्य र भावनाको चित्रण हुने कुरालाई भने संकेत गरेको छ ।

“प्रायः लघु-कथाभन्दा लामा काल्पनिक चरित्र एवं अभिव्यक्तिको चित्रण गर्ने वर्णनात्मक गद्यमा वर्णन गरिएको विधालाई उपन्यास भनिन्छ ।” यस परिभाषाले उपन्यासको आकार र कथनलाई जोड दिएको पाइन्छ । (डी.एच.लरेन्स, वाइ द नोवेल मेटर्स,२०५८) ।

“उपन्यासले मानव जीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले उसको महत्ता अन्य कला र साहित्यभन्दा स्वभाविक रुपले बढी छ ।” लरेन्सको यो परिभाषाले उपन्यासलाई साहित्यका अन्य विधाहरूभन्दा भिन्न जीवनको पूर्ण अध्ययनको साहित्यिक विषय मानेको देखिन्छ ।''

“लेखकद्वारा घटाइएका र पात्र तथा घटनाहरूका बारेमा लेखिएका लामा कथालाई उपन्यास भनिन्छ ।'' भन्ने परिभाषाले उपन्यासको विषयवस्तु काल्पनिक हुने र पात्र तथा घटनाको तारतम्य रहने कुराको संकेत गरेको पाइन्छ । (सुवेदी, २०५७) ।

यस्तै विभिन्न इन्साइक्लोपेडियाहरुमा उपन्यासबारे परिभाषा गरिएको छ - “गद्यमा लेखिएको आख्यानात्मक लामो कथालाई उपन्यास भनिन्छ र यो साहित्यका अन्य विधाहरूभन्दा धेरै लोकप्रिय बनेको छ । ” यस परिभाषामा गद्यमा लेखिएको आख्यात्मक लामा कथालाई उपन्यास भनिएको छ ।

वर्ल्ड बुक इन्साइक्लोपेडियाका अनुसार- “काल्पनिक मान्छेका वास्तविक जीवनका घटनाहरूका बारेमा बताउने

आख्यानको लामो कार्यलाई उपन्यास भनिन्छ ।" भनेर उपन्यास वास्तविक वा काल्पनिक जीवनको लामो कथा भनिएको छ ।

"म उपन्यासलाई मानव जीवनको चित्र मान्दछु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो ।" यस परिभाषाले उपन्यासलाई मानव जीवनको रहस्यको उद्घाटन गर्ने साहित्यिक विधा मानेको देखिन्छ । (सुवेदी, २०५७) ।

"उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त उपन्यासमा यति सबल भ्रम प्राप्त हुन्छ, हामी त्यसभित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौँ ।"

नेपाली साहित्यका विभिन्न विद्वानहरुले पनि उपन्यास सम्बन्धी विभिन्न परिभाषाहरु दिएका छन्- "उपन्यास स्वयम् मनुष्यको एक जीवित बिम्व हो ।" यो छोटो परिभाषाले उपन्यासलाई मानवजीवनकै चित्र भएको पुष्टि गरेको छ । (प्रधान, २०५३) ।

"उपन्यास गद्यमा लेखिएको त्यो विद्या हो जसमा मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति रहेको हुन्छ ।" यस परिभाषाले गद्यमा मानवजीवनको विभिन्नतामा प्रकाश पारिएको रचना भन्ने अर्थ गरेको छ ।

समालोचक 'इन्द्रबहादुर राई'ले 'यथार्थसँग परिचयन सत्यको सन्धान, मूल्यको संरक्षण जीवन वैविध्यमाथि एकरुपता प्रदान, जीवन शिक्षण, व्यक्तित्वको पुनरन्वेषण, मानवताको प्राप्ति उपन्यासका प्रमुख उत्तरदायित्वका रुपमा परिभाषित गरेका छन् ।'

समालोचक वासुदेव त्रिपाठीले उपन्यासको परिभाषा गर्दै भनेका छन्: ''कुनै साश्वत मानवीयकर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान् बनाउँछ । '' (थापा, २०५१) । यस्तै बालचन्द्र शर्माका अनुसार- "उपन्यास भनेको धेरै अध्याय वा मूल खण्डहरुमा लेखिएको लामो साहित्य कथा हो ।" यसरी उपन्यासको आयाम र संरचनाबारे पनि कुरा गरेका छन् । दयाराम श्रेष्ठका अनुसार- "बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग

परम्परामा श्रृंखलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेका तथा व्यापक परिधिभित्रको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ । (राई, २०५७) ।

समालोचक सुवेदीले - “पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । (बराल, २०३३,दोस्रो संस्करण )” । बरालले उपन्यासलाई प्रारम्भिक अभ्यासपछि लेखिएको सुसम्बद्ध आख्यान रचना मानेका छन् ।

## ३.२. उपन्यासका तत्वहरु :

उपन्यासको निर्माणमा आवश्यक पर्ने आधारभूत पक्षलाई तत्त्व भनिन्छ । यिनको समुचित प्रयोगले नै उपन्यासले स्पष्ट रूप लिनपुग्छ । उपन्यासका तत्त्वलाई हिजोआज उपकरणको रूपमा व्याख्या गरिएको पाइन्छ । तत्त्व वा उपकरण जे भनिए पनि केही आधारभूत पक्षहरूलाई उपन्यासको निम्ति आवश्यक अङ्ग भनिन्छ । तिनीहरूको संख्या र नामाकरणबारे पनि मनान्तर रहेको देखिन्छ । आधुनिक मान्यता अनुसारका निम्नलिखित तत्त्वहरूको वर्णन यसप्रकार रहेको छः-

### ३.२.१.विषयवस्तु :

विषयवस्तु भनेको उपन्यासमा घट्ने घटनाहरूको क्रमबद्ध ढाँचा हो । उपन्यासमा आउने घटनाहरु कार्यकारणमा आवद्ध रहेका हुन्छन् । कथानकले नै उपन्यासको मूल ढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ । घटनाहरूलाई एक अर्कोसित उनेर सम्बन्ध जोड्ने र सुसंगठितता प्रदान गर्ने काम कथानकले गर्ने गर्दछ । ( बराल र एटम,पूर्ववत पृ. २२) ।

विषयवस्तुमा चरित्र, विचार, वुद्धि, कल्पनाजस्ता विशेषता रहेका हुन्छन् । विषयवस्तु बुरून कथा र कथानकको भिन्नता बुरून आवश्यक हुन्छ । एम. फोस्टरले कथा र कथाकथनमा भिन्नता देखाउँदै उपन्यास गर्न आवश्यक पर्ने आधारलाई कथा र कारणसमेत भएको घटनाक्रमको वर्णनलाई विषयवस्तु भनेका छन् । (प्रधान पूर्ववत्.,पृ.८) ।

विषयवस्तु निर्माणका इतिहास, यथार्थ, अनुभव, शिक्षक, रागमान, स्वैरकल्पना आदि स्रोतहरू हुनसक्छन् । विषयवस्तुमा भिन्न अङ्ग उपांगको समायोजन हुन आवश्यक मानिन्छ । आदि, मध्य र अन्त्य अवस्थामा रहने विषयवस्तुमा आरम्भ, सङ्घर्षविकास, उत्कर्ष, उत्कर्षह्रास र उपसंहार गरी पाँच चरण हुन सक्छन् । ( सुवेदी,पूर्ववत,पृ.१७)। त्यसैगरी विषयवस्तुलाई आदि, मध्य र अन्त्यलाई जोड्न सरल रेखाको ढाँचा अँगालिएको छ भने त्यसलाई रैखिक ढाँचा भनिन्छ भने विषयवस्तुलाई पूर्वदीप्ति शैलीमा घुमाएर क्रमबद्धतामा विचलन ल्याइन्छ भने त्यसलाई वृत्ताकारीय ढाँचा भनिन्छ । विषयवस्तुलाई मुख्य र सहायक, सुसंगठित र सुव्यवस्थित, सरल र संयुक्त सुखान्त, दुःखान्त, व्यङ्ग्यात्मक र रागात्मक गरी धेरै प्रकारका हुन्छन् । यसैलाई स्थानमा राखी उपन्यासले पात्रहरूलाई स्वतन्त्र वातावरणमा हुर्किने र बढ्ने अवसर प्रदान गर्नुपर्छ । (बराल र एटम, पूर्ववत् पृ. ३२) ।

### ३.२.२ चरित्र वा पात्रविधान :

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई चरित्र भनिन्छ । विगतलाई र आगतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो । त्यसरी तानेर ल्याइएको वस्तु पाठकसम्म सम्प्रेषण गर्न जाँगर देखाउने वस्तु पनि उपन्यासभित्र चरित्र नै प्रमुख रहेको हुन्छ । ( डा.थापा, पूर्ववत,पृ.१२८) । उपन्यासमा पात्र स्वतन्त्र, सक्रिय र सजीवन हुन आवश्यक छ । यसैलाई स्थानमा राखी उपन्यासले पात्रहरुलाई स्वतन्त्र वातावरणमा हुर्किने र बढ्ने अवसर प्रदान गर्नुपर्छ ।

### ३.२.३ संवाद वा कथोपकथन :

पात्रहरु बीचको कुराकानी नै संवाद वा कथोपकथन हो । यसको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरुलाई नाटकीकरण गरेर अगाडि लैजानु हो । उपन्यासमा नवीनता, रोचकता र कौतूहलपूर्ण स्थिति र वातावरणको सिर्जना गर्नको लागि संवादको महत्त्वपूर्ण भूमिका हुन्छ । कथोपकथन

उपन्यासको एक नाटकीय तत्त्व हो । नाटकमा अभिनयद्वारा बताइने कुरा उपन्यासमा संवादद्वारा चित्रित गरिन्छ भन्ने कथन सर्वथा सत्य हो । संवादका माध्यमबाट नै पात्रहरु, अनुकूल वा प्रतिकूल के हुन् ? छुट्याउन सकिन्छ । विभिन्न घटनाहरुको सम्बाहक बनेका पात्रहरुका बीचको कथोपकथन वा संवादले नै उपन्यासमा रोचकता र कौतूहलताको सिर्जना भएको हन्छ । विभिन्न प्रसङ्ग र सन्दर्भहरुमा गरिने भिन्न-भिन्नै किसिमको संवादले उपन्यासलाई पूर्णतातर्फ अभिप्रेरित गरिरहेको हुन्छ ।उपन्यासमा संवादको महत्त्वपूर्ण स्थान रहेको छ । (सुवेदी, पूर्ववत., पृ.१८) ।

### ३.२.४ दृष्टिबिन्दु :

"उपन्यासमा कथयिताले कथानकका लागि उभिन वा बस्न रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । " उपन्यासका पात्रहरूको स्थान, कार्यव्यापारको वर्णन गर्दा अँगाल्ने पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् । बाह्य दृष्टिबिन्दुमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ भने आन्तरिक दृष्टिबिन्दमा कथयिताले घटना र पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गर्छ । उपन्यासका लागि चाहिने औपन्यासिक तत्त्वमध्ये दृष्टिबिन्दु पनि एक महत्त्वपूर्ण तत्त्व हो । प्रथम वा तृतीय पुरुष दृष्टिबिन्दुमध्ये कुनै एकलाई नअँगाली लेखकले आफ्नो कुरा व्यक्त गर्न नसक्ने भएकाले दृष्टिबिन्दु नभइ नहुने तत्त्व अन्तर्गत पर्दछ । (बराल र एटम, २०५६) ।

### ३.२.५ सारबस्तु :

सारवस्तुलाई उद्देश्य पनि भनिन्छ । उद्देश्य भन्नु वा सारवस्तु भन्नु तात्त्विक रुपमा एकै हो । "उपन्यासमा समाविष्ट रहने केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ ।उपन्यासको उदभवको बीच उद्देश्य वा परिणतिपनि सारवस्तु नै हो । यसले नै लेखको जीवनको दर्शनको भार पनि वहन गरेको हुन्छ ।" कसैले यसलाई विचारपक्ष पनि भनेको पाइन्छ । सारवस्तु, उद्देश्य, विचार अन्तर्वस्तु, कथ्य आदि जे भने पनि उपन्यासको समग्र अध्ययनबाट

निस्कने निचोडले एवं लेखको विचारपक्षलाई समेट्ने अभिव्यक्तिलाई सारवस्तु भनिएको हो । “उपन्यासमा लेखकको जीवनप्रतिको दृष्टि प्रत्यक्ष र परोक्ष गरी दुई प्रकारबाट व्यक्त भएको हुन्छ । प्रत्यक्ष विधिमा लेखकले औपन्यासिक कथा, घटना, पात्र र कथ्यप्रति विभिन्न टिका-टिप्पणी र विश्लेषण गरेको हुन्छ भने परोक्ष्य विधिमा प्रत्यक्ष उपन्यासकारले कुनै पात्र, घटना आदिका बारेमा वर्णन गरेको हुँदैन । ”

“उपन्यासमा खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षहरुको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरु यथातथ्य वर्णनमात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् ।” आफूले भोगेका युग, जीवन र जगत्को यथार्थ परिचय नै उपन्यासको उद्देश्य अर्थात् सारवस्तु हो । त्यसैले उपन्यासमा सारवस्तु महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको हुन्छ । ( बराल र एटम, २०५६) ।

**३.२.६ भाषा- शैली :**

“उपन्यास भाषाद्वारा मूर्तरूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्य भाषाको प्रयोग गरिन्छ । यसमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुरूप हुने गर्दछ ।(सुवेदी,पूर्ववत,पृ( २०) । अन्य साहित्यिक विधा भन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ । ”

“उपन्यासमा प्रयोग भएको भाषा विचलनयुक्त पनि हुन्छ । उपन्यासमा भाषिकाहरूको पनि प्रयोग हुनसक्छ । समाजको स्तर अनुसार उपन्यासमापनि उच्च,मध्य र निम्न स्तरको भाषा प्रयोग हुनसक्छ । ” भाषाको माध्यमद्वारा विभिन्न भाव वा विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । उपन्यासमा विभिन्न अलङ्कारहरूको प्रयोग पनि पात्रहरूको संवादबाट भएको हुन्छ ।उपन्यासमा भाषा-शैली र समास शैली गरी दुई प्रकारको

शैली प्रयोग हुन्छ ।वाक्यगठनका दृष्टिले शैली सरल र गुम्फित गरी दुई प्रकारको हुन्छ र यी दुवै शैलीको प्रयोग उपन्यासमा गरिएको हुन्छ । भाषा अभिव्यक्तिको अनिवार्य तत्त्व भएको र शैली भाषाबाट नै अभिव्यञ्जित हुने हुँदा भाषा र शैली उपन्यासका अनिवार्य तत्त्व हुन् । (थापा, पूर्ववत्, पृ.१४०-१५०) ।

### ३.२.७ प्रतीक र बिम्ब :

कुनै मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोभ्को अर्थ नबुभ्काएर त्यसभन्दा निक्कै परको अर्थ बुभ्काउँछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । उपन्यास आफैँमा भाषिक प्रतीक हो । कतिपय उपन्यासमा घटना वा वस्तु पनि प्रतीकका रूपमा व्यक्त भएका हुन्छन् । (प्रधान,पूर्ववत्, पृ.११) ।

बिम्ब भनेको कुनै वस्तुको मस्तिष्कमा पर्ने छायाँ हो । उपन्यासमा यस्तो छायाँ बसाउने माध्यम भाषा हुन्छ । “शब्दका माध्यमबाट पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना र पात्रको यथार्थ सादृश्य छायाँ पारिदिने पद्धतिलाई बिम्ब विधान भनिन्छ । बिम्बले भाषा र कथ्यलाई एकाकार पार्छ । ”उपन्यासमा प्रयुक्त प्रतीक र बिम्ब बढी दृश्य हुन्छन् । उपन्यासका औपचारिक तत्त्वमध्ये प्रतीक र बिम्ब पनि महत्त्वपूर्ण तत्त्व हुन् । (बराल र एटम,पूर्ववत्, पृ.४०-४१) ।

## ३.३ नेपाली उपन्यासको विकासक्रम

### ३.३.१. पृष्ठभूमि :

नेपाली भाषामा आजसम्म भएको खोज र अनुसन्धानले विक्रमको चौधौं शताब्दिको प्रारम्भतिर राजा ‘अशोक मल्ल’ को राज्यकालमा प्रशासनिक अभिलेखका रूपमा प्राप्त भएको १३१२ को ताम्रपत्रलाई सर्वप्राचीन नेपाली अभिलेख मानिन्छ । त्यस्तै ग्रन्थका रूपमा प्राप्त भएको रचना वि.सं. १६४९ मा लेखिएको बेनामी मूल ‘खण्डखाद्य’, १६५८ को ‘स्वस्थानी ब्रतकथा’ र १७०० तिरको ‘बाजपरीक्षा’ नै आजसम्मकमा पहिला प्रमाणिक कृतिहरू हुन् । लेखकको नाम खुल्न आएको रचना भने १७७३ मा वाणी विलास

ज्योतिर्विदले लेखेको 'ज्वरोत्पति चिकित्सा' र प्रेमनिधि पन्तको 'प्रायशिचत प्रदीप', १८८० मा गरेको नेपाली अनुवादलाई मानिएको छ ।(श्रेष्ठ,२०४९,पृ.१००) । सर्वप्रथम अभिलेख त्यसपछि बेनामी रचना र नाम खुल्नआएका विधि विधाका गद्य रचनाहरु लेखिदै आएको पाइन्छ । शाहकालको प्रारम्भ भएपछि नेपाली भाषामा लामा आख्यानहरु लिपिबद्ध हुन थालेको पाइन्छ । नेपाली उपन्यासको ऐतिहासिकता पनि वि.सं.१८२७ को शक्तिबल्लभ अर्यालको 'महाभारत विराटपर्व' बाट सुरु गर्नुपर्ने हुन्छ । नेपाली उपन्यासको प्रारूप पैल्याउने क्रममा प्राचीन गद्याख्यान परम्परालाई नेपाली उपन्यासको पृष्ठभूमि स्वीकार्दै नेपाली उपन्यासको कालविभाजन विभिन्न विद्वानहरुबाटभएको छ ।

कालविभाजन सम्बन्धी समयविन्दुमा केही विवाद र नामाकरणमा पनि केही भिन्नता पाइन्छ । यहाँ डा.दयाराम श्रेष्ठले गरेको कालविभाजन र नामाकरणलाई आधार मानी नेपाली उपन्यासको विकासक्रम देखाइएको छ ।

डा. श्रेष्ठद्वारा नेपाली उपन्यासको काल विभाजन यसरी प्रस्तुत गरिएको छ-

१. पृष्ठभूमिकाल/प्राथमिक कालः वि.सं.१९२७ देखि वि.सं.१९४५ सम्म ।

२. निर्माणकाल/माध्यमिक कालः वि.सं.१९४६ देखि वि.सं.१९९० सम्म ।

३. विकासकाल/आधुनिक कालः वि.सं.१९९१ देखि हालसम्म ।

### ३.३.१.१ पृष्ठभूमिकाल/प्राथमिककाल वि.सं.१८२७ देखि वि.सं.१९४५ सम्म

नेपाली उपन्यासको पृष्ठभूमि काल वा प्राथमिक काल भनेको विधागत सैद्धान्तिक उपन्यास लेखनको दृष्टिले शून्य उपन्यास लेखनको काल पनि भनिएको छ । (श्रेष्ठ, पूर्ववत्, पृ.१०४-१०५) । इतिहासतिर ध्यान दिँदा शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व', (१८२७) र अर्यालकै नाट्यकृति 'हास्यकदम्ब'(१८५५) लाई आख्यान शिल्प प्रयोग भएका रचना मानिएको छ । यसपछि भानुदत्तको ' हितोपदेश मित्रलाभ' (१८३३) देखापर्छ र यी सबै

रचना संस्कृतबाट अनुदित आख्यान रचना देखिन्छन् । -बराल र एटम, पूर्ववत्, पृ.७३) । महाभारतबाटै उद्धत गरिएको 'लक्ष्मी धर्म' (१८५१) द्वारा रामभद्र उपाध्यायले आख्यानलाई केही अघि बढाएको पाइन्छ भने १८७२ मा लिखित 'पिनासको कथा' (१८७५), मुन्सीका 'तीन आहान' (१८८२), पूर्व अनुवाद गरिएको 'मुद्रराक्षस', सुन्दरा बाँडाको 'त्रिरत्न सौन्दर्यगाथा', 'अध्यात्म रामायण', 'बहत्र सुगाको कथा', १८९३ आदि रचनाले नेपाली आख्यानको गतिशीलतालाई थप बल प्रदान गरेको पाइन्छ । मूलतःनेपाली आख्यान परम्परामा उपर्युक्त केही रचना बाहेक उल्लेख्य औपन्यासिक कृति यस अवधिमा प्राप्त हुनसकेको देखिदैन । यी मध्ये 'दशकुमार चरित', 'अध्यात्म रामायण' ले नेपाली उपन्यासको पृष्ठभूमि तयार पारेको देखिन्छ । (सुवेदी, पूर्ववत्, पृ.३४) ।

यसरी १८२७ देखि १९४५ सम्मको एक सय अठार वर्षको लामो अवधिले नेपाली उपन्यासको प्राथमिक काल वा पृष्ठभूमिको काम गरेको छ । यी कृति र यो समयले नेपाली उपन्यासको विकासमा मद्दत गरेको पाइन्छ ।

**३.३.१.२ निर्माण काल/माध्यमिक काल वि.सं. १९४६ देखि वि.सं.१९९० सम्म :**

'वीरसिक्का' वि.सं. (१९४६)देखि 'रूपमती' (१९९०) पूर्वको अवधिलाई नेपाली उपन्यासको निर्माण वा माध्यमिक काल भनिएको छ । 'वीरसिक्का' (१९४६) कृतिबाट नेपाली आख्यानको क्षेत्रमा नयाँ प्रक्रियाको थालनी भएको पाइन्छ । यो कृति उपन्यास नै त होइन तर यसको आख्यानले उपन्यासको निर्माणकालीन पृष्ठभूमि तयार पारेको देखिन्छ ।

यसपछि सं.(१९५९ मा सदाशिव शर्माद्वारा सम्पादित 'उपन्यास तरङ्गिणी' भन्ने उपन्यास प्रधान पत्रिकाले भने निर्माणकालको इतिहास नै तयार गरेको पाइन्छ । यसै पत्रिकामा प्रकाशित शर्माकै 'महेद्रप्रभा' (१९५९) लाई पहिलो मौलिक उपन्यास मानिन्छ । यसै कालमा बेनामीको 'अद्भूत मिलाप' (१९५८), पं.नरदेवबाट अनुदित 'मेरिना चरित्र' (१९५९), ऋषभदेव शर्माको

किस्सा ‘सुकसारिका’(१९५९) प्रकाशमा आएपनि ‘महेन्द्रप्रभा’ नै उत्कृष्ठ देखिन्छ ।

गिरीश वल्लभ जोशीको ‘वीरचरित्र’ (१९६०) ले माध्यमिककालीन उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ भने माध्यमिककालीन उपन्यासको विकासमा विभिन्न पत्रिकाहरुले पनि महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । ‘गोरखापत्र’(१९५८), ‘सुन्दरीजल’(१९८३), ‘गोर्खाली’(१९७९), ‘गोरखा संसार’(१९६३) लगायतका पत्रपत्रिकाहरुमा प्रकाशित रचना र धारावाहिक उपन्यासले उपन्यासको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । (प्रधान पूर्ववत्, पृ.९४) ।

पौराणिक, धार्मिक, रोमाञ्चक र औपदेशिक आख्यान क्षेत्रका उपन्यासहरु यस अवधिमा देखिन्छन् ।यस समयका आख्यान ग्रन्थहरु दीर्घमानको ‘सत्यनारायण ब्रतकथा’(१९४८), हरिहर शर्माको ‘दुर्गासप्तसती’(१९४८), चिरञ्जीवी शर्माको ‘सुखार्णव’(१९५०), ‘एकादशी महात्म्य’(१९५२), रामकृष्ण शर्माको ‘गोर्खा हास्य मञ्जरी’(१९५२), शिव दत्त शर्माको ‘वीरसिक्का’(दोस्रो भागदेखि सम्पूर्ण १९५२), गंगाधर शास्त्रीको ‘सर्वसंग्रह’(१९५३), देवकी नन्दनको ‘चन्द्रकान्ता’(१९५६), नरेन्द्र मोहिनी (१९५८) महत्त्वपूर्ण छन् ।

नेपाली उपन्यास परम्परामा जासूसी, तिलस्मी, ऐयारी उपन्यासहरुको प्रवेशले अनुवाद, अनुकरण र रूपान्तरण विधिलाई बढी महत्त्व दिएको पाइन्छ । त्यसो भए पनि ‘महेन्द्रप्रभा’, ‘वीरचरित्र’, ‘डा.सूर्यप्रसाद’ जस्ता उपन्यासमा मौलिकता र समकालीन परिवेशको प्रस्तुति पनि पाइन्छ । समाजमा नैतिक शिक्षा दिनु, मनोरञ्जन प्रदान गर्नु, सुधारको संकेत गर्नु यस कालका उपन्यासको उद्देश्य रहेको देखिन्छ । (श्रेष्ठ र शर्मा, पूर्ववत्, पृ.१०९) ।

यस कालमा नेपाली उपन्यासले विकास यात्राको ठूलो फन्को मारेको पाइन्छ । छोटो अवधिमा भएको उपन्यास लेखनको यो अभावले आधुनिक उपन्यास लेखनमा ठूलो टेवा पुगेको देखिन्छ ।

पूर्णरुपले औपन्यासिक सिद्धान्तसँग मिल्ने कृति नपाइएपनि माध्यमिक कालको नेपाली आख्यान परम्परालाई आधुनिक नेपाली उपन्यास लेखनको बलियो पृष्ठभूमि मान्न सकिन्छ ।

**३.३.१.३ विकासकाल/आधुनिक काल वि.सं.१९९१ देखि हालसम्म :**

वि.सं. १९९१ मा प्रकाशित भएको रूद्रराज पाण्डेको 'रूपमती' मा सामाजिक यथार्थवादको प्रयोग पाइनु नै नेपाली उपन्यासमा आधुनिकताको लक्षण थियो । यसै कृतिबाट नेपाली उपन्यासमा आधुनिकताको प्रारम्भ भएको थियो । शैलीगत विविधता पाइनुको साथै पाश्चात्य साहित्यका प्रभावहरु पाइनु नेपाली उपन्यासमा आधुनिकताको प्रवेशको महत्त्वपूर्ण आधार हो । विकासको क्रमिक इतिहासभित्र अनेक प्रवृत्ति तथा परम्पराको स्थापना हुनु स्वभाविकै हो । 'रूपमती' ले बीजारोपण गरेको नेपाली उपन्यासको आधुनिक कालसँग आदर्शोन्मुख यथार्थवाद भित्रिन्छ । ( बराल र एटम,पृ.९१) ।

नेपाली उपन्यासको आधुनिक काललाई अध्ययन गर्दा उपन्यास विधा विभिन्न विषय, शैलीवाद विचारधारा र प्रवृत्तिबाट प्रवाहित देखिन्छ । यस काललाई यथार्थवादी धारा, आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यर्थाथवादी धारा, अतियथार्थवादी धारा, आलोचनात्मक यथार्थवादी धारा, नारीवादी धारा, मनोविश्लेषणवादी धारा, प्रकृतिवादी धारा, विसंगतिवादी धारा, अस्तित्त्ववादी धारा, मिथकीय धाराको रूपको क्रमशः अध्ययन गर्दै जानु वैज्ञानिकता हो किनभने अहिलेसम्म कुनै प्रवृत्ति टुङ्गिएको छैन र कुनै प्रवृत्तिको एकलौटी प्रभाव परेको पनि देखिदैन । यिनीहरूको संक्षिप्त परिचय यसप्रकार छन्ः-

**३.३.१.३.१ आदर्शोन्मुख यथार्थवादी धारा :**

नेपाली उपन्यासको आधुनिक काल रूद्रराज पाण्डेको 'रूपमति'(१९९१) प्रकाशित भए पश्चात यस धाराको प्रारम्भ भएको हो । आदर्श र मर्यादाका पाठहरू पढाउने उद्देश्य राखी यथार्थवादी चित्रणको पद्धति अँगालेर निकै उपन्यासहरू लेखिएका छन् । यस

धाराका केही कृतिकार र कृतिहरू यसप्रकार छन्:- रूद्रराज पाण्डेकै ‘चप्पाकाजी’(१९९३), ‘प्रायश्चित’(१९९३), ‘हेरफेर’(२०४९) र ‘प्रेम’(२००५), टुकराज मिश्रका ‘रजबन्धकी’(१९७६), ‘रामकृष्ण कुँवर राणा’(१९९९), मोहन मल्लको ‘समयको हुरी’(२०१५) आदि ।

**३.३.१.३.२ स्वच्छन्दतावादी धारा :**

आदर्शोन्मुख यथार्थवादी धारासँगै नेपाली उपन्यासमा स्वच्छन्दवादी धाराको पनि प्रवेश हुन्छ ।हार्दिकता,भावुकता, कौतुहलता,प्रणयमूलकता आदिको चित्रण नै स्वच्छन्दवादी उपन्यासका प्रवृतिहरू हुन् । रूपनारायण सिंहको ‘भ्रमर’(१९९३) प्रकाशित भएपछि आधुनिक नेपाली उपन्यासमा यस धाराको प्रारम्भ भएको हो । (राई, पूर्ववत्,पृ.२९६) ।

यस धाराका अन्य केही उपन्यासहरू रूपनारायण सिंहकै ‘बिजुली’, (अपूर्ण २००६), अच्छाराई रसिकको ‘लगन’(२०१२), शिवकुमार राइको ‘डाक बङ्गला’(२०१३), हिरण्यभोजपुरेको ‘छिटेन’(२०५४), होमराज आचार्यको ‘निर्दोष कैदी’(२०५४) आदि मुख्य रहेका छन् ।

**३.३.१.३.३ सामाजिक यथार्थवादी धारा :**

लैनसिंह वाङदेलको ‘मुलुक बाहिर’(२००४) सँगै आधुनिक नेपाली उपन्यासमा सामाजिक यथार्थवादी धाराको प्रारम्भ भएको पाइन्छ । यसले उपन्यास जगत्मा यथार्थवादी मार्ग प्रशस्त गरिदिएको छ र समयको साहित्यिक आवश्यकता यथार्थवाद भएको पुष्टि गरेको पाइन्छ । आदर्शोन्मुख सामाजिक उपन्यासको प्रचलित सीमा र परम्परा त्यागेर वाङ्देलले अनिर्देशित फाँटको बन्दबाटो खोलिदिन्छन् । यस धाराका अन्य लेखक एवं कृतिहरू हुन् : वाङ्देलकै ‘माइतीघर’(२००५), ‘लङ्गडाको साथी’(२००८), ‘रेम्ब्रान्ट’(२०२३), लीलबहादुर क्षेत्रीको ‘बसाइँ’(२०१४), ‘अतृप्त’ (२०२६), ब्रह्मपुत्रको ‘छेउछाउ’(२०४३), लीलाध्वज थापाको ‘मन’(२०१५), दौलतविक्रम विष्टको ‘मञ्जरी’(२०१६), शङ्कर कोइरालाको ‘खैरनी घाट’(२०१०), भवानी भिक्षुको ‘आगत’(२०३२),

धु.च. गौतमको 'घामका पाइलाहरू'(२०३५), 'यहाँदेखि यहाँसम्म'(२०४३) आदि मुख्य छन् । (बराल र एटम, पूर्ववत्, पृ.९७) ।

**३.३.१.३.४ ऐतिहासिक यथार्थवादी धारा :**

आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादीपछि ऐतिहासिक यथार्थवादको थालनी हुन्छ । इतिहास विषयवस्तुसंग सम्बन्धित उपन्यासहरू ऐतिहासिक हुन्छन् । ऐतिहासिक होस् चाहे त्यो इतिहाससम्मत यथार्थ होस् चाहे ऐतिहासिक कालको कुनै व्यक्ति विशेषलाई प्रमुख पात्र बनाएर लेखिएको यथार्थवादी उपन्यासले ऐतिहासिकताको सम्पूर्ण परिप्रेक्षलाई जीवन्त प्रदान गरेर त्यसकालको मूलभूत सामाजिक, राष्ट्रिय परिस्थिति, जीवनका वास्तविक प्रवाह बाह्य र आन्तरिक द्वन्द्वका कालिक सत्यलाई उद्घाटन गर्न सघाउ पुऱ्याएको छ ।

यस धाराको प्रारम्भ डायमन्ड शमशेरले गरेका हुन् । उनका 'वसन्ती'(१९४९), 'सेतो बाघ'(२०३०), 'प्रतिबद्ध'(२०३५), र 'अनिता'(२०४३) केशवराज पिंडालीको 'एकादेशकी महारानी'(२०४६), दौलतविक्रम विष्टको 'फाँसीको फन्दा'(२०५३) आदि प्रमुख छन् ।

**३.३.१.३.५ अतियथार्थवादी धारा :**

आधुनिक नेपाली उपन्यासमा यसपछि अतियथार्थवादी धाराको प्रवेश हुन्छ । यथार्थको अतिक्रमण गर्ने र आन्तरिक पक्षलाई उदाङ्गो पार्ने साहित्यिक सिद्धान्तलाई अतियथार्थवाद भनिन्छ । नेपाली उपन्यासमा वाङ्देलको 'लङ्गडाको साथी'(२००८) लाई प्रथम प्रयोग मानिएको छ भने गोठालेको 'पल्लो घरको झयाल'(२०१६) र 'अपर्णा'(२०५२), अर्जुन निरौलाको 'घाम डुबेपछि'(२०३३), हिरण्य भोजपुरेको 'गोटी'(२०५४), आदिमा पनि यसधाराको आंशिक प्रयोग भएको छ । (प्रधान, पूर्ववत्,पृ.१४८)।

**३.३.१.३.६ आलोचनात्मक यथार्थवादी धारा :**

अतियथार्थवादी धारापछि आधुनिक नेपाली उपन्यास परम्पराको विकास यात्रामा आलोचनात्मक यथार्थवादी धाराको प्रारम्भ हुन्छ । पछि गएर प्रगतिवादी धारामा समाहित हुनपुगेको

यस धाराले समाजका वर्गीय विषमता समाजका अहितकर कार्यहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरूको आलोचना गरेर स्वस्थताको आग्रह गर्दछ ।

नेपाली उपन्यासमा यस धाराको आरम्भ हृदयचन्द्र सिंह प्रधानले गरेका हुन् । उनका 'स्वास्नी मान्छे'(२०११), 'एक चिहान' यस प्रकृतिका उपन्यास हुन् भने अन्य उपन्यासहरुमा दौलतविक्रमको 'मञ्जरी'(२०१६), 'एक पालुवा अनेकौ याम'(२०३५), 'बिग्रिएको बाटो'(२०३२) आदि, तारानाथ शर्माका 'मेरो कथा'(२०४५), 'ओझेल पर्दा'(२०१६), 'सुली'(२०३२) आदिमा यस धाराको प्रभाव पाइन्छ ।

### ३.३.१.३.७ नारीवादी धारा :

एकाधिकारवादी पितृसत्तात्मक मानसिकताबाट नारीहरूको मुक्तिका लागि भनेर नेपाली साहित्यमा नारीवादी धाराको प्रारम्भ हुन्छ । यौनकमा रूढीलाई चिरेर जीवनको नयाँ आकाशमा समान चाहनाका साथ उड्ने प्रवृत्ति पनि नारीवादका मूल तन्तुको रूपमा देखापर्छ । यस धाराका उपन्यासहरूमा कृष्णचन्द्र सिंह प्रधानको 'स्वास्नी मान्छे'(२०११),'एक चिहान'(२०१७), विजय मल्लको 'अनुराधा'(२०१८),विश्वेश्वर प्रसाद कोइरालाको 'तीनघुम्ती'(२०२४), नकुल सिलवालको 'तेस्रो पाइला'(२०४५), सवनम श्रेष्ठको 'मनीषा'(२०५०), मुख्य देखिन्छन् । (बराल र एटम, पूर्ववत्, पृ.१०९) ।

### ३.३.१.३.८ प्रकृतिवादी धारा :

यसै क्रममा आधुनिक नेपाली उपन्यासमा प्रकृतिवादी धारा देखापर्छ । प्रकृतिलाई नै परम सत्य र पूर्ण ठानेर बाह्य हस्तक्षेपका विरुद्ध यसवादले विद्रोह गर्छ ।प्रकृति स्वसम्पन्न, स्वअस्तित्त्ववान, स्वव्याख्येय, स्वसञ्चालित भएको हुँदा यसलाई चलाउने अन्य सत्ता छैन अनि मानवीय व्यवहार पनि प्रकृतिकै नियमका आधारमा बुझ्न सकिन्छ भन्ने धारणा प्रंकृतिवादीहरूको छ ।

नेपाली उपन्यासमा वाङ्देलको 'मुलुक बाहिर' मा यसवादको झल्को पाइन्छ भने गोठालेको 'पल्लो घरको झ्याल'(२०१६), शंकर कोइरालाको 'खैरेनीघाट'(२०१८), पारिजातको 'अन्तर्मुखी'(२०३५),

भिक्षुको 'पाइप नं.२'(२०३४), इन्द्रबहादुर राईको 'आज रमिता छ'(२०३१) र ध्रुवचन्द्र गौतमको 'उपसंहार' तथा 'चौथो अन्त्य'(२०४८) आदिमा यस वादको प्रभाव पाइन्छ । (सुवेदी,पूर्ववत.,पृ.१७३) ।

### ३.३.१.३.९ मनोविश्लेषणवादी धारा :

आधुनिक नेपाली उपन्यासको विकासमा देखापरेको मनोविश्लेषणवादी धाराले मानिसका आन्तरिक जीवनको निरीक्षण, विश्लेषण, अवलोकन र यसको वैविध्य , वैचित्र्यहरूमा नजर लगाउने काम गर्दछ । अचेतन मनको अज्ञात रहस्यमय शक्तिबाट परिचित हुने र त्यसलाई उद्घाटित गर्ने मुख्य उद्देश्य मनोविश्लेषणवादको रहेको छ ।

नेपाली उपन्यासमा यस विधिको प्रयोग गरेर लेखिएका प्रशस्त कृतिहरू छन् । गोविन्द गोठालेको 'पल्लो घरको झ्याल'(२०१६), विजय मल्लको 'अनुराधा'(२०१८), तारिणीप्रसाद कोइरालाको 'सर्पदंश'(२०३६), विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती'(२०२४), 'सुम्निमा'(२०२५), 'नरेन्द्र दाइ'(२०२७) आदि उपन्यासहरू, नकुल सिलवालको 'तेस्रो पाइला'(२०४५), जयराज पाण्डेको 'अतिरिक्त'(२०५०), इन्दिरा प्रसाइको 'विश्वामित्र'(२०५५) आदि यस धाराका मुख्य कृतिहरू हुन् ।

### ३.३.१.३.१० विसंगतिवादी धारा :

आधुनिक नेपाली उपन्यासको विकासक्रममा देखापरेको अर्को धारा हो विसंगतिवादी धारा । विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, हस्तक्षेप एकातिर र सहअस्तित्त्व असंलग्न निशस्त्रीकरण आदिको नारा अर्कोतिरबाट जन्मेको विसंगति इच्छा-अभिलासाको सन्दर्भबाट जन्मेको विसंगतिभूत र वर्तमान एवं जीवनचक्रका आवर्तन र प्रत्यावर्तनका विसंगति मान्छेले भोग्दै आएको छ । यसरी मान्छेका विसंगति र विशेष अवस्था समेत् यस धाराका साहित्यमा देखापर्छ । विसंगति भनेको निस्सारता वा शून्यता हो । नेपाली उपन्यासका क्षेत्रमा विसंगतिवादी धाराको सुरुवाट इन्द्रबहादुर राईको 'आज रमिता छ'(२०२१) बाट भएको पाइन्छ । (बराल र एटम, पूर्ववत्,पृ.१३३)

**३.३.१.३.११ अस्तित्त्ववादी धारा :**

विसंगतिवादकै पृष्ठभूमिमा अस्तित्त्ववाद उपन्यासहरू पनि देखापरेका छन् ।अस्तित्त्ववादको मूल सिद्धान्त व्यक्ति सत्ता वा अस्तित्त्वको खोजी हो । यो विसंगतिका बीचबाट मान्छेले आफ्नो अस्मिता र अस्तित्त्वको खोजी गर्नुपर्छ । आफ्नो जीवनको अर्थ आफैँ खोज्नुपर्छ, आफ्नो बारेमा निर्णय गर्ने अधिकार आफैँलाई नै हुन्छ । मानवीय मूल्यको खोजी मानिसले यही विसंगतिका बीचबाट गर्नुपर्छ भन्ने मान्यता नै अस्तित्त्ववादीको सार चिन्तन हो ।

जीवनलाई यस विवश, निरुपाय, निस्सार अवस्थामाथि उठाउन अस्तित्वपरक चेतना आवश्यक पर्छ भन्ने धारणाबाट अभिप्रेरित भइ उपन्यासमा सर्वप्रथम प्रयास पारिजातले 'शिरीषको फूल'(२०२२) बाट गरेकी हुन् । यसपछिका उपन्यासहरुमा विश्वेश्वरप्रसाद कोइरालाको 'तीनघुम्ती'(२०२५), ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि'(२०२४), 'डापी'(२०३३), 'अलिखित'(२०४०) आदि यस धाराका महत्त्वपूर्ण कृति हुन् । (राई,पूर्ववत्,पृ. २०८) ।

**३.३.१.३.१२ प्रगतिवादी धारा :**

आलोचनात्मक यथार्थवादी धारामा आवद्ध रहेर कलम चलाउने अधिकांश उपन्यासकारहरू नेपाली उपन्यासको आधुनिक कालको पछिल्लो चरणमा प्रगतिवादी धारामा आबद्ध हुनआएको देखिन्छ । यद्यपि प्रगतिवाद आलोचनात्मक यथार्थवादकै उत्तरवर्ती रूप भने होइन । मार्क्सवादी साहित्य चिन्तमा विश्वास गर्ने र वर्गीय यथार्थको प्रतिनिधित्व गर्ने साहित्यिक धारा नै प्रगतिवादी धारा हो । (प्रधान,पूर्ववत्.,पृ.१८८) ।यस धारामा आवद्ध रहेर लेखिएका केही कृतिहरू यसप्रकार छन्:- डी.पी.अधिकारीको 'आशामाया'(२०२५), खगेन्द्र संग्रौलाको 'चेतनाको पहिलो डाँक'(२०२७), पारिजातको 'बैँसको मान्छे(२०२९), 'पर्खालभित्र र बाहिर'(२०३५) हुन् ।

**३.३.१.३.१३ मिथकीय धारा :**

नेपाली उपन्यासको आधुनिक कालको पछिल्लो चरणमा मिथकीय धारामा लेखिएका उपन्यासहरू पनि देखापर्छन् । मिथक भनेको सम्पूर्ण

मानव संस्कृतिको दस्तावेज र मानव प्रकृतिको अन्वेषण गरिएको प्रतीकात्मक अभिव्यक्ति हो । मानवका अन्तर्मनमा लुकेका काल्पनिक भावनालाई व्यक्त गर्ने पुराण, दन्त्यकथा एवम अन्य जनश्रुतिमा पाइने कथाहरू नै मिथक चिन्ह हुन् । नेपाली उपन्यासमा यस धारामा आवद्ध रहेर रचना गरिएको पहिलो उपन्यास विश्वेश्वरप्रसाद कोइरालाको 'सुम्निमा'(२०२७) हो । त्यसपछि कोइरालाको 'मोदीआइन'(२०३६), 'हिटलर र यहूदी'(२०४०), मदनमणि दीक्षितको 'माधवी'(२०३९)र 'त्रिदेवी'(२०५१), ध्रुवचन्द्र गौतमको 'अग्निदत्तं+अग्निदत्त'(२०५२), राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान'(२०४२),दौलतविक्रम विष्टको 'ज्योति ज्योति महाज्योति'(२०४५) आदि यस धाराका प्रसिद्ध उपन्यासहरू हुन् । (बराल र एटम, पूर्ववत्,पृ.५६)

यसरी परम्रागत संस्कृत कथा लोक आख्यानबाट सुरु भएको नेपाली गद्याख्यानले जासुसी र जादुगरी आख्यान अनुवादमूलक प्राचीन औपन्यासिक परम्परामा हुर्किंदै सूत्र उपन्यास र नवीन उपविधाहरूको सृजना गर्दै आफ्नो क्षेत्र व्यापक बनाउँदै लगेको छ । आधुनिक नेपाली उपन्यास परम्परामा यी विभिन्न किसिमका धाराहरूमा सिर्जित उपन्यासहरूले नेपाली उपन्यास साहित्यको विकासमा निरन्तर टेवा पुऱ्याउँदै अगाडि बढिरहेका छन् ।

**३.४ निष्कर्षः-**

हाल नेपालीमा प्रयुक्त 'उपन्यास' शब्द संस्कृत भाषाबाट नेपालीमा आइ प्रयोग भएको तत्सम शब्द मानिन्छ । पश्चिमी साहित्यमा नोभसबाट सुरु भएको शब्द नोभला हुदै अहिले आएर नोवल भएको पाइन्छ । नेपालीमा प्रयोग गरिने उपन्यास शब्द अंग्रेजीको नोवल शब्दको पर्यायवाची अर्थको रुपमा लिइएको पाइन्छ । यसरी यस परिच्छेदको उपन्यासको सैद्धान्तिक परिचय अन्तर्गत उपन्यासको व्युत्पतिगत अर्थ पूर्वीय र पाश्चात्य मतमतान्तरहरुको साथै उपन्यासको परिचय र परिभाषा समेत प्रष्टयाउने प्रयास गरिएको छ । त्यसपछि उपन्यासका तत्त्वहरुलाई छोटकरी रुपमा केलाउँदा अन्तिम निष्कर्षमा पुऱ्याउने पद्धति अँगालिएको छ । त्यसैले यी माथिका मूलभूत सन्दर्भहरु नै प्रस्तुत तेस्रो परिच्छेदका निष्कर्षात्मक उपलब्धीहरु हुन् भन्नु यहाँ सान्दर्भिक हुनेछ ।

# चौथो परिच्छेद
# 'हिटरलर र यहूदी ' उपन्यासको कृतिपरक विश्लेषणात्मक विवेचना

## ४.१ भूमिका :

विश्वेश्वरप्रसाद कोइरालाको २०४० सालमा प्रकाशित 'हिटलर र यहूदी ' (२०६६ संस्करण सातौं) उपन्यास उनका उपन्यास रचनाहरू मध्येकै आकारमा ठूलो (२७२ पृष्ठ) र विषय प्रतिपादनको दृष्टिले पूर्वीय गीता कर्मवादी दर्शन तथा पाश्चात्य दर्शनका साथै मानव समाजका विविध पक्षलाई समेटेर त्यससम्बन्धी वस्तु तथ्यलाई बढी वस्तुनिष्ठ बनाएर प्रस्तुत गर्न खोजिएको मानवमूलक औपन्यासिक कृतिको रूपमा मानिन्छ ।

प्रस्तुत उपन्यासमा उपन्यासकार कोइरालाका युद्ध विरोधी अवधारणा, अस्तित्त्ववादी चिन्तनप्रतिको आस्था, मानवतावादी भावनाको साकारता र यौनमनौवैज्ञानिक भाव चेतनाको सार्थकता सशक्त रूपले प्रष्टिएको पाइन्छ । दोस्रो विश्वयुद्ध र त्यसले छोडेर गएको विभत्स अवशेष, मान्छेले बोकेर हिँडेको त्यो युद्धको गम्भीर घाउ र आँशु, त्यसमा द्रवीभूत हुन पुगेका उपन्यासकारका के निष्काम कर्म दर्शनपक्षले नै हिटलरलाई त्यस्तो क्रूर बनाएको हो ? भन्ने जस्ता आशंका र भनाइ नै 'हिटलर र यहूदी' उपन्यासको सारभूत पृष्ठभूमि भएको पाइन्छ ।

## ४.२ कथानक पृष्ठभूमि :

'हिटलर र यहूदी' उपन्यासको कथावस्तु 'म' पात्र अथवा उपन्यासकार स्वयम् आफ्नो उपचारको सिलसिलामा नेपालको काठमाडौंबाट भारतको बम्बइ गएको कुरालाई लिएर पहिलो भागको कथावस्तु अगाडि बढेको देखिन्छ । प्रस्तुत उपन्यासका प्रमुख 'म' पात्र यात्राको पहिलो दिन बम्बइको मानव भीड र त्यहाँको अस्तव्यस्त वातावरणलाई देखेर निसासिएका र रातिमा बस्ने राम्रो होटलसम्म नपाएर अन्त्यमा एकजना टयाक्सी चालकको मद्दतले एउटा साधारण होटलको साधारण कोठा पाइ बास बसेका

देखिन्छन् । त्यसै क्रममा राति होटलमा खाना खान बस्ता एकजना इजराइलीहरूको उद्धारमा खटिएको डेविड नामको युवक र एउटी मार्गरेटर नामकी लेवनानी युवती पत्रकारसँग भेट भएको र तिनीहरूबीच दोस्रो विश्वयुद्धका कारण विश्वभरको मानवजीवन तहसनहस भएको प्रसङ्गलाई विषयवस्तुमा समेटिएको छ ।

उपन्यासको दोस्रो भागमा बम्बइका डाक्टरहरूले 'म' पात्रको उपचार त्यहाँ सम्भव नभएको र थप उपचारका लागि बाहिर जानुपर्ने भनी दिइएको सल्लाह अनुसार बम्बइको पानीजहाजबाट रवाना भएको कुराको वर्णन गरिएको छ । त्यसैगरी तेस्रो र चौथो भागमा उपन्यासकार  अथवा 'म' पात्र र उसका जहाजको यात्राको क्रममा भेट भएका साथीहरूको साथमा भएको जहाजी यात्राका क्रममा पहिला बम्बइमा भेट भएको डेविडसँग फेरि भेट भयो । ऊ यहूदीहरूलाई यात्रामा विदाइ गर्न आएको रहेछ । त्यसपछि 'म' पात्र वा उपन्यासकारसँग हिन्दुस्तानको एकजना नारायणन नामको मद्रासी ब्राह्मणसँग भेट हुन्छ । नारायणन हिन्दूपरम्परावादी, पढेलेखेको र केही कलम चलाउने लेखकको रूपमा प्रस्तुत भएको छ । त्यसैक्रममा 'म' पात्रको गुजराती युवती रेवादेसाई र एक मद्रासी जोडीसँग पनि भेट हुन्छ र एक आपसमा आ-आफ्नो परिचय दिनपुग्दछन् । यसरी उनीहरूको यात्रा अगाडि बढ्छ । यात्रारत समयमा प्रमुख पात्रसँग फेरि एकजना अन्तर्राष्ट्रिय यहूदी एजेन्सीको केन्द्रिय सदस्य जकरिमा गोल्वर्गसँग भेट हुन्छ, त्यसै क्रममा गोल्वर्ग ईश्वरले यहूदी जातिलाई प्रदत्त थलोमा बीस शताब्दीपछि पुनः फर्काँउँदैछौँ तर यहूदीहरूको कस्तो नियति? आफ्नो जग्गामा फर्कँदा पनि सजिलोसँग कार्य सम्पादन गर्न कठीन भइरहेको छ भन्ने जस्ता कुरा व्यक्त गर्छ । प्रमुख 'म' पात्र लगायत उनीहरू सबैको यसरी नै यात्रा अगाडि बढ्दै जान्छ । जहाजको यात्रा अति रमणीय तरीकाले बित्दै जान्छ । यस बीचमा नारायणन नामको हिन्दुस्तानी युवक र मद्रासी युवती रेवा देसाईको बीचमा भएको प्रेम प्रसङ्गको पनि उल्लेख गरिएको छ भने उपन्यासको चौथो भागको अन्तिमतिर पुगेर प्रमुख 'म' पात्रको पनि यात्राको

उठबसको क्रममा रेवा देसाइसँग सामान्य प्रेमभाव जागृत हुँदै गएको र अन्तत्त्वगत्त्वा रेखा रेसाईलाई केही समयको लागि एकलौटी पार्न सफल भएको र रेवाले पनि अन्तिम हदसम्म पुगेर त्यस रात त्यो अधिकार 'म' पात्रलाई दिएको कुराको वर्णन छ । यसरी 'म' पात्र वा उपन्यासकारको पानीजहाजको यात्रा त्यतिमै समाप्त हुन्छ र त्यतिबेरसम्मका यात्राका साथीहरु पनि रमाइलो अनुभव गर्दै त्यहीँबाट आ-आफ्नो गन्तव्यतिर लाग्दछन् र 'म' पात्र पनि । त्यसपछि उपन्यासको तेस्रो र चौथो भाग सम्पन्न हुन्छ ।

उपन्यासको पाँचौ भागमा पुग्दा उपन्यासकारले आफ्नो जहाजको एघारदिने रमाइलो यात्रा सकेर जहाजबाट ओर्लेपछि रेलस्टेशनबाट रेलगाडी चढी पश्चिमी युरोपको लण्डन पुग्दछन् र त्यहाँ पुगेको दिन एउटा होटलमा बस्दछन् । आफ्नो उपचारको लागि लण्डन पुगेका उपन्यासकार प्रमुख 'म' पात्र पुगेको भोलिपल्टै त्यहाँको एउटा अस्पतालमा भर्ना हुन्छन् । उनले उपचारका क्रममा त्यस अस्पतालमा तीन हप्तासम्म रहनपर्‍यो । त्यहाँ रहँदा डाक्टरले एक सातापछि पुनः परीक्षण गर्छु भनेकाले उनी लण्डन र त्यसका छेउछाउका शहर तथा दर्शनीय ठाउँहरु हेरेर समय बिताउछन् । उपन्यासका प्रमुख 'म' पात्रले यस पाँचौ भागमा पुगेपछि काठमाडौं छोडेर गएकी आफ्नी प्यारी लक्ष्मीलाई आफ्नो यात्राका क्रममा पानीजहाजको एघार दिने रमणीय यात्रदेखि लिएर लण्डनमा आफ्नो तीन हप्तासम्मको उपचार र स्कटहोम, ब्रुज आदि ठाउँबाट पत्र लेख्दै गरेका कुराहरुको वर्णन गरिएको छ । उपन्यासकारले आफ्नी लक्ष्मीको पत्रमा यात्रा रमणीय रहेको र यात्राको रमाइलाको कारणले आफ्नी प्यारीलाई पत्र समेत लेख्न बिर्सिएको, प्रकाण्ड विद्वान नारायणसँग भेट भएको, लण्डन अँध्यारो ठाउँ रहेको, त्यहाँ आकाशमा सूर्यसमेत नभएको र धुँवारूपी बादलले भरिएको कुराको उल्लेख गरेका छन् ।

स्कटहोममा रहँदा एउटी स्वेडेनी बूढी आमाको अन्तर्राष्ट्रिय विश्रान्ति गृहमा कोठा लिएर बस्छन् । उनलाई त्यहाँ बस्दा स्वीडेनी बूढी आमाको मायालु व्यवहारबाट नेपालका थकाल्नी बूढीहरूको

सम्भना भएको कुराको समेत चिठीमा लेखेको कुराको वर्णन छ । त्यसैगरी चिठीमा आफू दिनभर त्यहाँको शहर घुमेको र त्यहाँको गोरागोरा तथा सुनौला केश भएका नरनारीहरुले चिन्तारहित भइ नाट्यशालामा पैताला घिसारेर नाचिरहेको ग्रामीण दृश्यतिर लक्ष्मीको सम्भनाले विरह र काँतर भइ 'म' पात्रले ध्यान नदिएको कुराको समेत वर्णन छ । त्यहाँको बसाइकै क्रममा 'म' पात्रको जापानी ठिटो, बूढी आमाकी छोरी ग्रेटा र छोरासित पनि उपन्यासकारको भेट हुन्छ । त्यसैक्रममा 'म' पात्र र उनीहरुका बीच, पूर्वीय सभ्यता र संस्कृति, वैवाहिक विश्वास र निष्ठा, यौन तथा कर्तव्य, नारीले पुरुषप्रति निभाउनुपर्ने कर्तव्य तथा पुरुषले नारीप्रति निर्भाह गर्नुपर्ने कर्तव्य र पश्चिमी सम्भयताका अनुसार नारी स्वतन्त्रता भएको र बन्धनमा बस्नु नपर्ने भनी बूढीको छोरीले तर्क गरेको कुराको वर्णन भएको छ । स्ट्राटफोर्डबाट इङ्गल्याण्डको आखिरी रात शेक्सपियरको शहर परम्परा र उपाख्यानलाई जीवित राख्न हर प्रयत्न रहेको भनी लक्ष्मीलाई चिठी लेखेको कुराको वर्णन गरिएको । यस भागको अन्त्यतिर उपन्यासकार अथवा 'म' पात्रले युरोप बाहिरबाट जति-जति भित्र पस्दै गयो त्यति त्यति दोस्रो विश्वयुद्धको चपेटाले ध्वस्त बनाइएको भन्-भन् नराम्रा दृश्य देखिदै गएको अनुभव गरेको कुरालाई देखाएका छन् ।

उपन्यासको छैटौं भागमा पनि उपन्यासकारले बर्लिनबाट लक्ष्मीलाई चिठी लेखेको प्रसङ्गबाट विषयवस्तु अगाडि बढेको छ । उपन्यासकारले बर्लिनबाट लक्ष्मीलाई लेखेको चिठी युरोपको अन्तिम चिठी भएको उल्लेख छ । भोलिपल्ट हानोवरमा बसाइ भएको र प्रमुख पात्रको गाइड एउटी भरखरकी चार्तुय किशोरी भएको वर्णन गरिएको छ । यस भागमा हिटलरको शाही महानगर धुलोमा अडिएको, त्यहाँका सम्पूर्ण घर तथा पूल, सडक सबै युद्धका कारण पहिला नै ध्वस्त भैसकेका र त्यहाँका मानवजाति युद्धको आगोमा भस्म भएर त्यसबेला आफू पन्ध्र-सोह्र वर्षकी बालिका छँदाको घटना अहिलेको किशोरी अवस्थामा आएर सम्भिदा पनि कहाली लाग्दो लाग्ने र अन्त्यमा आफ्नो भाइ पनि त्यसै युद्धमा मारिएको र

दानव प्रवृत्तिको हिटलरको पनि त्यसै दिन दाहसंस्कार भएको तथा थियोडोराको भाइको शरीरका टुक्रा सडकमा छरिएको थियो भनी प्रमुख 'म' पात्रसंग एउटी किशोरी थियोडोराले सुनाएको दर्दनाक घटनाको वर्णन गरिएको छ ।

दैविक प्रकोप भएतापनि नेपालको महाभूकम्प आउँदा धेरै मानिसको विनाश भएर पनि देउताले आफ्नो वासस्थान कमसेकम बँचाएर राखेका थिए तर त्यहाँ त दानव स्वभावका मानिसले देउता सम्मलाई जीवित राखेनछन् भनी 'म' पात्रद्वारा व्यक्तिएको र युद्धबाट बाँचेका मानिसहरूले आफू बाँचेर पनि बाँचेको नभइ मुटुमा चिहान लिएर बाँचिरहेको भन्ने कुराको समेत उल्लेख गर्दै उपन्यासकारले लक्ष्मीलाई पत्र पठाएको प्रसङ्गलाई यस भागको मुख्य विषयवस्तु बनाइएको छ ।

उपन्यासको सातौँ भागमा 'म' पात्रको हानोवर यात्राको योजना नभएको तर बर्लिनबाट फर्किदा त्यहीँबाट फर्कने र कलकतासँग जोड्ने जहाज छुटेको कारणले एकदिन हानोवरमा रहनुपरेको उल्लेख गरिएको छ । उनले त्यहाँ युद्धका कारण पूराका पूरा ध्वस्त भएका शहर इच्छा नहुँदा नहुँदै पनि एउटी सानी बालिकाको आग्रहले हेर्न गएको भन्ने उल्लेख गरिएको । ती बालिकाको नाम इल्जे थियो । यस भागमा इल्जेका बूढा-बूढी भैसकेका आमा बुबा छन् । उसको भाइ युद्धमा बम खसेर मरिसकेको हुन्छ । युद्ध र छोराको मृत्युका कारण आहत भएका इल्जेका बुवा देउताको कुरा गर्दा देउता सेउता केही पनि छैनन् मरिसके भन्छन् भने आमा छन् ,अवश्य छन् भन्छिन् । इल्जेलाई बुबा-आमाको देवताको बारेमा यसरी चलेको बहसी झगडाबाट दिक्क लाग्दछ । यसरी इल्जेका बुबा-आमा बृद्ध भइसकेका र आफ्नो भाइ पनि युद्धमा मारिइसकेका कारण एउटी सामान्य बालिका बेसहारा बन्न पुग्छे । आफूँ बाँच्न र घर चलाउनका लागि उसले अन्य कुनै विकल्प नपाएकाले युद्धमा खटिएका सैनिकहरुलाई आफ्नो बाल्ययौवन लुटाएर बाँच्नुपरेको बाध्यतात्मक र दयनीय अवस्थालाई कथामा प्रस्तुत गरिएको छ ।

दोस्रो विश्वयुद्धका कारण जर्मनीमा सबै लोग्नेमान्छे मारिइसकेका कारण युद्धको दर्दनाक पीडा समन गर्नुका साथै त्यहाँका हजारौं स्वास्नी मानिसले प्रेम गर्ने मौकाबाट वञ्चित हुनुपरेको बाध्यात्मक स्थितिको समेत वर्णन गरिएको छ । युद्धका कारण तहसनहस पारिएका युरोपियन मुलुकका कलिला बालिकादेखि युवतीसम्मले जीवनलाई सञ्चालन गर्नका लागि आफ्नो अस्तित्त्वलाई बेचेर क्रूर सेनाहरुको यौन तृप्ति गराउनु परेको दुःखद परिस्थितिको समेत वर्णन गरिएको छ । त्यो अवस्था देख्दा 'म' पात्रलाई समेत लक्ष्मीलाई चिठी लेख्न मन नभइ रोइरहन मन लागेको कुराको  यस भागमा वर्णन गरिएको छ ।

प्रस्तुत 'हिटलर र यहूदी ' उपन्यासको आठौं भाग इल्जेले 'म' पात्रलाई बन्दी शिविरको यात्रा गर्न खोज्दा 'मरेका मानिसहरुको चिहान हेर्न नजाऊ' भन्दा आफूलाई त्यसले शिविरको यात्रा झन् सम्भव पारिदिएको भन्ने प्रसङ्गबाट अगाढि बढेको छ । इल्जेले नै प्रमुख पात्रलाई आर्मीको ट्रकको व्यवस्था मिलाइ दिन्छे र फेरि पनि ऊ 'तिमी किन जान्छौं त्यहाँ ?' भनी प्रश्न गर्छे तर 'म' पात्र त्यहाँबाट आफ्नो यात्रा अगाडि बढाउछन् । उनी यात्रा गर्दै जाँदा गाउँ देहातको दृश्य देखेर केही क्षण आनन्द महसुस गर्न पुग्दछन् । उपन्यासकारलाई फेरि क्षणभरमै उदासिनताले भरिदिन्छ र थियोडोराले असंयम भएर रोएकी र हिटलरको चिहान देखाएको सम्झन पुग्छन् । केही क्षण आफूलाई पनि प्रतिशोधले व्यापक व्यूहभित्र हुलेको महसुस गर्छन् । 'म' पात्रसँग ट्रकमा लङ्गडो सिपाहीसँग भेट हुन्छ र ऊ आफू हिटलरको साथी भएको उल्लेख गर्छ । उनी त्यही लङ्गडो सिपाही वा लियोनार्डोको सहयोग पाएर दाहगृहको नजिक पुग्छन् र अलि टाढैबाट हेर्छन्, जहाँबाट मान्छे पोलिएको मासुको दुर्गन्ध आइरहेको थियो । त्यहाँ हजारौं यहूदीहरुको शरीर जलिरहेको थियो भने अर्कातिर छेवैमा खोलेका जूताको पहाड देखिन्थ्यो । त्यतिकैमा लङ्गडाले ईश्वरले झुट्टो नबोलावस् तर मान्छेको मासुको गन्ध एकनाशको पोलिएपछि चाहे आर्य होस् चाहे यहूदी वा जिप्सीको भनी मानिस सबै समान भएको

भाव व्यक्त गर्दछ । लङ्गडो सिपाही आफ्नो कर्तव्यप्रति अडिक रहेको र आफैं पनि राष्ट्रनायक हिटलरको नाउँमा लङ्गडो शरीर राष्ट्रलाई अर्पण गर्न चाहेको कुरा व्यक्त गर्दछ । क्रूर हिटलरद्वारा मारिएका यहूदीहरूको रगतको खोलो थियो । त्यहाँ मोरीसक्थो नामकी एकजना नारी थिई र उसले आफू बूढी भएकाले आफ्नो घरमा ग्राहकहरूलाई सन्तुष्टि दिलाउन तरुणीहरूलाई बोलाउथी, त्यसमा कति यहूदी युवतीहरूसमेत हुन्थे । ऊ तिनीहरूलाई दरिद्र बर्दीवालाहरूको शिकार बनाइदिन्थी । यसरी यस भागमा हिटलरवादीहरूद्वारा कयौं युवतीहरूको अस्मितामाथि बलत्कार गर्दै र लाखौं लाख बालबालिका तथा बूढाबूढीहरूको नरवली चढाइ मानवसंहार गरेको कथावस्तु प्रस्तुत गरिएको छ ।

उपन्यासको नवौं भागमा उपन्यासकार यहूदीहरूको आहुती दिइएको ग्याँससच्चाम्बर र त्यहाँ ध्वस्त भएका सम्पूर्ण दृश्यहरू भरदिन अवलोकन गरेर पुनः सिपाही लिओनार्डोको आश्रममा फर्केको र बेलुका ती दिउसोका कहालीलाग्दा दृश्यहरू सम्झेर आफूँ स्तब्ध हुँदै यी हुन नसक्ने र इतिहासले नै बेहोर्न नसक्ने कुराहरु कसरी हुनसक्छ ? भन्दै चिन्तित र भयभित भएको प्रसङ्गबाट विषयवस्तु अगाडि बढेको छ । 'म' पात्रलाई सुत्दा सपनामासम्म ती दृश्य क्याम्प कमाण्डर, बूढी मेयरनी, मासु पोलेको र बोसोको गन्ध, जूताको पहाड, हिटलरको तस्वीरले तर्साइरहन्छ । हिटलरले दैवत्त्वविहीनको धर्मप्रतिपादित गीतालाई लिएर हिँड्छु, यथार्थमा म दयालु पनि होइन र निष्ठुर पनि होइन भन्दै सपनामा ईश्वरसँग तर्क गरेको प्रसङ्ग यसमा उल्लेख गरिएको छ । यहाँ ईश्वर र जर्मनजाति हिटलरबीच भएको वार्तालापका साथै हिटलरले इन्द्रिय सुख तथा आफ्नी प्यारी एभाको प्रणय निमन्त्रणा समेत जर्मन राष्ट्रको उत्थानका लागि अस्वीकार गरेको र आफूलाई दोषमुक्त तथा निर्मल प्राणी हुँ भनी प्रमाणित गर्न खोजेको कुराको वर्णन गरिएको छ । यसमा 'म' पात्र ग्यासच्याम्बरबाट साँच्चीनै मृत्युलाई सपना र विपनाको कल्पनाको छलद्वारा अल्मल्याएर फर्कन सफल भएछु, ममा चैतन्यको अवशेष

बाँकी रहेछ, नितान्त जीवनशून्य नभै बाँचेको रहेछु भन्ने महसुस गर्दछन् । त्यसपछि उनी इल्जेले आफूलाई सहयोग गरी जीवित स्वदेश फर्किने मौका दिएकोमा उसलाई धन्यवाद दिँदै ती सम्पूर्ण घाउहरू मुटुभित्र लिएर घरतिर जहाजबाट प्रस्थान गर्दछन् र यस नवौँ भागको कथावस्तु सकिन्छ ।

उपन्यासको दशौँ भागमा 'म' पात्र लण्डनबाट त आफूँ स्वदेशका लागि पहिला नै फिर्ता भैसकेको तर त्यसपछि बीचमा केही हप्ता जर्मनमा बिताउनु परेको र त्यहाँको त्यो समय बिताउनुपर्दा उनलाई युग बिताएको अनुभव हुन्छ । उपन्यासकार अथवा प्रमुख 'म' पात्र जब जर्मनको हानोवर छोड्छन् तबमात्र आफ्नो परदेशको यात्रा समाप्त भएको अनुभव गर्छन् ।उनको त्यहाँबाट स्वदेश फर्किदाको यात्राको क्रममा एकजना डा. सुनिल नाम गरेको बङ्गाली व्यक्तिसँग भेट हुन्छ । उनीहरूबीच यात्राकै क्रममा हिन्दुस्तानी र जर्मन जातिमा सादृश्यता भएको विषयमा कुराकानी हुन्छन् । उनीहरूका बीच जर्मन र हिन्दुस्तानीमा सादृश्य भएता पनि हिन्दस्तानी अध्यात्मवादी र जर्मनी आर्दशवादी भएकाले जातीय गुण नमिल्ने र रूस, स्लाभ जाति त झनै बर्बर जाति हो भन्ने जस्ता विषयमा पनि कुराकानी हुन्छन् । यहाँ दोस्रो विश्वयुद्ध आर्य र अनार्यबीचको महाभारत भएको उल्लेख छ । त्यस युद्धमा डा. सुनिलको भाइसमेत मारिएको हुन्छ । यहाँ कर्मवादी दर्शनको महान ग्रन्थ गीताको चर्चा-परिचर्चा गरिएको छ । यस भागमा 'म' पात्रले इजरायल जाने जहाज तत्कालै नपाएकाले बाइस घण्टाजति पेरिसमा रोकिनुपरेको कुरा उल्लेख छ । 'म' पात्रलाई बङ्गाली डा.को हिटलरलाई आर्दशवादी नेता ठान्ने र दर्शनको महल खडा गरेर ढुक्क हुने प्रवृत्ति मन पर्दैन । ट्याक्सीमा यात्रा गरिरहेका बेला डा.सुनिलको अर्को एकजना कलकता र दिल्लीका प्रमुख पत्रहरुका स्थानीय प्रतिनिधि बङ्गाली साथीसँग भेट हुन्छ र उनीहरूका बीच परिचयपात्र हुन्छ । उनीहरू पेरिसको एउटा होटलमा पुग्छन् । त्यहाँ होटलका ग्राहक र अन्य वुद्धिजीवि, पत्रकार, राजनीतिज्ञ,दार्शनिक आदिको भीड रहन्छ । उपन्यासमा डा.सुनिलद्वारा पेरिसका

दृश्यचित्रआदिको वर्णन गरिएको कुराको साथै कसैले हिटलर, कसैले रुस, स्टालिन र जर्मन आदिका विषयमा आफ्नै किसिमको तर्क प्रस्तुत गरी तातो-तातो बहस गरेको र हिटलर र जर्मनी एउटै तत्त्व भएका तथा स्टालिन र हिटलर परस्पर विरोधी घटना हुन् भनेका कुराको वर्णन छ । त्यस दिनको पेरिस बसाइ र घुमाइको अनुभवले 'म' पात्र अहिलेको दुनिया सांसारिक मिचामिच, दौडादौड र भागाभागमा रिङिएको छ भन्ने छाप बोकी आफू पनि रन्थनिदै र रिङिदै पेरिसका दुई सहृदयी बङ्गाली मित्रसँग बिदाइ हुँदै इजरायलका लागि जहाज चढ्छन् र यस दशौँ भागको कथावस्तु पूरा हुन्छ ।

यस 'हिटलर र यहूदी' उपन्यासको एघारौँ अथवा अन्तिम भागमा आइपुग्दा 'म' पात्र यस भागको सुरुमा समुद्रमाथि उडिरहेको जहाजको यात्रा गरिरहेका हुन्छन् । उनी जहाजबाट तलतिरका सुन्दर दृश्यहरु अवलोकन गर्नुका साथ साथै आफूले पेरिस लगायत अन्य थुप्रै ठाउँहरूको यात्रा गरेको अनुभव र संस्मरण गर्दै यात्रारत रहन्छन् । त्यतिकैमा उनी चढेको जहाज इजरायल पुग्छ । 'म' पात्र त्यहाँ उत्रेर भन्सार अड्डाको तगारो काटेर बाहिर आउना साथ खागी पैन्ट र हाफ सर्ट लगाएको मान्छे स्वागत गर्दै तपाई नेपालबाट आउनुभएको होइन भन्दै उनको सुटकेश हातबाट लिएर घरपट्टिको शिष्टाचारले तपाईको सेवामा एक हप्ताका लागि तपाईको मित्र र गाइड, हिस्ट्रडबाट खडिएको हुँ, स्वागत छ इजरायलमा भन्छ । त्यसपछि उसको व्यवहारले 'म' पात्रलाई पक्कै पनि बम्बईबाट जहाजमा यात्रा गर्दाको गोल्डवर्गले आफूँ इजरायल आउने कुराको खबर पठाइसकेको रहेछ भन्ने लाग्छ र उपन्यासको एघारौँ भागका साथै यस उपन्यासको सम्पूर्ण कथावस्तु टुङगिन्छ ।

## ४.३ चरित्र चित्रण :

'हिटलर र यहूदी' उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाले धेरै पात्रहरूलाई समावेश गरेको भएता पनि सबै पात्रहरूलाई सफलताका साथ प्रयोग गर्न सफल भएका छन् ।कथावस्तु 'म' पात्र

अथवा कोइराला स्वयंले यात्रा गर्दाको वर्णन भएकाले यात्रा गर्दा यात्राका क्रममा आफूसँग भेट भएका र थोरैमात्र सुनेका वा काल्पनि पात्रहरू यसमा आएका छन् । कोइरालाका यस उपन्यासमा तीन तहका पात्रहरूको संयोजन भएको पाइन्छ । मूल शीर्षकका अनुसार उपन्यासका प्रमुख पात्र 'हिटलर' स्पष्टरूपले देखिएता पनि यो क्रियाशील पात्र नभइ उपन्यासकारका औपन्यासिक उद्देश्यकमा लागि मात्र संवाहको रूपमा प्रस्तुत भएको देखिन्छ । प्रस्तुत उपन्यासका क्रियाशील मुख्य पात्रहरूमध्ये 'म' पात्र, लक्ष्मी, नारायणन, रेवा, थियोडोरा, इल्जे, लियोनार्डो र डा. सुनिल भट्टचार्य निकै महत्वपूर्ण पात्रका रूपमा देखापर्छन् । डेविड, मिस मार्गरेट, पिता गोल्वर्ग, पुत्र याकूब, मेकडोनाल्ड, स्वेडेनी बूढी आमा, छोरी ग्रेटा र अन्य विविध विचारक, दार्शनिक तथा त्यस्तै विविध दृश्य चरित्रबाट पनि लेखनीय चेतन र अचेतनका मनोग्रन्थीहरू फुकाउने काममा मद्दत पुऱ्याएको पाइन्छ ।

उपन्यासमा कथानकलाई अगाडि बढाउन र उपन्यासलाई जीवन्त तुल्याउन पात्रहरूको महत्वपूर्ण भूमिका हुन्छ । त्यसैले त्यसमा पनि बढी महत्वपूर्ण र कम महत्वपूर्णका आधारमा राखेर हेर्दा प्रस्तुत उपन्यासमा संयोजन भएका तीन तहका पात्रहरूको निम्न प्रकारले वर्गीकरण गर्न सकिन्छ :-

१. **प्रमुख पात्र :-** 'म' पात्र, हिटलर, यहूदी, लक्ष्मी, नारायणन, रेवा देसाई, थियोडोरा, इल्जे, सुनिल भट्टाचार्य, लियोनार्डो ।

२. **सहायत्र पात्रः-** डेविड, मिस मार्गरेट, बूढो गोल्वर्ग, याकुब गोल्डवर्ग, स्वेडेनी बूढीआमा, मेकडोनाल्ड, ग्रेटा ।

३. **अन्य पात्रः-** जापानी ठिटो, रुडोल्फ, मेयरनी, इभान, अंग्रेज, आमा-छोरा, डोरिस, ईश्वर, विद्वान, दार्शनिक र विभिन्न चित्रदृश्यहरु ।

तल उपन्यासका प्रमुख पात्र, सहायक पात्र र केही अन्य पात्रहरू समेतको चरित्र चित्रण गरिएको छ ।

## प्रमुख पात्रः

### १. 'म' पात्र

यस उपन्यासमा उपन्यासका क्रियाशील पात्रहरूमध्येको 'म' पात्रलाई नै प्रमुख पात्रको रूपमा उभ्याइएको छ । प्रस्तुत उपन्यासमा आरम्भदेखि लिएर अन्त्यसम्म 'म' पात्र अथवा प्रमुख पात्रको नै निरन्तर उपस्थितिले गर्दा उसको जीवनको भोगाइ र अनुभवको सेरोफेरोलाई आधार बनाएर उपन्यास पूर्ण भएको पूर्ण भएको पाइन्छ । 'म' पात्र यस उपन्यासको अनुकूल पात्र भएकाले ऊ नै उपन्यासको नायक भएको देखिन्छ ।

यस उपन्यासको प्रमुख 'म' पात्र आफूँलाई केन्सर रोगले ग्रस्त बनाएको र नेपाल तथा भारतमा समेत उसको उपचार सम्भव नभई त्यो भन्दा बाहिर जानुपर्ने भएकाले आफ्नो उपचारको लागि नेपालको काठमाडौबाट आफ्नी प्यारी पत्नी लक्ष्मीलाई समेत काठमाडौंमै छोडी एक्लै उपचारको सिलसिलामा निस्किन्छ । ऊ भारतको बम्बइबाट सबै यात्रीसंग परिचय गर्दै मित्रवत व्यवहार गर्छ । यसरी हेर्दा ऊ सरल स्वभाव र मिलनसार देखिन्छ । म पात्र अरूको अनुहार हेरेर नै उसको दुःख र पीडालाई बुझ्न सक्ने र दयालु स्वभावको देखिन्छ । एकातिर प्रमुख पात्र आफूँ पनि पढेलेखेको र समझदार भएकाले यात्राभर कसैसँग कुराकानी गर्दा पनि कुरा पुऱ्याएर र सोचेसम्झेर कुरा गर्ने सचेत खालको व्यक्तित्त्वको रूपमा देखापरेको भएता पनि जहाजको यात्रा गरिरहेको बेला रेवासँगको उठबसको क्रममा रेवासँगको मैथुनिक कार्यले यौनजन्य ईन्द्रियलाई वशमा राख्न नसक्ने व्यक्तित्त्वको रूपमा चिनिन्छ । 'म' पात्र उपचारका लागि लण्डन जाने क्रममा ऊ युरोपका अन्य विभिन्न मुलुकको समेत भ्रमण गर्न पुग्दछ र इजरायलमा दोस्रो विश्वयुद्धको नरसंहार तथा त्यहाँका भग्नावशेषलाई देखेर अत्यन्तै दुःखी र मर्माहत बन्नपुग्छ ।

प्रस्तुत उपन्यासका प्रमुख 'म' पात्र अहिलेको संसारको जताततैको भागदौड तथा भीड र अरूको दुःखलाई देखेर आफ्नो रोगको पीडालाई समेत बिर्सिन पुग्दछ । 'म' पात्र आफूँ विदेशको रमझममा भुलिएता पनि आफूँले घरमै छोडेर गएकी प्यारी पत्नीलाई

समय समयमा युरोपको वर्णन गरेर पत्र पठाइरहन्छ। यसरी हेर्दा 'म' पात्र एउटा आफ्नो घरको जिम्मेवारी, कर्तव्य र पत्नीपरायण धर्म तथा प्रेममा पनि त्यतिकै सचेत रहेको देखिन्छ । युरोपको नरसंहारलाई देखेर आहत भएको 'म' पात्र यो सम्पूर्ण पूर्वीय गीतादर्शनको प्रभाव भनी गीताजस्तो हिन्दूहरूको धार्मिक तथा पवित्र ग्रन्थलाई दोषी ठान्दछ र नरसंहारक हिटलरलाई महाभारतको कृष्णसँग तुलना गर्न पुग्दछ । उपन्यासको अन्त्यमा युद्धको नरसंहारकारी दृश्य देखेर अत्यन्त दुःखी हुँदै आफू बस्ने कोठामा फर्केर हृदयदेखि नै भावुक भइ रून पुग्दछ र आफ्नी प्यारी लक्ष्मीलाई समेत युरोपको वर्णन गरेर चिठी लेख्न नसक्ने अवस्थामा पुग्दछ। यसरी हेर्दा उपन्यासको प्रमुख 'म' पात्र ऊ एउटा आफ्नो भन्दा अरूको दुःखमा चिन्ता राख्ने, भावुक र अत्यन्तै दयालु स्वभावको देखिन्छ । ऊ दोस्रो विश्वयुद्धको जिम्मेवार पूर्वीय गीतादर्शन र क्रूर हिटलर भएको ठहर गर्दै संसारमा युद्ध होइन शान्ति हुनुपर्दछ र मान्छेले मान्छेको नै हत्या गर्न पाइदैन, यसको अधिकार कसैलाई छैन भन्नेमा पुग्दछ।

यसरी समग्रमा हेर्दाखेरि उपन्यासको प्रमुख 'म' पात्र अत्यन्तै चेतनशील, भावुक, दयालु, कर्तव्यपरायण र ईश्वरलाई समेत नछोडी मानव संहार गर्ने दानव प्रवृत्ति भएका मानिसहरूप्रति घृणा र विद्रोह गर्ने चरित्र भएको व्यक्तिको रूपमा प्रस्तुत भएको छ।

## २. हिटलर

उपन्यासका प्रमुख पात्रका रूपमा मूल शीर्षक अनुरुप, 'हिटलर' स्पष्टतः देखिएता पनि ऊ उपन्यासको क्रियाशील पात्र नभई औपन्यासिक उद्देश्यका लागि संवाहकका रूपमा उपस्थित भएको अथवा गराइएको देखिन्छ। उपन्यासमा हिटलर निर्दयी, क्रूर र नरसंहार गर्ने एक दानवी चरित्रको रूपमा प्रस्तुत भएको छ । हिटलर दोस्रो विश्वयुद्धका नाममा लाखौं-लाख निर्दोष यहूदीहरूको विनाश गर्ने एक क्रूर र दुष्ट चरित्र भएको पात्रको रूपमा उभिएको छ । ऊ कृष्णको वैवत्त्वविहीनको धर्म प्रतिपादित गीतलाई आफ्नो सदासर्वदाको सुरक्षा कवच ठान्दछ। हिटलरको लागि मानिस मार्नु

र हत्या गर्नु जस्ता कुरा सामान्य हुन्छन् । आफूलाई नै ईश्वर ठान्ने हिटलरको विचारमा 'यदि कसैले प्रेमले या घृणा या निष्ठुरताले कसैलाई मार्छ भने त्यो नरहत्या वा पाप हो, तर युद्धमा लाखौँको लाख प्राणीको हत्या पनि आशक्तिरहित र अवैयक्तिक छ भने त्यो धर्मसम्मत र पुण्यवान कार्य हुनजान्छ ' (उपन्यासकार २०६६, सातौ संस्करण, पेज नं. १११) भन्ने छ ।

हिटलर आफूलाई आर्य संस्कृतिको पालना गर्ने र गीतालाई साथमा लिएर हिडने व्यक्तिको रूपमा स्थापित गर्दै धर्म, कर्तव्य र मानव रक्षाको नाममा उल्टै नरसंहार गर्ने क्रूर र दानवी प्रवृत्ति को चरित्र भएको पात्रको रूपमा प्रस्तुत भएको देखिन्छ । जर्मनमा युगौदेखि बस्तै आएका निर्दोष यहूदीहरुमाथि अन्याय र अत्याचार गर्ने हिटलर मानवताको उल्लङ्घन गर्ने तथा मानवसंसारलाई तहसनहस पार्ने एक चरम निकृष्ट चरित्रको रूपमा चिनिन्छ । यसका निम्ति निर्दोष यहूदीहरूका बूढाबूढी देखि लिएर कलिला बालबालिकाहरूलाई समेत आफ्नो ग्याँसच्याम्बरको वेदीमा होमी खरानी पार्नु र तरूनी वा युवतीहरूलाई बलत्कारको शिकार बनाइ उनीहरूको अस्तित्त्वलाई लुट्नु र बेसहारा बनाउनुजस्ता निकृष्ट कार्यहरू सामान्य भएको देखिन्छ । हिटलर प्रस्तुत उपन्यासमा आफूलाई हिन्दूहरूको गीतादर्शनको कृष्णसँग तुलना गर्दै आफू त्यसबेलाको शक्तिवान ईश्वर भएको दावी समेत गर्न पुग्दछ ।

यसरी आफ्ना लागि नव राष्ट्र र मानवहितका लागि आफूलाई समर्पित ठान्ने विशौं शताब्दीको तानाशाही हिटलर लाखौं लाख निर्दोष मानिसहरूमाथि अन्याय र अत्याचार गर्दै हत्या गर्ने हत्यारा चरित्रको रूपमा देखिएको छ ।

**३. यहूदी**

यहूदी भन्नाले पूरै यहूदी जातिलाई बुझिन्छ । यहूदीहरू पहिला त्यहाँ बसिरहेका लाखौं लाख पेलिस्टाइनहरूलाई त्यहाँबाट घरवारविहीन बनाइ धपाएर आफू राज गरी बसेका जाति भएको देखिन्छ । इजरायल यहूदीहरू आउनुभन्दा पहिलाको अरव देश भएको देखिन्छ । पछि  हिटलर शासकले आफ्नो शासनकालमा

पहिला त्यसरी बसेका पेलेस्टाइनलाई उखेलेर मुलुकबाटै फ्याँकिदिने यहूदीहरूमाथि त्यो भन्दा बढी अन्याय र अत्याचतार गरी यहूदीहरूको पनि त्यस्तै विनाश गर्न पुगेको देखिन्छ । यहाँ प्रस्तुत उपन्यासकै पात्र नारायणनकै 'यहाँ कसैले कसैलाई मार्न सक्दैन, यहाँ मर्ने भनौं या मार्ने यी सबै नियतिका माध्यम हुन् ' ( उपन्यासकार, २०६६ सातौ संस्करण, पेज नं.२६) भन्ने भनाइलाई दृष्टिगत गर्दाखेरि पनि वास्तवमा यहूदीहरू आफ्नो कुकर्म र नियतिकै चक्रमा परेर यसरी उनीहरूको पूरै जातिको विनाश हुनुपरेको हो कि भन्ने पनि लाग्दछ । चाहे जे होस यहाँ क्रूर हिटलरद्वारा विनाश गरिएका यहूदीहरू अन्याय र अत्याचारको पराकाष्ठामा पुगेर पिसिएका अदृश्य र सामूहिक पात्रको रूपमा देखिएका छन् । उपन्यासकारद्वारा यो समस्या मात्र यहूदीको नभएर बिशौं शताब्दीका यहूदीहरूजस्तै अहिलेका संसारका सबै मानिसहरूको एउटै समस्या रहेको कुरालाई प्रष्टयाउँदै यहूदीहरूलाई प्रतिनिधि पात्रको रूपमा उभ्याइएको देखिन्छ ।

यसरी हेर्दाखेरि यहूदीहरू बिशौं शताब्दीको हिटलरको शासनकालमा हिटलरद्वारा गरिएको अन्यायको प्रतिरोध गर्न उति नसकेका सरल र सोझा व्यवहारको चरित्र भएका देखिन्छन् ।

## ४. लक्ष्मी

लक्ष्मी प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासका थुप्रै नारीपात्रहरूमध्येकी एक हो । लक्ष्मी यस उपन्यासका प्रमुख 'म' पात्रकी गृहलक्ष्मी वा गृहस्वामिनीका रूपमा प्रस्तुत भएकी हिन्दूनारीको उत्कृष्टतम नारी चरित्रको उदाहरण हो । उपन्यासको दोस्रो भागदेखि मध्यभाग अथवा सातौं भागसम्म प्रमुख 'म' पात्रकी असल पत्नी वा गृहलक्ष्मीको रूपमा प्रस्तुत भएकी र पतिसँगको भेटमा लगातार एकपछि अर्को सन्तानको अपेक्षा राख्ने नारी चरित्रको रूपमा प्रस्तुत भएकी छे । ऊ आफ्नो स्वास्थ्य लाभका लागि सामाजिक समस्यासँग जुधेर सम्पूर्ण व्यवस्था सक्षमताका साथ सफल पार्नसक्ने एक साहसी नारी व्यक्तित्त्वको रूपमा चिनिन्छे । 'म' पात्रकै 'पत्नी हुनु त लक्ष्मी जस्ती होस'् भन्ने

भनाइले लक्ष्मी एउटी पतिप्रतिको कर्तव्यपरायण पत्नीको रूपमा देखिएकी छे । लक्ष्मी समाजका समस्याग्रस्त कुराहरू समाजलाई आवश्यक देखिएमा विभिन्न कोणबाट सुल्झ्याउन सक्ने नारी चरित्रको रूपमा प्रस्तुत भएकी छे । पतिको स्वास्थ्य लाभका लागि आफ्नो भौतिक शरीरलाई समेत महत्त्व नदिइ सम्पूर्ण रूपले पतिकै अस्तित्त्वमा आफूँलाई विलिन नै गराउने एक सहज, प्राकृत र आदर्शमयी नारी चरित्र भएकी पात्रको रूपमा चिनिन्छे ।

यसरी हेर्दाखेरि पत्नी वा गृहस्वामिनी लक्ष्मीजस्तै चरित्र भएकी हुनुपर्छ र यस्ता चरित्र भएका नारीपात्रबाट मात्रै मानवता संरक्षित हुनसक्छ भन्ने सन्देश लक्ष्मीको चरित्रबाट पाउन सकिन्छ । यहाँ लक्ष्मीको चरित्र कसैद्वारा संचालित नभइ स्वतर्स्फुत भएको र नारी अस्मिताद्वारा परिचालित भएको देखिन्छ ।

**५. नारायणन**

यस उपन्यासको दोस्रो क्रियाशील पुरुषपात्रको रूपमा नारायणनको उपस्थिति भएको छ । नारायणन उपन्यासको धेरै भागमा नभइ थोरै भागमा मात्रै उपस्थित भएको देखिएता पनि ऊ एउटा पढेलेखेको र विभिन्न लेख आदि समेत लेख्ने लेखक, दार्शनिक तथा विद्वानका रूपमा चिनिन्छ । उपन्यासको तेस्रो भागबाट देखापरेको नारायणन चौथो भागमा नै पुगेर उसको यात्रा समाप्त भएको देखिन्छ । उसको 'म' पात्रसँगको छोटो समयको मात्रै भेटघाट भएपनि उसको उपस्थितिले उपन्यासको गतिलाई अगाडि बढाउमा ठूलो भूमिका निर्वाह गरेको पाइन्छ । नारायणन मद्रासको हिन्दुस्तानी ब्राम्ह्ण नियतिवादी र हिन्दू संस्कृति वा पूर्वीयदर्शको कट्टरवादी तथा उच्चकोटीका हिन्दू विचारले ओतप्रोत व्यक्ति देखिन्छ । ऊ हिन्दू दर्शनप्रति एकोहोरो आस्था र विश्वास राख्ने तथा अस्तित्त्ववादमा मूल्य र मान्यता अनि नियतिको भूमिकालाई सर्वोपरि मान्ने चरित्रको रूपमा प्रस्तुत देखिन्छ । नारायणन आफ्नो जातीय संस्कृतिको मर्यादालाई पालना गर्ने सहज भावना भएको र गीतादर्शनका मर्महरूलाई आत्मसात गर्ने चरित्रको रूपमा उभिएको छ ।

प्रस्तुत उपन्यासमा नारायणन नारीजातिको महिमा प्रेमीका हुनमा मात्र नभइ मातृत्त्वको गरिमालाई अगाडि बढाउनाले बढ्न सक्छ भन्ने विचार बोकेको पात्रको रूपमा प्रस्तुत भएको देखिन्छ । नारायणन नियतिलाई सम्पूर्ण ब्रह्माण्डको कर्मयोग र ईश्वर ठान्दछ । उसको विचारमा 'साठी लाख यहूदी मार्ने हिटलर त नियति मात्र हो । यहाँ कसैले कसैलाई मार्न सक्दैन, यहाँ मर्ने भनौं या मार्ने यी सबै नियतिका माध्यम हुन् (उपन्यासकार २०६६ सातौ संस्करण, पेज नं. २६) भन्ने छ । यसरी हेर्दाखेरि नारायणन हिन्दूसंस्कृति र परम्परामा अटल विश्वास राख्ने तथा बौद्धिक व्यक्तित्वको रूपमा यस उपन्यासमा उपस्थित भएको पाइन्छ ।

**६. रेवा देसाई**

स्त्री-पात्र मध्येकी रेवा पनि एक हो । गुजराँती युवती रेवा 'म' पात्रको जहाजको यात्रामा भेट भएर चिनजान बढाएकी र युरोपमा रहेको आफ्नो पतिलाई भेट्न हिँडेकी एक नारी पात्र हो । रेवाको उपन्यासको चौथो भागबाट पाचौं भागसम्ममा मात्रै उपस्थित भएको देखिन्छ । समयका हिसाबले रेवाको 'म' पात्रसँगको उठबस छोटो देखिएता पनि त्यतिकै समयमा उपन्यासलाई जीवन्त तुल्याउन उसको महत्वपूर्ण भूमिका रहेको नारीपात्रको रूपमा लिन सकिन्छ । रेवा यहाँ स्वभाविक नारीयौन चेतनाको रूपमा व्यक्त भएकी छे । ऊ स्वच्छन्द गामिनी, यौन व्याभिचारिणी स्त्रीको रूपमा प्रस्तुत देखिन्छे । उसको विचारमा नारी स्वतन्त्रता हुनुपर्छ र पूर्वीय नारीहरू पनि पश्चिमी नारीहरू सो सरह स्वतन्त्र हुनुपर्दछ भन्ने दृष्टिकोण छ । त्यसैले ऊ नारायणनसँगको बहसमा 'त्यसोभए के हिन्दूनारीलाई पश्चिमी नारी सरह स्वतन्त्र आचरणको अधिकार छैन?'(उपन्यासकार २०६६ सातौ संस्करण पेज नं.७२) समेत भन्न पुगेकी छे । 'म' पात्रको एघारदिने पानी जहाजको यात्राभरि प्रस्तुत भएकी रेवाका जति पनि क्रियाकलापहरू छन्, तिनले ऊ एउटी उन्मुक्त र विकसित चरित्र भएकी नारीपात्रको रूपमा देखिन्छ । उसले स्वतन्त्रता र उन्मुक्तिको आडमा आफ्नो युरोपमा भएको पतिलाई भेट्न जाँदा बाटामा जहाजमै आफ्नो पतिको एकलौटी

अधिकारलाई अलिकति पनि असजिलो नमानी परपुरुष वा 'म' पात्रमा समेत बाटनुले ऊ स्वैच्छिक यौनचारी र ईन्द्रियलाई वशमा राख्न नसकेकी नारीपात्रको रूपमा प्रस्तुत भएकी देखिन्छे । यसरी हेर्दाखेरि रेवा उन्मुक्त, विकसित र नारायणनसँगको कुराकानीमा तर्कपूर्ण ढङ्गले बहस गर्न सक्ने नारीको रूपमा प्रस्तुत देखिएता पनि हिन्दू संस्कार अनुसार नसुहाउँदो र चरित्रहीन नारीपात्रको रूपमा लिनसकिन्छ ।

**७. थियोडोरा**

थियोडोरा यस उपन्यासकी छैटौँ भागभरिमा मात्रै देखापरेकी नारी पात्र हो । ऊ प्रमुख 'म' पात्रका लागि बर्लिनको एउटा होटलबाट गाइडको रूपमा खटिएकी हुन्छे । थियोडोरा सहयोगी, सरल तथा भावुक हृदय भएकी नारी चरित्रको रूपमा प्रस्तुत छे । उसका आमा-बुबा, भाइ र आफ्नो प्रेमीसमेत युद्धमा मारिएर बेसहारा भइ जीवनयापनको लागि होटलको गाइडको रूपमा काम गर्न बाध्य भएकी नारीको रूपमा देखिएकी छे । आफूँ पन्ध्र वर्षको उमेरकी हुँदा आफ्नो सम्पूर्ण परिवारजन गुमाउनुपरेको कारण उसको अनुहारमा उदासिनताले छाएको देखिन्छ । आमा बुबा मारिए पनि १४ वर्षको एउटा भाइ थियो, त्यो पनि रूसी सैनिकलाई लखेट्न भनी जाँदा त्यही मारिएको र आफूँ भाइलाई खोज्न जाँदा क्रूर सैनिकद्वारा भाइका लाशका मासुका टुक्रा र बोसो देखाउँदै उल्टै आफूले नचाहदा नचाहदै पनि जबरजस्ती लुटिएर विक्षिप्त हुनपुगेकी नारीपात्रको रूपमा देखिएकीछे । यस किसिमले युद्धबाट विक्षिप्त बनाइएकी थियोडोराले पटक पटक बलत्कारबाट गुज्रनुपरेकोले उसलाई यौन भन्नु कुनै त्यस्तो रहस्यपूर्ण र आकर्षक वस्तु भएको देखिदैन । थियोडोरा आफ्नो कथाबाट बर्लिनका सबै नारीको एउटै कथा रहेको देखाउदै बर्लिनमा ईश्वर नभएको ठहर गर्न पुगेकी प्रतिनिधि पात्रको रूपमा देखिएकी छे । यसरी थियोडोरा हिटलरद्वारा चलाइएको दोस्रो विश्वयुद्धको कारण नारी अस्मीताका साथै सिङ्गो मानवता नै खतरामा परेको अवस्थाको प्रतीकको रूपमा प्रस्तुत भएकी देखिन्छे ।

## ८. इल्जे

इल्जे 'म' पात्रको 'तिमी प्यारी व्यारी केही पनि होइनौ । मिी अहिले सानै छौँ (उपन्यासकार २०६६ सातौ संस्करण, पेज नं. ८६) भन्ने भनाइले ऊ उपन्यासकी एउटी युवती भैनसकेकी किशोरी पात्र हो । ऊ ज्यादै नक्कले र चंचले स्वभावकी हुन्छे । युद्धमा भाइ मारिएका कारण उसका बुबा देउताको कुरा गर्दा देउतासेउता छैनन् भन्छन् भने भाइका कारण बिरामी परेकी आमा देउता छन्, अवश्य छन् भन्छिन् । इल्जे बुबाआमाको यस किसिमको व्यवहारबाट दिक्क भइसकेकी हुन्छे । ऊ घरका अभिभाभवको सहयोग नपाइ बेसहारा बन्न पुगी जीवन र घर चलाउनका लागि युद्धमा खटिएका क्रूर सिपाहीहरूको यौनतृप्त गराउने कार्यमा लाग्न विवस भएकी नारी पात्रको रूपमा प्रस्तुत छे । इल्जे स्वभावले त्यस्तो नभएकी तर बाध्यताले त्यस्तो चरित्रमा उत्रिन पुगेकी युवती पात्र देखिएकी छे । ऊ वास्तवमा सही खराब छुट्याउन नसक्ने र यौनपूर्ण भैनसकेकी हुन्छे तर पनि उसलाई समयले त्यसो गर्न बाध्य बनाएको छ । ऊ अब त्यसकार्यमा पूरै प्रवृत्त भइसकेकी छे । त्यसैले ऊ 'म' पात्रसँगको भेटमा आँखा झिम्क्याएर 'म' पात्रलाई आफूतिर आकर्षित गर्न चाहन्थे र 'म' पात्रले 'तिमी को हो?भन्दा म इल्जे हुँ, प्यारी इल्जे (उपन्यासकार, २०६६ सातौ संस्करण, पेज नं.८६) भन्छे तर 'म' पात्रले उसको वय र कारुणिक अवस्था देखेर 'तिमी प्यारी व्यारी केही होइनौ । एउटी सानी केटी हौ ( उपन्यासकार, २०६६ सातौ संस्करण पेज नं. ८६) भन्दा 'किन चाहियो उमेर तिमीलाई ? मनभोगको स्वाद खाएर बुझिन्छ ( उपन्यासकार, २०६६ सातौ संस्करण पेज नं. ८६) भन्न पुग्छे । ऊ ग्राहककहरूलाई आकर्षण गर्नका लागि सधैँ श्रृंगारपेटारमा लागिरहन्छे र श्रृंगारका सामान सकिँदा पनि आफूसँग भएको रातो कागज चबाएर ओठमा लाली लगाउने चरित्रको रूपमा देखिन्छे । उपन्यासको सातौँ भागमा मात्रै देखापरेकी उक्त नारी पात्रले युद्धमा पिल्सिएका सम्पूर्ण कलिला बालिका र युवतीहरूले यस्तै भोगाइ

व्यहोर्नुपरेको अवस्थाको दर्दनाक र कारुणिक चरित्रको उद्‌घाटन गरेको छ ।

**९. डा. सुनिल भट्टाचार्य**

'म' पात्रले युरोपको यात्रा सकी स्वदेश फर्किने क्रममा भेट भएको एउटा वौद्धिक पात्र हो डा.भट्टाचार्य । ऊ आर्य संस्कृतिमाथि विश्वास राख्ने र आर्य संस्कृतिको पालना गर्ने चरित्र भएको पात्रको रूपमा उपस्थित छ । उसको विचारमा जर्मन र हिन्दुस्तानी एक वंशका दुई हाँगा भएकाले दुवैमा सादृश्यता छ । हिन्दू अध्यात्मवादी छन् भने जर्मनहरू त्यस्तै आर्दशवादी छन् । यसरी हेर्दाखेरि डा. भट्टाचार्य एकातिर गीतादर्शनलाई हातमा लिएर नरसंहार गर्ने क्रूर हिटलरको पक्षधर चरित्रको रूपमा उपस्थित भएको देखिन्छ भने अर्कातिर 'म' पात्रसँगको सुरुको भेटघाटमा 'महाशय आफूलाई कहिल्यै पनि भारतीय भन्दा भिन्न नठान्नुहो्स (उपन्यासकार, पूर्ववत, पेज नं.१२०) भन्ने भनाइले वसुधैव कुटुम्बकम्' को भावनालाई पनि त्यतिकै आत्मसात गर्ने चरित्रको रूपमा पनि देखिन्छ ।जर्मन हिन्दू दर्शनवादी अथवा ज्ञानवादी भएकाले अंग्रेज र फ्रान्सिसीदर्शनको वुद्धिवादलाई उनीहरूले नस्वीकारेको उसको तर्क छ । उनीहरूले 'विकासको क्रममा शक्तितत्त्वलाई भेट्टाएका छन्, पछि शिव तत्त्वलाई पनि भेट्टाउने छन् (उपन्यासकार २०६६ सातौ संस्करण,पेज नं.१२३) भन्ने भनाइले शिवलाई नै आफ्नो शक्ति मान्ने र हिन्दूदर्शनको महात्म्यलाई स्वीकार गर्ने चरित्र भएको पात्रको रूपमा देखिएको छ ।

**१०. लियोनार्ड**

लियोनार्ड युद्धका कारण एउटा खुट्टटो गुमाएको लङ्गडो र युद्धमा लडाइँ गर्दा एउटै फौजमा रहेर काम गरेको हिटलरको सिपाही साथी रहन्छ । ऊ पहिला युद्धको लडाकु भएपनि युद्धमा खुट्टो गुमाएर लङ्गडो भएपछि सैनिक क्याम्पमा कमाण्डरको रूपमा रहेको हुन्छ । ऊ आफ्नो राष्ट्रका लागि पूरै ज्यान दिनुपरे पनि पछि नहटने र एउटा इमान्दार र राष्ट्रसेवकको चरित्र भएको सैनिक पात्र देखिन्छ । आफ्नो राष्ट्रको बचाउ तथा हकका लागि

लड्नुलाई स्वभाविक रूपमा लिएता पनि युद्धका नाममा मारिएका मानिसहरू चाहे जुनसुकै जातिका हुन्, सबै मानव एउटै भएको मानवीय दृष्टिकोण रहेको छ । यो कुरा उसको 'कोही-कोही भन्थे- यहूदीको लाश गन्हायो है गन्हायो तर ईश्वरले झुट नबोलावस्, मान्छेको मासुको गन्ध एकनासको पोलिएपछि त्यो चाहे आर्य होस्, चाहे यहूदीको चाहे जिप्सीको (उपन्यासकार पूर्ववत् पेज नं. ९६) भन्ने भनाइले पुष्टि गर्दछ । लियोनार्ड आफ्नो घरमा आएको अतिथिको घरपट्टि र गाइडको हैसियतले कर्तव्य पूरा गर्ने व्यक्तिको रूपमा समेत रहेको देखिन्छ । 'म' पात्रको पथप्रदर्शकको रूपमा थोरै समयको लागि मात्रै प्रस्तुत भएको भएतापनि लङ्गडो सैनिकको उपस्थितिले 'म' पात्रलाई दोस्रो विश्वयुद्धको बारेमा धेरै कुराको जानकारी लिन सजिलो भएको र उपन्यासको कथावस्तुलाई पनि अरू सार्थकता बनाउनमा अहम् भूमिका खेलेको देखिन्छ । अन्त्यमा भन्नुपर्दा लियोनार्ड सबै मानिसको सहअस्तित्त्वलाई एकै ठान्ने,सहयोगी दृष्टिकोण राख्ने र राष्ट्रवादी चरित्र भएको पात्रको रूपमा उभिएको देखिन्छ ।

## सहायक पात्र

### १. डेविड

डेविड शताब्दीऔँदेखि अल्पसंख्यक भएर शोषित पीडित र द्वेष तथा अन्धकारको शिकार हुँदै दमन र अत्याचारमा पिल्सिएका, कष्ट र लाञ्छनाको तातो डाम आफ्ना हृदयमा धारण गर्दै आएका यहूदी जाति भएको पुरुष पात्र हो । उसको 'म' पात्रसँग जहाजको यात्राको क्रममा उपन्यासको प्रथम भागमै भेट हुनपुग्दछ । ऊ हिन्दुस्तानबाट युरोप जान चाहने यहूदीहरूलाई डप्फा -डप्फामा मिलाउँदै पठाउने अन्तर्राष्ट्रिय यहूदी संगठनको सदस्य हुन्छ । ऊ यहाँ सम्पूर्ण यहूदी जातिको प्रतिनिधि पात्रको रूपमा देखिएको छ । ऊ सरल, मिलनसार, सचेत र दुःखीको सेवामा आफूलाई समर्पित गर्ने चरित्र भएको पात्रको रूपमा देखिन्छ । ऊ आफूमाथि मार्गरेट नामकी युवतीले हत्याराको संज्ञा दिँदा र आफ्नो मनमा तिरस्कारको कठोर ध्वनि उत्पन्न हुँदा पनि आफूलाई शान्त र सौम्य

व्यवहारमा राख्न सक्ने चरित्र भएको देखिन्छ । 'म' पात्रको साथमा छोटो समयको लागि उपस्थित पात्रले छोटै समय भएता पनि आफ्नो चरित्रलाई प्रदर्शन गर्दै र 'म' पात्रलाई यहूदीहरूको पीडाको अवगत गराउँदै उपन्यासको कथावस्तुलाई अगाडि बढाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

**२. मिस मार्गरेट**

मार्गरेट 'म' पात्रको जहाजको यात्रामा भेट भएकी एउटी लेवनानी युवती पत्रकार हो । ऊ हिन्दुस्तानमा भइरहेको समाजवादी सम्मेलन दवाउन आएकी हुन्छे । ऊ इजरायलबाट अरवीयनहरूलाई लखेट्ने र बिचल्नी बनाइ आफ्नो राज्य कायम गर्ने यहूदीहरू नै हुन् भनी तिनीहरूप्रति आक्रोष प्रकट गर्ने र यहूदीहरुप्रति विद्रोहात्मक चरित्र देखाउने एक नारी पात्रको रूपमा प्रस्तुत छे । मार्गरेट यहूदीबाट कयौँ पेलेस्टाइन तथ अरवीयनहरूको घरवास उठाएको दर्दनाक कथा समेत उपन्यासका 'म' पात्रसँग व्यक्त गर्न पुगेकी छे । यसरी उपन्यासको पहिलो भागको पनि केही अंशमा मात्र देखिएकी मार्गरेट नारी पात्र एउटा निश्छल, सचेत, जागरुक र आफूलगायत सबैमाथि परेको अन्यायको विरुद्धमा विद्रोह गर्न सक्ने नारी चरित्रको रूपमा प्रस्तुत भएकी छे । उसले उपन्यासको कथावस्तुलाई सार्थक बनाउँदै अगाडि बढाउनमा मद्दत पुऱ्याएकी छे ।

**३. बूढो गोल्डवर्ग (जकरिमा गोल्डवर्ग)**

बूढो गोल्डवर्ग एउटा ठूलो यहूदी व्यपारी तथा 'अन्तर्राष्ट्रिय यहूदी संगठन' को केन्द्रीय सदस्य हुन्छ । उसको 'म' पात्रसँग जहाजी यात्राको क्रममा भेट भएको हुन्छ । गोल्डवर्ग सबैमा मैत्रीभाव राख्ने, सरल र अतिथिको सत्कार गर्ने व्यक्तिको रूपमा देखिन्छ । ऊ पनि युद्धबाट विक्षिप्त पात्र हो । ऊ आफ्नो ईश्वर र नियतिमा विश्वास राख्ने चरित्र भएको पात्रको रूपमा उपस्थित छ, त्यसैले ऊ 'यहूदीको कस्तो नियति? ईश्वरले दिएको थलोमा फर्किनपनि सजिलै कार्य सम्पादन गर्न नपाउने (उपन्यासकार पूर्ववत् पेज नं.३३) भन्दै आफ्नो ईश्वरप्रतिको सांस्कारि चरित्रप्रति

घृणा गर्दछ । ऊ यहाँ आफूँ जस्तोसुकै परिस्थितिमा पनि ईश्वरको आज्ञा पालन गर्न नचुक्ने पात्रको रूपमा उभिएको छ । यसरी हेर्दा गोल्डवर्ग कर्म र ईश्वर दुवैमा विश्वास राख्ने व्यक्तिको रूपमा देखिन्छ । उसले 'म' पात्रसँगको भेटमा म पात्रलाई आतिथ्यको रूपमा सत्कार गर्नुका साथै आफूले युद्धमा देखेभोगेका कुराहरू कारुणिकताका साथ आँखाभरि आँसु पार्दै बयान गर्न पुग्दछ । यसरी एकजना यहूदी व्यापारीको उपस्थितिले उपन्यासमा युद्धकालीन अवस्थाको दुःखदायी घटनाको उद्घाटन गर्नुका साथै उपन्यासको कथावस्तुलाई सार्थक बनाउँदै अगाडि लैजानमा ठूलो मद्दत पुऱ्याएको छ ।

**४. याकूब गोल्डवर्ग**

याकूब गोल्डवर्ग पिता जकरिमा गोल्डवर्गको छोरो रहन्छ । ऊ पनि आफ्नो बुबाजस्तै एउटा ठूलो व्यापारी रहन्छ । उसले आफ्नो व्यापारलाई अरू अगाडि बढाउनका लागि लोग्ने मरेकी एकजना मेकडोनाल्ड नाम गरेकी विधुवा महिलासँग हातेमालो गर्दछ । उनीहरू हेर्दा दुवैमा आमा र छोराजस्ता देखिन्छन् तर यथार्थमा त्यस्तो छैन । युद्धबाट पीडित मेकडोनाल्ड नियतिले गर्दा उमेरमा छोरोसमान लाग्ने युवक याकूबको हात समातेर सहारा लिन खोज्छे तर याकूब उसलाई एउटा मनोरञ्जनको साधन र व्यापारिक सहकर्मीको रूपले मात्रै हेर्दछ । यसरी हेर्दा याकूब गोल्डवर्ग युद्धपीडित महिलाहरूलाई मात्र भोग्य र मनोरञ्जनको साधनको रूपमा हेर्ने गर्छ । ऊ त्यस्ता नारीहरूबाट उनीहरूको बाध्यताको फाइदा मात्रै उठाउने एउटा अवसरवादी र चरित्रहीन पात्रको रूपमा देखापरेको छ ।

**५. स्वेडेनी बूढीआमा**

यस उपन्यासकी नारी पात्र'स्वेडेनी बूढीआमा' अत्यन्तै सरल र सोझो व्यवहार तथा आफ्नो अतिथिगृहमा आएका कुनै पनि पाहुनालाई आफ्नै छोराछोरीलाई जस्तै गरी माया गर्ने र सम्मान दिने तथा खानपानमा समेत ध्यान राख्ने स्वभावकी देखिन्छिन् । बूढीआमालाई संस्कारी र वैवाहिक सम्बन्धलाई निष्ठाको विश्वास

राख्ने एउटा निष्ठावान चरित्र भएकी नारी पात्रको रूपमा हेर्न सकिन्छ । हिन्दूहरूले पातिव्रत्यमा सबैभन्दा ठूलो महत्त्व दिएको कुराको उल्लेख गर्नु र हिन्दू पत्नीलाई मरेको पतिसँग पोलिन मनलाग्थ्यो रे ! (उपन्यासकार पूर्ववत् पेज नं.७५) भन्नु जस्ता व्यवहारले उनी आदर्शमयी चरित्र भएकी नारी पात्र भएको स्पष्ट हुन्छ । उनको मायालु व्यवहारबाट प्रभावित भएका 'म' पात्र समेत नेपालमा भएका मायालु थकाल्नी आमाहरूको सम्झना गर्न पुगेका छन् । यसरी हेर्दा स्वीडेनी बूढीआमा अत्यन्तै सहयोगी, सरल व्यवहारका साथै गार्जियनको रूपमा समेत कर्तव्य पूरा गर्न पछि नपर्ने तथा आफ्नो संस्कृति-परम्परा र मर्यादामा अटल रहने चरित्रवान नारीको रूपमा देखिन्छिन् । उनी एउटी असल र ममतामयी आमा तथा सफल सासुको रूपमा समेत चिनिएकी नारी चरित्र हुन् ।

**६. मिसेज मैकडोनाल्ड**

उपन्यासको 'म' पात्रसँग जहाजको यात्रामा प्रत्यक्षरूपमा आफूसँग भेटघाट र कुराकानी नभएपनि जहाजकै यात्रा क्रममा 'म' पात्रको दृश्यपटमाआएकी एक अधवैंसे उमेरकी विधुवा नारी पात्र हो मैकडोनाल्ड । उसको पति पहिला नै युद्धमा मारिएका कारण बेसहारा भएर बाँच्न विवश रहेकी नारी पात्र हो मैकडोनाल्ड । युद्धबाट विक्षिप्त पात्र डोनाल्ड बारम्बार बलत्कमारको शिकार समेत भएर बाँच्न बाध्य भएकी हुन्छे । ऊ एक व्यापारी हुन्छे । ऊ व्यापारलाई सहकार्य गरेर अगाडि बढाउने बहानामा उमेरमा छोरो बराबरको युवकसँग हात अगाडि बढाउछे तर उसको उद्देश्य व्यापारलाई अगाडि बढाउने भन्दा युवकको सहारा पाएर जीवनको बाँच्ने आधार खडा गर्ने देखिन्छ । त्यसैले याकूबले 'तिमीले मलाई यतिका  दिनसम्म भुलाइराख्यौ । हाम्रो फर्मको एकीकरणको निम्ति अहिलेसम्म तयार छैनौ, त्यत्रो लासमा देखाएर (उपन्यासकार पूर्ववत् पेज नं.५२) भनेको समेत देखिन्छ । यसरी हेर्दाखेरि मैकडोनाल्ड परिस्थितिले सबैबाट बलत्कारित हुनुपरेको भएतापनि चरित्रका हिसाबले ऊ आफू त्यस्ती नभएकी र मात्र आफ्नो सहाराको लागि

एक युवकलाई व्यापारमा सहकार्य गर्न प्रलोभन दिइ वसमा ल्याउन खोज्ने र नारी अस्तित्त्वलाई जीवन्त तुल्याउन खोज्ने नारी चरित्रको रूपमा चिनिएकी छे ।

**७. ग्रेटा (बूढीआमाकी छोरी)**

ग्रेटा बूढीआमाकी छोरी हो । उसको उमेर १६-१७ वर्षको जति देखिन्छ । ऊ एउटी चुलबुले स्वभाव भएकी युवती हुन्छे । ग्रेटा 'म' पात्र र आफ्नी आमा तथा एक जना जापानी ठिटोसँगको कुराकानीको सिलसिलामा प्रेम र वैवाहिक निष्ठाको प्रसङ्ग उठ्दा 'करको सम्बन्ध नभएकाले बाँधिएर बस्न के कर छ ? र ( उपन्यासकार पूर्ववत् पेज नं.७४) भन्न पुग्छे । यसरी हेर्दा ऊ एक चंचले र विवाह भएपछि पनि विवाहको बन्धनको निष्ठा स्वीकार्न नचाहने तथा स्वतन्त्र विचार भएकी नारी पात्र देखिन्छे । उसको यस अभिव्यक्तिबाट ऊ कसैको बन्धनमा नरहेर स्वतन्त्ररुपले प्रेम गर्न पाउनुपर्छ भन्ने र पुराना तथा परम्पराका कुराको विद्रोह जनाउने नारी पात्र हो । ग्रेटामा उसकी आमाको भन्दा ठीक उल्टो र विकसित चरित्र भएको पाइन्छ । प्रेम र विवाहमा कुनै सम्बन्ध नरहेको र मानिसले प्रेम स्वतन्त्रपूर्वक गर्न पाउनुपर्छ भन्ने उसको दृष्टिकोण रहेको छ । त्यसैले ऊ 'प्रेममा वासना भएन भने धेरै कुरा उम्केको थाहा हुनसक्दैन'(उपन्यासकार पूर्ववत् पेज नं.७५) भन्छे । यसरी हेर्दा ग्रेटा स्वतन्त्र नारी स्वभाव भएकी र विवाहलाई वासनात्मक नभइ एउटा बन्धनको रुपमा मात्र हेर्ने नारी चरित्र भएकी हुन्छे । उसको विचारमा विवाहमा प्रेम र वासना दुवै हुनुपर्छ भन्ने रहेको देखिन्छ ।

## अन्य पात्र

**१. रूडोल्फः**

रूडोल्फ थियोडोराको प्रेमी पात्र हुन्छ । ऊ लडाइँमा भर्ती हुन्छ । उसको थियोडोरासँग माया प्रेम हुन्छ । थियोडोरासँगको भेटमा ऊ 'लडाइँ त सकिन देऊ । म घर आउँला, बगैंचा बनाउँला र प्यारी, तिमीलाई छोराछोरी दिउँला । म पियानो बजाउँला, तिमी गाउली, छोराछोरी बगैंचामा नाच्लान् (उपन्यासकार पूर्ववत् पेज नं.

८३) भन्ने गर्थ्यो तर युद्धको अन्त्य भएर घर आउनै नपाइ ऊ युद्धमा नै मारिएको खबर उसकी प्रेमीका थियोडोरालाई आउँछ र थियोडोरा अत्यन्तै विक्षिप्त हुनपुग्छे । रूडोल्फ उपन्यासमा थोरै समयको लागि मात्र उपस्थित भएको देखिएता पनि ऊ एउटा सरल व्यवहार भएको रमाइलो गरेर बाँच्न चाहने, आफ्नी प्रेमिकाको धेरै ख्याल राख्ने र भावी सन्तानको साथै सुन्दर संसारको कल्पना गर्ने स्वच्छ र पवित्र हृदय भएको तथा एक इमान्दार सैनिकको चरित्रको रूपमा देखिएको छ ।

२. **जापानी ठिटोः**

जापानी ठिटो 'म' पात्र जस्तै बूढीआमाको अतिथिगृहमा अतिथि बनेर आएको हुन्छ । ऊ एउटा असल र आफ्नो परम्परा र संस्कारलाई मान्ने संस्कारित पात्रको रूपमा देखिन्छ । ऊ अभिभावकको सल्लाह अनुसार गरेको विवाहलाई मात्र नैतिक कार्य मान्छ । ऊ भागेर वा प्रेम गरेर गरेको विवाहलाई अस्वीकार गर्ने विवाहलाई यौन र कर्तव्य दुई तत्त्वका रुपमा स्वीकार्ने चरित्रको रूपमा देखिन्छ । उसको दृष्टिकोणमा पुरुषले आफ्नो कर्तव्य पूरा गर्नुपर्छ र नारीले आफ्नो,  त्यसपछि यौनको आदानप्रदान आफैँ हुन्छ र प्रेम त्यसैमा हुन्छ । त्यसैले मानिसले कर्तव्य सम्पादन गर्नुपर्छ, त्यो नै प्रेम हो (उपन्यासकार पूर्ववत् पेज नं. ४६) भन्ने रहेको छ । यसरी ऊ आफ्नो पुर्खादेखि चलि आएको परम्परा र रीतिरिवाज तथा संस्कृतिलाई आत्मसात गर्ने अनुशासित चरित्र भएको पात्रको रुपमा देखिन्छ ।

## ४.४ परिवेश :

'हिटलर र यहूदी' को 'म' पात्रको यात्रवृत्तान्तलाई आधार बनाएर परिवेश निर्धारण गर्न सकिन्छ । 'म' पात्र औषधोपचार गर्नका निम्ति जेलबाट छुटेपछि बम्बइ गएको र त्यहाँबाट फर्केको केही दिनमा राहदानी बनाइ एक सातापछि बम्बइबाट लण्डन प्रस्थान गरी एघार दिनको पानी जहाजी यात्रा, लण्डनमा पुगेको भोलिपल्टदेखि औषधिपचारमा करिब एक महिना बितेको, त्यसपछि जर्मनी, फ्रान्स र इजरायलसम्म आइपुग्दा नेपालदेखि

इजरायलसम्मको यात्रामा झण्डै दुई महिना लागेको उपन्यासको परिवेश देखिन्छ ।

प्रस्तुत उपन्यासको औपन्यासिक परिवेश वैविध्यपूर्ण देखिन्छ । उपन्यासको स्थानिक परिवेशलाई हेर्दा नेपालदेखि भारत, लण्डन, जर्मनी, फ्रान्स हुँदै ती देशका विभिन्न ठाउँहरूमा अविस्मरणीय सुख-दुःखका पलहरूलाई अनुभव गर्दै इजरायलसम्म रहेको पाइन्छ । यसरी हेर्दा उपन्यासको स्थानिक परिवेश नेपाल र भारतको अति नै थोरै र अधिकांश नेपाल र भारतभन्दा बाहिर युरोपसम्म फैलिनुका साथै एउटा अन्तर्राष्ट्रिय समस्यालाई मानवीय धरातलमा उभिएर उपन्यासकारले वैचारिक धरातललाई फराकिलो पारेर देखाएका छन् । बौद्धिक परिवेशका दृष्टिले 'हिटलर र यहूदी' उपन्यासका पात्रहरू आ- आफ्ना क्षेत्रमा उत्कृष्टतम बौद्धिक र उपन्यासकारका विचारले नथिचिएका देखिन्छन् । त्यसैले उपन्यासका सबै पात्रहरू स्वतन्त्र विचार बोकेका राजनीतिज्ञ, दार्शनिक रसिक र जागरुक समेत भएकाले तिनीहरूमा आस्था र मान्यताहरू विविधपूर्ण बौद्धिक परिवेशमा निकै स्वभाविक रूपमा प्रस्तुत भएका छन् । उपन्यासका सबै पात्रहरू आ- आफ्ना आस्थागत मान्यताहरूमा आत्मविश्वासी र वुद्धिवादीसमेत देखिन्छन् , जसले गर्दा उपन्यासका ठाउँ-ठाउँमा विभिन्न विषयहरूमा व्यापक छलफल गरेको परिवेशमा प्रस्तुत भएका छन् ।यसरी तिनीहरूबीच भएका छलफलको परिवेश स्वभाविक रूपले उपन्यासमा संयोजित भएकाले उपन्यास सजीव बन्दै गतिशील भएको छ ।

बिसौं शताब्दीको हिटलर एउटा यस्तो व्यक्ति हो जसले सारा विश्वलाई विवशताकासाथ युद्धको खाडलमा घचेड्यो र इच्छाविपरित नै सम्पूर्ण विश्व नै युद्धका लागि बाध्य भयो र यो यस्तो महाभारत थियो, जसमा कसै न कसैको पक्ष लिनु हरेक राष्ट्रको नियति बन्न पुग्यो । प्रथम विश्वयुद्धमा पङ्गु र एक्लो पारिएका जर्मनहरू अनाथ र अभावग्रस्त हुँदै गएकाले प्रत्येक जर्मनभित्र एउटा उग्रराष्ट्रवादी र जातिवादी चेतनाले आँखा खोल्दै गइरहेको अवस्थामा एडोल्फ हिटलर सम्पूर्ण जर्मन जातिको

एकताको प्रतीक बन्यो । फलस्वरूप जर्मनहरूले हिटलरको स्वरबाहेक अरू आवाज सुन्न र ऊ बाहेक अरू देख्न छोडे । ऊ एउटा आगाको यस्तो झिल्को बन्यो, जसले अन्त्यमा गएर विश्वलाई नै युद्धको दलदलमा प्रवेश गरायो । हिटलरको प्रथम रिसको शिकार यहूदीहरू बन्न पुगे । यिनै कहालीलाग्दा कथा र व्यथाको प्रस्तुति नै यस उपन्यासको दोस्रो परिवेश हो । यहूदीहरूभित्र बढ्दै गइरहेको चरित्रहीनता, अनैतिकता र बेइमानी संस्कारहरूका कारणले यहूदी जातिमाथि हिटलरीय दमन हुन पुगेको संकेत पनि उपन्यासमा देखिन्छ ।

विदेशयात्रा वर्णनमा आधारित प्रस्तुत उपन्यासमा उपन्यासकारले आफ्नो विरामीको औषधी उपचार गराउन लण्डन जाँदा पानीजहाजमा भेटिएका साथीहरू, यात्रामा हेरेका विभिन्न ठाउँ र त्यस अवधिमा वितेका पलहरूलाई दार्शनिक र कलात्मक अभिव्यक्ति दिएर पात्र-संयोजन र परिवेशीय दृष्टिले सजीव तुल्याएका छन् । उपन्यासको कतिपय ठाउँमा दोस्रो विश्वयुद्धले छोडेर गएको भौगोलिक परिवेशमात्र नभइ मानव मनमस्तिष्क नै भग्नावशेष भएको पीडायुक्त परिवेशसमेत उपन्यासमा प्रस्तुत भएको छ ।

## ४.५ भाषा शैली :

विषय प्रतिपादनका हिसाबले सामान्य पाठकले उपन्यासलाई बुझ्न त्यति सजिलौ छैन तापनि भाषाको प्रयोग सरल र स्पष्ट नै छ । भाषामा परबाट हेर्दा कठिनजस्तो लाग्नुको कारण उपन्यासको संरचना विविधपूर्ण विषयमा भएकाले हो । भाषामा केही स्थानीय, प्रादेशिक र नेपाली इतर भाषा प्रयोग खड्किने खालको भए तापनि प्रसङ्गवश पढ्दै जाँदा दुर्बोध्य नभइ सरल रूपमा बुझ्न सकिने खालको छ । यस उपन्यासमा उपन्यासकार कोइरालाले हरेक विषयलाई अत्यन्तै संवेदनशील बनाएर ती विषयहरूको तिनै-तिनै पात्रहरूको माध्यमबाट गहिराइसम्म पुगेर अध्ययन विश्लेषण गराएको पाइन्छ । यिनै कारणहरूले गर्दा प्रस्तुत उपन्यास मानवीय संवेदनासहितका हरेक दार्शनिक पक्षहरू कहीँ सविस्तार र कहीँ

संकेत मात्र गरेको विषय प्रतिपादनको विचारगत प्रस्तुतिमा एकरूपता नभएर विविधता पाइन्छ । 'म' पात्रद्वारा कतिपय ठाउँमा मौन भाषा वा संवेगात्मकको प्रयोग गरिएको छ भने अन्य व्यक्तिपात्र सँग प्रत्यक्ष वार्तालापको भाषा प्रयोग गरिएको छ । यसरी हेर्दा र समष्टिमा भन्नुपर्दा उपन्यासलाई पढ्दै जाँदा कतिपय ठाउँमा अस्पष्ट र शब्दको कठिनाइ देखिएजस्तो भए तापनि समग्रमा उपन्यासको भाषा, सरल, मिठो र स्वभाविक देखिन्छ । उपन्यासकारले हिटलरलाई विश्वका तानाशाही र नरसंहारकारी युद्धमा प्रेमी र भाइ मारिँदा र आफू सैनिकहरूको बलात्कारमा पर्दा त्यस जघन्य अभिशापकी भागिनी बन्न पुगेकी थियोडोरालाई सम्पूर्ण युद्धपीडित नारीजाति लगायत जर्मन नारीहरूको हृदयविदारक र मार्मिक अनुभवको प्रतीकका रूपमा देखाएका छन् । त्यसैगरी ग्यास च्याम्बरमा जिउँदै पोलिएका बालबालिकाहरूलाई समेत आलुको प्रतीकको रूपमा प्रस्तुत गरेका छन् ।यसरी उपन्यासको भाषाशैली सरल हुनका साथै उपन्यासमा प्रयोग भएका विभिन्न दार्शनिकका विचार र बिम्बहरुको प्रयोगले उपन्यासको भाषा शैलीलाई अझ स्तरीयता प्रदान गर्दै परमपरागत शैलीभन्दा अलग रहेर नवीन शैलीको प्रयोग गरेको पाइन्छ ।

## ४.६ संवाद :

क्थामा पात्रले बोल्नु वा सोच्नुलाई संवाद भनिन्छ । कथामा एक वा एकभन्दा बढी पात्र हुन सक्छन् । कथामा प्रयोग भएका पात्रहरू बोलेका हुनसक्छन् र नबोलिकन पनि कथा पूर्ण भएको हुनसक्छ । पात्रले कथामा नबोलिकन संवेगात्मक रूपमा पनि मनका कुरा व्यक्त गर्न सक्छ । संवाद कथाको सूक्ष्म तत्त्व मात्र हो, आत्मा होइन । त्यसैले संवाद उपन्यासका लागि अनिवार्य नभए तापनि उपन्यासलाई सहज र स्वभाविक बनाउन महत्त्व रहेको हुन्छ । कथामा संवादको प्रमुख कार्य कथानकलाई अगाडि बढाउनु र पात्रको चिनारी गराउनु हो । संवाद कथाको सुरुबाट होस् वा मध्येबाट होस् चाहे अन्त्यतिर, यसले कथानकलाई विस्तार गर्नमा ठूलो मद्दत गर्दछ । प्रस्तुत उपन्यासमा प्रथम भागको सुरुबाटै प्रमुख

'म' पात्रबाट नै संवेगात्मक रूपमा संवाद वा कथोपकथन सुरुवात भएको छ र त्यसपछि संवादको रूपमा पहिलोपल्ट 'म' पात्रसँग ट्याक्सी चालकको 'सेठ, तिमीले आउनुभन्दा पहिले नै किन कुनै होटलमा एउटा कोठा रिजर्व गराएनौ ?(उपन्यासकार २०६६ सातौ संस्करण, पे.नं.२) र 'यस्तो घुँइचो होला भन्ने मलाई के थाहा थियो र ? (उपन्यासकार पूर्ववत् ) भन्ने जस्ता कुराकानबिाट कथा अगाडि बढेको छ ।

यसैगरी उपन्यासका प्रयुक्त अरू केही संवादहरूलाई उदाहरणको रूपमा तल प्रस्तुत गरिन्छ :-

**१. सरल, सहज र छोटो संवाद :**

ईमानः म पनि आउनेछु नारायणनसँगै ।

'म' पात्रः तपाइँ आउनु भएन नारायणनसँग भने मेरो आनन्द  आधाभन्दा पनि कम्ती हुनेछ (उपन्यासकार, पूर्ववत् पेज नं. ६४) ।

**२. संतुलित संवादः**

रेखाः बाह, यति छिट्टै कोसँग त्यस्तो मित्रता भएछ र, स्वास्नी मानिस होली होइन त, मिस्टर नारायणन............?

नारायणनः तपाइँको मित्रता पनि त केही घण्टा मात्रको नै होइन र, हिजो बेलुकी देखिको, र तपाइँ पनि त स्वास्नी मानिस हो नि ( उपन्यासकार, पूर्ववत् पेज नं. २३) ।

**३. लामो संवादः**

ईश्वरः हतियार के का लागि? माध्यम कुन लक्ष्य प्राप्तिका लागि ए ! जर्मन जातीय मानव ?

हिटलरः त्यो त कुन स्थितिमा त्यो मानिस जन्म ग्रहण गर्न पुगेको छ, त्यसमा निर्भर गर्छ । त्यसको स्वधर्म के हो, त्यसले निर्णय गर्छ त्यसको लक्ष्य । जो राजनीतिज्ञ शक्तिको व्यापारी हुन्छ, त्यो क्षेत्रीय हो । उसले आफूलाई शक्ति सञ्चयका खातिर, सर्वशक्तिवान हतियार बनाउनुपर्छ । कर्तव्य-माफ गर्नुहोला, गीताको अर्थलाई अति सरल गरेर भन्ने हो भने, आफ्नो जन्मजात पेशाका प्रति वफादार हुनु । नैतिकता- आफ्नो पेशाले निर्धारण गरेको

कर्तव्यलाई सम्पादन गर्ने हेतुले आफूलाई सर्वशक्तिसम्पन्न साधन बनाउनु (पूर्ववत्, पेज नं. ११३) ।

**४. विशेष संवाद :**

मैँले एकचोटी फर्केर हेरेँ -नाङ्गी इल्जेले ढोका थुनी । सडक अँध्यारो भयो । लक्ष्मीलाई चिठी लेख्न पटक्क मन लागेन । बरू रोइरहन मन लाग्यो । (पूर्ववत्, पेज नं. ९०)

**५. संवेगात्मक संवादः**

'उसलाई त्यस्तो खाँचो छ मेरो, मलाई हर क्षण प्राप्त गर्नलाई भने उसले आफूलाई अर्काकहाँ बन्धक राखेर मेरो खाँचो पूरा कसरी हुन्छ ? ऊ अर्काकी भएर पनि मलाई प्रेम कसरी गरिरहेकी हुन्छे ? (पूर्ववत्, पेज नं.१५)

यसरी माथिका उल्लेखित संवादहरूबाट उपन्यासको कथावस्तुलाई अगाडि बढाउँदै पात्रहरूको चरित्रलाई उद्घाटित गराइएको छ । रेवा र नारायणन, 'म' पात्रको 'म' पात्रसँगको बीचमा संवादहरू उनीहरूकै परिवेश र स्तर सुहाउँदा छन् । उपन्यासमा कतै सामान्य र कतै द्वन्द्वात्मक संवादहरू समावेश भएको पाइन्छ । यसरी संवादहरूले प्रस्तुत उपन्यासलाई सफल बनाउनमा मद्दत गरेका छन् ।

**४.७ सारवस्तु :**

उपन्यासकार कोइरालाको 'हिटलर र यहूदी' उपन्यास यात्रावृत्तान्तका ढाचामा चरिएको कृति हो । यस उपन्यासमा विश्वयुद्धको ऐतिहासिक सन्दर्भलाई यात्रासंस्मरणको कथ्य बनाएर त्यसैलाई घटनाको मूल केन्द्र मानिएको छ । यसमा विश्लेषणात्मक यात्रासंस्मरण आएका छन् ।यस उपन्यासको मूल आधार युद्धजन्य घटना छन् भने प्रस्तुतिको आधार यात्रावर्णन र सहयात्रीसितको विमर्श रहेको छ । यस दृष्टिले उक्त उपन्यासमा रहेको औपन्यासिक संरचना रोचक किसिमको छ । हिटलरको नाम संसारमा प्रसिद्ध छ । उसलाई एक रिसाहा  पात्रको रूपमा व्यङ्ग्यात्मक वर्णनका लागि उपन्यासमा रोचकताका साथ प्रयोग गरिएको छ । हिटलरको विचार र कार्यको विश्लेषणलाई औपन्यासिक रूप दिनु 'हिटलर र यहूदी'

उपन्यासको मूल उद्देश्य मानिन्छ । ऐतिहासिक मानवसंहारक बनेको हिटलरलाई यहाँ मुख्य पात्र बनाइए पनि उसको वर्णन मात्र यस कृतिमा पाइन्छ । अप्रत्यक्ष रूपमा पात्र बनेको हिटलर उपन्यासको भन्दा पनि युद्धकालीन संहारक घटनाको मुख्य पात्र हो । उसले यहूदी जातिको संहार गरेको घटना नै यस उपन्यासको कथ्य विषय हो र त्यसलाई विश्लेषण गर्नु औपन्यासिक मर्म हो । विश्लेषणमा हिटलरको अत्याचारलाई तीखो व्यङ्ग्य गरिनु यस उपन्यासको निष्कर्ष देखिन्छ । त्यसैले यस उपन्यासको सारवस्तुका रूपमा हिटलर प्रवृत्तिको विरोध गरी तानाशाही कट्टर शासकवर्गप्रति रोष प्रकट गर्नु हो । साथै निरङ्कुश व्यक्तिको हत्यामोहले इतिहासलाई कालो बनाएको घटना व्यङ्ग्यको निसाना बनाउनु र नारी समस्या तथा मानवतावादी विचार अभिव्यक्त गर्नु नै प्रस्तुत उपन्यासको मूल उद्देश्य देखिन्छ । हिटलरले सीमा नाघेर यहूदी जातिको संहार गरेको र उसले गीतादर्शनको आधारमा मानवसंहार गरेको कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ । त्यस अनुसार हिटलरलाई ईश्वरत्त्व प्राप्त हुनुपर्ने हो भन्ने तर्कपनि यसमा देखिन्छ । मान्छे मार्नु रमाइलो खेलका रूपमा लिनुलाई गीतादर्शनको प्रभाव हुनसक्छ भन्ने तर्कको व्यापक बहस हुनु आवश्यक देखिन्छ ।

वास्तवमा यस उपन्यासको मूल तर्क यहूदीमाथि हिटलरले सामूहिक हत्याको योजना बनाउने आधारको खोजी हो । साठी हजार मानिसलाई एकै चिहानमा पारिएको घटनामा ठूलै दार्शनिक संहारक हुनुपर्छ भन्ने उपन्यासको सारवस्तु मानिन्छ । हाम्रो नेपाली समाज लगायत विश्वका सबै हिन्दू समाजले मान्दै आएको धार्मिक ग्रन्थ महाभारतमा लाखौँलाख मान्छे मर्नु र उता हिटलरले त्यत्तिकै संख्यामा मान्छेको ज्यान लिनु अथवा हत्या गर्नुले दर्शन र घटनाको समान प्रकृतिलाई अघि सारेको तर्क पनि यस उपन्यासमा केलाउन खोजिएको छ । यथार्थमा जस्तोसुकै कारण र दर्शनको आधार भए पनि हिटलर मानवरक्तको भोको सिंह भएको र उसले विश्वयुद्धको कालो बादल खडा गरेको तथ्यलाई मूल भावको रूपमा यस उपन्यासमा देखाइएको छ । यसरी उपन्यासकार कोइरालाले धर्मको

नाममा हत्या गराउने गीताको विरोध र साठी हजार यहूदीहरूको हत्या गरेको कारुणिक अवस्थालाई उपन्यासमा देखाएका छन् ।

अन्त्यमा के भन्न सकिन्छ भने कसैको पनि ज्यान लिएर वा हत्या गरेर पाप नष्ट हुने अथवा धर्म हुने भन्ने रूढीवादी मान्यता मात्र रहेको र वास्तविक रूपमा धर्म र पुण्य कमाउने हो भने दु:खिरहेको घाउमा मलम लगाउनुपर्छ भन्ने सामाजिक तथा धार्मिक सन्देश दिन खोजेको छ । साथै हिटलरले यहूदीलाई गरेको हत्या धार्मिक लाभ नभएर पापको खेती हो भन्ने मूल सन्देश नै प्रस्तुत उपन्यासको सारवस्तु मानिन्छ ।

### ४.८ दृष्टिविन्दु :

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको 'हिटलर र यहूदी' उपन्यास ऐतिहासिक पृष्ठभूमि र यात्रासंस्मरणात्मक शैली अनि मानवतावाद र मनोवैज्ञानिक भावधारामा व्यक्त प्रसिद्ध कृति हो । उपन्यासकार कोइरालाले 'हिटलर र यहूदी' उपन्यासको संरचनामा विभिन्न रूप, सीप र वर्णन कुशलता प्रर्दशन गरेका छन् । उपन्यासमा दृष्टिविन्दुको प्रयोगले पात्रको स्थान निर्धारण हुने हुनाले यसको प्रयोगको महत्त्व उल्लेखनीय रहेको हुन्छ । कोइरालाको वर्णनशैलीका दृष्टिले पनि यो उपन्यास उल्लेखनीय छ । विविध पात्र र तिनको पाठकसँगको सम्प्रेषणीय सम्बन्धलाई स्थापित गराउन आख्यान कृतिमा दृष्टिविन्दुको भूमिका अति नै महत्वपूर्ण रहेको हुन्छ ।प्रस्तुत उपन्यास बहुरूप दृष्टिविन्दुहरूको प्रयोग भएको कृति हो । यसमा संस्मरण, चिठी, वर्णन, तर्क र प्रतीकात्मक भाषाको प्रयोग गर्ने क्रममा धेरै किसिमका दृष्टिविन्दुहरूको प्रयोग हुनपुगेको छ ।

'हिटलर र यहूदी' उपन्यासमा बाह्य र आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । प्रस्तुत उपन्यासमा आन्तरिक दृष्टिविन्दुबाट सुरुवात भइ विविध खण्डमा पुग्दा बाह्य दृष्टिविन्दु समेतको प्रयोग हुन पुगेको छ । उपन्यासको आरम्भ 'म' पात्रको वर्णनबाट भएको छ । त्यसैले सुरुमा आन्तरिक दृष्टिविन्दुको प्रयोग देखिन्छ । यहाँ ' जेलबाट छुटेर म ओखती गराउन बम्बई आएको

थिएँ, (उपन्यासकार, पूर्ववत् पेज नं. ११) भनिएकाले 'म' पात्रको भूमिका स्पष्ट देखिएको छ । यसमा 'म' पात्रले आफ्नो बारेमा वर्णन गरेकाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग देखिन्छ । यस उपन्यासको गतिको क्रममा 'म' पात्र आफ्नो वर्णनमा मात्र सीमित नभइ उसको माध्यमबाट अरू पात्र र परिवेशको वर्णनलाई पनि मुख्य स्थान दिनुका साथै उपन्यास यात्रावर्णनमा आधारित संरचनामा निर्माण भएकाले 'म' पात्रको भोगाइवर्णन आफैँले गरेको देखिन्छ । यसरी हेर्दा यसमा प्रथम पुरुष दृष्टिविन्दु रहेको छ । उपन्यास यात्रावृतान्त शैलीमा भएकाले यात्राका क्रममा कतिपय स्थानमा उपन्यासकारले 'म' पात्रको माध्यमबाट आफैँमा मुख्य वर्णनको रूप दिएर आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरेका छन् । कतिपय ठाउँमा 'म' पात्रले आफूलाई गौण बनाएर अरू पात्रको बारेमा वर्णन गरेकाले आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग पाइन्छ । उपन्यासको सुरुतिर आन्तरिक केन्द्रीय दृष्टिविन्दु र पछिल्ला खण्डहरुमा भने आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग प्रस्तुत उपन्यासमा भएको छ । 'हिटलर र यहूदी' उपन्यासमा आन्तरिक दृष्टिविन्दुका साथै बाहय दृष्टिविन्दुको पनि प्रयोग भएको पाइन्छ । प्रथम पुरुष 'म' को प्रयोगका साथै तृतीय पुरुषका नाम शब्दावली र ऊ, त्यो, उनीहरू, उसले, त्यसको आदि तृतीय पुरुषका सर्वनामको प्रयोगले बाह्य दृष्टिविन्दुको प्रयोग पाइन्छ । उपन्यासमा बाह्य दृष्टिविन्दु अन्तर्गत बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग भएको छ । यहाँ धेरै पात्रको बारेमा भनिएको र धेरै स्थान तथा परिवेशको बारेमा चर्चा गरिएको छ ।उपन्यासको आरम्भ र अन्य केही खण्डमा बाहेक बाह्य दृष्टिविन्दुको निकै प्रयोग भएको पाइन्छ । 'इजरायल, अनगिन्ती अरबहरूको लासमा साम्राज्यवादीहरूले आफ्नो दुष्ट उद्देश्यको लागि स्थापित गरिएको । पेलेस्टाइन जसलाई आज उनीहरू इजरायल भन्छन्- अरब देश हो । विदेशीहरू हुन् यहूदीहरु त्यहाँ, एउटा विदेशी जातिले अरबहरूलाई आफ्नो स्वदेशबाट उखाडेर बाहिर फ्याँकिदिएका छन् ............' (कोइराला पूर्ववत् पेज नं. ५) । यसमा 'म' पात्रको चर्चा छैन अनि अन्य पात्र र परिवेशमा पनि

सबैतिर फिँजारिएको अवस्था रहेको छ । त्यसैले यसमा सर्वदृष्टिविन्दु रहेको छ । यस उपन्यासमा कतै रेवाको चर्चा, कतै नारायणन, कतै इल्जे, कतै हिटलर , कतै ईश्वर, कतै लक्ष्मी, कतै देश र त्यहाँको युद्धजन्य भयानक खण्डहरहरूको चर्चा रहेकाले बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग पाइन्छ । उपन्यासको कतिपय खण्ड आन्तरिक दृष्टिविन्दुबाट सुरु भएर बाह्य दृष्टिविन्दुको प्रयोग पनि रहेको पाइन्छ भने कतिमा चाहिँ बाह्य दृष्टिविन्दुबाट सुरु भएर बीच-बीचमा आन्तरिक दृष्टिविन्दुको प्रयोग देखिन्छ । यसरी हेर्दाखेरि प्रस्तुत उपन्यासमा आन्तरिक र बाह्य दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.९.१ प्रतीक :

उपन्यासकार कोइरालाको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यास पूरै प्रतीकात्मक देखिन्छ । उपन्यासकारले उपन्यासमा विभिन्न पात्रहरूद्वारा विभिन्न प्रतीकहरूको प्रयोग गरी अहिलेका संसारका विभिन्न गतिविधि भएका व्यक्तिहरू र परिवेशप्रति व्यङ्ग्यात्मक तरिकाले संकेत गरेका छन् । कोइरालाको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको शीर्षक नै प्रतीकात्मक छ । बिसौं शताब्दीको जर्मन शासक 'हिटलर' अहिलेका नेपाल लगायत संसारकै मानवमाथि शोषण र दमन गर्ने तानाशाहाको प्रतीक हो भने प्रस्तुत उपन्यासका यहूदीहरू तानाशाहद्वारा अन्याय र थिचोमिचोमा परेका सोझा-सीधा मानवजातिका प्रतीक हुन् । 'हिटलर र यहूदी ' युद्धका प्रतीक भएजस्तै उपन्यासकी थियोडोरा, इल्जे र लङ्गडो सैनिक दोस्रो विश्वयुद्धका कारण दुःख र पीडामा आफ्नो जीवन व्यतित गरिरहेका पीडक पात्रको प्रतीकको रूपमा प्रस्तुत भएका छन् ।

### ४.९.२ बिम्ब :

कोइरालाले प्रस्तुत उपन्यासमा यसैगरी विभिन्न परिवेशमा विभिन्न पात्रहरूलाई बिम्बको रूपमा प्रस्तुत गरी उपन्यासलाई अझ बढी सजीव तुल्याउन कार्य गरेका छन् । उक्त उपन्यासमा हिटलरलाई बिसौं शताब्दीको युद्धको नायकको रूपमा र यहूदीहरूलाई त्यस समयका अन्यायमा परेका सोझा-सीधा

नागरिकको रूपमा प्रस्तुत गरेजस्तै गरी प्रस्तुत उपन्यासमा उपस्थित गराइएका नारी पात्रहरू थियोडोरा र इल्जे लगायत युद्धबाट विक्षिप्त भएका त्यस्ता हजारौँ नारीहरूद्वारा अहिलेका संसारभरका लाखौँ लाख नारीहरूको पीडा र व्यथालाई बिम्बात्मक तरिकाले उपन्यासकारले सबैका अगाडि प्रष्टयाउने काम गरेका छन् । त्यसैगरी उपन्यासकारे विभिन्न ठाउँ, परिवेश, भेषभूषा, भोजन-भान्सा, विभिन्न विद्वान र दार्शनिक तथा दृश्यचित्रहरूलाई समेत विभिन्न कुराको बिम्कका रूपमा प्रयोग गरी उपन्यासको कथावस्तुलाई अझ प्रष्ट पार्ने काम गरेका छन् ।

**४.१०.१ मानवतावादी दृष्टिकोणका आधारमा 'हिटलर र यहूदी' :**

'हिटलर र यहूदी' उपन्यास विभिन्न पात्रहरूको निर्माण गरेर तिनीहरूको माध्यमबाट मानवताका पक्षमा लेखिएको मानवतामूलक विचारप्रधान उपन्यास हो । यस उपन्यासमा अरू विषयहरू सहित हिटलरले यहूदीहरूप्रति गरेको चरमक्रूरताको प्रस्तुति अत्यन्तै संवेदनशील बनाएर व्यक्त गरिएको छ, जुन मानवताका पक्षमा पूर्णतः परिलक्षित छ । यहाँ उपन्यासकार कोइराला दोस्रो विश्वयुद्ध र त्यसले छोडेर गएको पीडाप्रति द्रवीभूत हुनपुगेका छन् । त्यसैले उनले मानवतावादी विचारलाई प्रस्तुत उपन्यासमा प्रमुख चासो र प्राथमिकताका साथ राखेका छन् र मानवताको पक्षमा गहन अभिव्यक्ति प्रकट गरेका छन् । मानिस-मानिसमा उत्पन्न भएको घृणा र शत्रुताले मानवता जतातते आक्रान्त हुन पुगेका जस्ता विषयले उपन्यासकार कोइराला आहत भइ मानवीयताप्रति संवेदनशील बन्न पुगेको देखिन्छ । त्यसैले उनको उक्त उपन्यासमा पनि तिनै मानवीय संवेदनशलिता प्रदर्शित देखिन्छन् । क्यान्सर रोगको उपचारार्थ युरोप पुगेको 'म' पात्र आफ्नो रोगको भन्दा पनि बढी मानवतामाथि भएको बर्बरताले मर्माहत बन्दै चिन्तित भएको पाइन्छ । यहूदीहरूको मार्मिक हत्या एवं तिनीहरूको कथा र व्यथा डेविडबाट र यहूदीहरूद्वारा पेलिस्टिनीहरूमाथि भएको अन्यायको व्याख्या पत्रकार मार्गरेटबाट सुनेपछि सही रूपमा के हो त? भन्ने भइ विचारद्वारा उच्छालित हुँदै अनिर्णित बन्न पुगेको 'म' पात्र त्यसै

जहाजी यात्राको एघार दिनमा बेलायत पुगेर स्वास्थ्य परीक्षण गराउँदा रोगबारे ढुक्क हुने आश्वासन डाक्टरद्वारा प्राप्त गरेपछि उसको बेलायत यात्राको उद्देश्य समाप्त हुन्छ । त्यही अवस्थाबाट प्रस्तुत उपन्यासमा विचारका पहाडै-पहाड एकपछि अर्को खडा हुँदै जान्छन् । यसरी हेर्दा मुख्य रूपमा प्रस्तुत उपन्यास सशक्त वैचारिक दृष्टिकोणको स्मारको रूपमा खडा भएको पाइन्छ ।

दोस्रो विश्वयुद्धको नायक हिटलर र उसले ग्यासच्याम्बरमा जलाएर मारेका यहूदीहरूको निर्दोषिताको द्वन्द्वलाई उपन्यासमा स्पष्टसँग प्रस्तुत गरिएको छ । धर्म र जातिका आडमा समय-समयमा मानवतामाथि हुने गरेका हिंसा र विनाशहरू जुनसुकै रूपमा भए पनि उपन्यासकारको दृष्टिकोणमा मानव इतिहासमै अक्षम्य कार्य भएको देखिन्छ । कोइरालाको प्रस्तुत मानवतावादी दृष्टिकोणले गर्दा दोस्रो विश्वयुद्ध र महाभारतको युद्धलाई उनले एकै रूपमा प्रस्तुत गरी गीता-दर्शनको सत्यता र व्यवहारिकताको पुनर्मूल्याङ्कन गर्न खोजेको बलियो आधार 'हिटलर र यहूदी' को विश्लेषण गर्दा स्पष्ट हुन्छ, जसमा आधुनिक मानवतावादी विचारले अहं भूमिका खेलेको पाइन्छ । जसरी महाभारतको युद्ध कौरव-पाण्डवबीचको पारिवारिक विवादका कारणले भयो र त्यसमा त्यसयुगका सबै शक्ति र हतियारहरू प्रयोग भए । एउटा दुर्योधनका विरुद्ध र एउटी द्रौपदीका समर्थनका लागि कयौं महान योद्धा र सम्पूर्ण सम्पत्तिको विनाश भयो, त्यसैगरी हेर्दाहेर्दै त्यहाँ एउटा अर्को युगको सुरुवात भयो र त्यहाँ जर्मनभित्रका यहूदीहरूले जर्मन जातिमाथि नै गरेका अन्याय, अत्याचार र शोषणको विरुद्ध सुरु भएको गृहयुद्धले विश्वसमर्थन जुटाउँदै जाँदा मानवताको महाविनाश र ग्यासच्याम्बरको अमानवीय विनाश मानवजातिले भोग्नुपऱ्यो । महाभारतको युद्धमा पुगी पलायन हुन लागेका अर्जुनलाई युद्ध मैदानमै कृष्णले युद्धतिर आकर्षित गर्न जुन युद्धोचित विचार प्रस्तुत गरेका छन्, त्यसले महाभारतको त्यो विनाशलाई स्वभाविक र तर्कयुक्त बनाएको भएता पनि कोइरालाका विचारमा

त्यो स्वभाविक र तर्कयुक्त युद्धबोधललाई मानवता विरोधी र एउटा उपहासको रूपमा अभिव्यक्त भएको देखाइएको छ ।

महाभारतको युद्ध त्यसपछिका सबै युगलाई युद्ध गर्नका लागि प्रेरणाको स्रोत बनेको कोइरालाको निचोड अभिव्यक्ति देखापर्दछ । त्यसैले हिटलरलाई कृष्णसँग तुलना गर्दै गीतादर्शनको परम्परागत आस्था र मान्यता विपरीत उपन्यासकार कोइराला उभिन पुगेका छन् ।यथार्थमा प्रस्तुत उपन्यास हिटलर र यहूदीहरूबीचको समस्याबाट सुरु भए तापनि यसले उठाएको प्रश्न हिन्दूहरूको मूल ग्रन्थ गीता-दर्शनप्रति पनि त्यत्तिकै परिलक्षित छ, किनभने हिटलर र जर्मन आफूलाई आर्य भन्छन् र हिन्दू-दर्शनसँग सम्बन्धित साहित्यको जर्मनीमा अत्यन्तै सम्मान तथा प्रचारप्रसार गरिएको पाइन्छ । हिटलरले गीता पढेको वा नपढेको र उसले आफूलाई महाभारतको कृष्ण ठानेको वा नठानेको जे भए पनि उसबाट हुन गएको नरसंहार र उसभित्र मानवताप्रति उब्जिन नसकेको मानवीय संवेदनशीलतालाई भने कृष्णसँग तुलना गरेर उपन्यासकारले प्रस्तुत उपन्यासमा अभिमत व्यक्त गरेको देखिन्छ (धरावासीः२०४८,६९-७५,भूपति ढकालः विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्ष, २०५४) ।

प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासका आधारमा विश्लेषण गर्दा गीतामा कृष्णको रूप र दोस्रो विश्वयुद्धमा हिटलरको रूप एकै भएको विचार उपन्यासकारको देखिन्छ । जर्मनीहरूलाई नष्ट गर्ने यहूदीहरू नै हुन् र तिनीहरूलाई समाप्त गरियो भने जर्मन राष्ट्रको भलाइँ हुन्छ भन्ने धारणा भएको हिटलरले आफ्नो नरसंहारकारी कुकृत्यलाई राष्ट्रवादिता, कर्तव्यपरायणता र स्वधर्मको नाम दिइएको कृत्य उपन्यासकार कोइरालालाई स्वीकार्य छैन ।उनी संवेदनहीन भएर निष्काम कर्म गर्ने दर्शनलाई मानवताको धरातलमा उभिएर अस्वीकार गर्ने भएकाले नै प्रस्तुत उपन्यास गीताको निष्काम कर्मयोगको दर्शनको विरुद्धमा लेखिएको पाइन्छ ।तसर्थ उपन्यासकार मानवेतरशक्तिका विरोधी र मानव-संवेदना तथा मानव अस्तित्वका पक्षपाती देखिएका छन्।(शर्माः१९९२,४१-४२) ।यथार्थमा यिनै आस्था,

मान्यता र विचारमा उनको मानवतावादको स्मारक खडा हुन पुगेको छ ।त्यसैले यहूदीहरूसहित सम्पूर्ण मानव जातिले भोग्नुपरेका द्वितीय विश्वयुद्धद्वारा सिर्जित घोर अमानवीय कृत्यहरूको अभिव्यक्ति यस उपन्यासमा प्रस्तुत गरेर कोइरालाले आफ्ना युद्धविरोधी विचारहरू, विश्ववन्धुत्त्वका भावनाहरू र मानवतावादी भावचेतनाको पूर्ण परिचय दिएका छन् ।(चापागाई र सुवेदी, २०५१, १३०)।

वास्तवमा उपन्यासकार कोइरालाले 'हिटलर र यहूदी' उपन्यासमा मानवीय समस्या, मानव-अस्तित्त्व, मानवीय संवेदना र मानवतावादी विचार विभिन्न माध्यमबाट अभिव्यक्त गरेका छन् । मुख्य रूपले गीता-दर्शनकै पृष्ठ -भूमिमा सिर्जित प्रस्तुत उपन्यासमा मानवनियति र निस्सारतालाई व्याख्या गरेर प्रष्टयाउने काम गरेका छन् । प्रस्तुत उपन्यासको अध्ययन गर्दा द्वितीय विश्वयुद्धले भित्र्याएका ध्वंस र नरसंहारबीच युरोपीय देशका लगायत अन्य सम्पूर्ण मुलुकका मानिसहरूले पीडापूर्ण र आधाररहित जीवन कुन रूपमा र कसरी व्यतित गरिरहेका छन् भन्ने कुरा अत्यन्तै भावुक भएर व्यक्त गरेका तथ्यहरू उपन्यासको अध्ययनबाट स्पष्ट हुन्छ, ( शर्माः सन् १९९२,५९-६०) ।

### ४.१०.२ मनोवैज्ञानिकका आधारमा 'हिटलर र यहूदी' :

उपन्यासकार कोइराला खासगरी मनोवैज्ञानिक उपन्यासकारका रूपमा चिनिन्छन् । उनका उपन्यासमा विशेषतः मनोवैज्ञानिक यथार्थवादी धारणा अभिव्यक्त भएको पाइन्छ । कोइरालाले प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा फ्रायड, एडलर र युङ्गका मनोविश्लेषणवादी सिद्धान्तलाई समाहित गर्ने कार्य गरेका छन् । उनले आफ्ना उपन्यासमा बाह्य जनतको भन्दा आन्तरिक जगतको समस्यालाई मनोवैज्ञानिक तरिकाले प्रष्टयाउने काम गरेका छन् । उनले आन्तरिक जगतको समस्यालाई कथानक भन्दा पात्रको आन्तरिक चरित्रमा अचेतनका उतारचढाव, यौनकुण्ठा, आवेग-संवेग, अन्र्दद्वन्द्व र त्यसबाट समाजमा सिर्जित मानसिक विकृति र विसंगतिको विश्लेषण तथा अवलोकन गरेका छन् । मान्छेको अन्तर्मनको अवस्थाले नै उसका हरेक क्रियाकलापहरू निर्देशित र

नियन्त्रित हुने गर्दछन् । मानव इच्छा नै जीवनको सबल पक्ष हो, जसले सम्पूर्ण जीवनलाई प्रभावित पार्दछ । मान्छेका अन्तर्मनमा दबेका चाहानाको परिपूर्ति हुन सकेन भने त्यही नै मानवजीवनका विकृति र विसङ्तिको कारक बन्दछ । मनका विभिन्न आवेगहरूको स्वरूपलाई समन्वय गर्न सकिएन भने जीवनलाई त्यसले नकारात्मक बाटोमा पुऱ्याइदिन्छ । त्यसैले जीवनका आन्तरिक यथार्थलाई खोतलेर त्यसका वैज्ञानिक रूपका तथ्यहरू सिर्जनामार्फत उद्घाटन गर्नु नै मनोवैज्ञानिकता हो । कोइरालाले उपन्यासका पात्रहरूका अन्तर्मनका चेतन तथा अचेतनताका भावनालाई मनोविश्लेषणात्मक तथा यौनमनोविश्लेषणात्मक तरिकाले विश्लेषण गरेका छन्, जसलाई उदाहरणमा हेर्न सकिन्छः

उसले भनी- कस्तो अनाडी हात .................... । मेरो मद्दत र अध्यवसायको परिणाम यति मात्र भयो, उसको जुरो र स्कार्फको गाँठो एकदम फुक्यो । 'उसले मतिर फर्केर भनी'- ल्याउन, त्यति पनि नसक्ने ............ । (उपन्यासकारःपूर्ववत, पेज नं. ३०) ।

कोइरालाले यसरी आफ्नो जहाजको यात्राको उठबसको क्रममा 'म' पात्रप्रति आकर्षित भइ आफ्नो यौन कुण्ठा फुकाउने उद्देश्यले विभिन्न बहानाले नजिकीन खोजेकी र 'म' पात्रको तत्कालैको असक्षमता अथवा ढिलासुस्तीका कारणले आहत हुन पुगेकी रेवा नामकी युवतीले कस्तो अनाडी भनी स्कार्फको गाँठो खोल्न नसकेको भन्ने बहानामा 'म' पात्रले उसको अचेतन तथा अन्तरमनको इच्छा पूरा गर्न नसकेको भनी संकेत गरेको कुरालाई यौनमनो विश्लेषणात्मक तरीकाले देखाएका छन् । त्यसैगरी,

'आँखा उघारेर भनी सुस्तरी- ब्रह्मान्दको । यो यस्तो अनुभव हो, जसबाट गुज्रेपछि मानिस फेरि उही मानिस रहँदैन । अर्को भएर निस्किन्छ । (पूर्ववत, पेज नं. १०) भन्ने भनाइले कोइराला नारी तथा सम्पूर्ण मानव अन्तर्मनका कुरालाई आफ्ना उपन्यासमा मनो विश्लेषणात्मक किसिमे व्यक्त गर्न पुगेका छन् भन्ने स्पष्ट हुन्छ ।

उपन्यासकार कोइरालाले 'हिटलर र यहूदी' उपन्यासमा दोस्रो विश्वयुद्धका कारण कोही पति गुमाएर र कोही पुरुषजातिकै विनाश भैसकेको प्रणयसूत्रमा बाँधिन नपाएका इल्जे, थियोडोरा, मेयरनी, मिसेज मेकडोनाल्ड, दार्शनिक, नारायणन, गोल्डवर्ग, लियोनार्ड आदि जस्ता विभिन्न पात्रको मनोदशालाई मनोवैज्ञानिक तरीकाले उद्घाटन गराइ प्रस्तुत पात्रहरूलाई जर्मन तथा जर्मनजस्तो विश्वका सम्पूर्ण पीडित मानवजातिको प्रतिनिधिपात्रको रूपमा उभ्याएका छन् । उपन्यासकार कोइरालाले पति भेट्न भनी युरोप हिँडेकी रेवा नामकी युवतीको र 'म' पात्रसँगको यौनसम्पर्कको प्रसङ्गका साथै थियोडोराका आमाबुबा युद्धमा मारिएका, प्रेमीसँगको प्रेम र प्रेमी गुमाउनुपर्दाको पीडोको प्रसङ्ग, इल्जेका बुवाआमा युद्धका कारण केही गर्न नसक्ने भएकाले इल्जेले जीवन धान्नका लागि बाल्ययौन लुटाउनुपरेको कारुणिक प्रसङ्ग उठाएका छन् । साथै लङ्गडो सैनिकको आफू युद्धमा लङ्गडो भएका कारण नै आफ्नी श्रीमतीले समेत तिरस्कार गरी छोडेर गएकाले जीवन निस्सार भएको भन्ने जस्ता प्रसङ्ग उठाइ उपन्यासका यस्ता विभिन्न पात्रहरूका माध्यमबाट मानव अन्तरमनका यौनजन्य कुरादेखि लिएर जीवनका सम्पूर्ण पक्षको मनोविश्लेषणात्मक तरीकाले प्रष्टयाउने काम गरेका छन् ।

### ४.१०.३ अस्तित्त्ववादका आधारमा 'हिटलर र यहूदी' :

कोइराला विशेष गरी अस्तित्त्ववादी दृष्टिकोण राख्ने उपन्यासकार हुन् । उपन्यासकार कोइरालाले उपन्यासमा विविध रूपले अस्तित्त्ववादको विश्लेषण गर्नुका साथै अस्तित्त्ववादको परिचय पनि दिएका छन् । उनको अस्तित्त्ववाद विशेषतः नियतिसँग जोडिएर आएको पाइन्छ । कोइरालाका उपन्यासमा प्रयोग भएको अस्तित्त्ववाद कतै प्रेमसँग, कतै मानवतावादसँग, कतै विद्रोहसँग, कतै व्यक्तिवादसँग, कतै स्वच्छन्द चाहाना र कतै अहंसँग आएको छ । चाहाना र यौनवादी पृष्ठभूमिमा आधारित भएर हेर्दा 'म' पात्रसँग जहाजमा यात्रा गर्दा भेट भएकी रेवा नामकी युवतीको 'म' पात्रसँगको स्वेच्छिक चाहना र यौन सम्पर्कलाई अस्तित्त्वकै रूपमा

लिनसकिन्छ । त्यसैगरी उपन्यासका प्रमुख 'म' पात्र दोस्रो विश्वयुद्धबाट सारा विश्व तहसनहस हुन पुगेको घटनालाई लिएर अति नै मर्माहत हुन पुगेको कुरालाई मानवतावाद अथवा मानव अस्तित्त्वको रूपमा लिन सकिन्छ । बूढी आमाकी छोरी ग्रेटाले आमाबुवाले गरिदिएको वैवाहिक पद्धति र निष्ठालाई अस्वीकार गर्ने र आफूले चाहेको युवकसँग मात्र आफ्नो दाम्पत्य जीवन जोड्ने भन्ने प्रसङ्गले र लेवनानी युवती पत्रकारले यहूदीहरूप्रति विद्रोहात्मक अभिव्यक्ति दिनुजस्ता कार्यले पनि उपन्यासमा प्रस्तुत विभिन्न पात्रहरूको माध्यमबाट मानवको आफ्नो छुट्टै अस्तित्त्व हुनुपर्ने र कसैको बन्धन, दमन र अन्यायमा बस्न नसकिने भन्ने कुरालाई उपन्यासकारले अस्तित्त्वको रूपमा देखाएका छन् ।

प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा नारी अस्तित्त्वका सम्बन्धमा पनि स्वच्छन्दगामिनी रेवा र पूर्वीय दर्शनको कट्टर पक्षपाती नारायणनका बीच दार्शनिक बहस 'रेवा जी, तपाईंले यो कदापि बिर्सिनु हुन्न कि तपाईं हिन्दू नारी हो । भारतीय संस्कृतिमा नारीको रूप जहिले पनि आमाको छ । आमाको प्रतीकको हो, थाहा छैन ? पृथ्वी । चञ्चलताको आग्रह के पृथ्वीलाई सुहाउँछ ?

विलासको पराकाष्ठामा पनि हिन्दू शिल्पी-कलाकार-उर्वरा मातृत्त्वको नारी ध्येयलाई बिर्सिदैन, यो पो हो त्यसको अर्थ ।हिन्दू नारीको हृदयलाई सोध्यो भने विलासको हेतु के ? उसले निश्चय नै भन्ने छे मातृत्त्व । पश्चिमी नारीले प्रश्नको हेतु नै ग्रहण गर्न सक्ने छैन, र भन्नेछ- विलास विलासका लागि .................. (पूर्ववत, पे.नं.२७-२८) गराएर ती दुबैका माध्यमबाट आफ्ना त्यससम्बन्धी विचारहरू सशक्तरूपमा प्रस्तुत गरेका छन् । ती प्रस्तुतिहरूमा उपन्यासकारका नारीजाति प्रतिका विचारहरू स्पष्टरूपले व्यक्त हुनुका साथै नारी अस्तित्त्वको सम्बन्धमा समेत यथार्थ धारणा प्रस्तुत भएका छन् र नारी अस्तित्त्वको प्रमुख स्वरूप मात्तृत्त्व हो भन्ने अस्तित्त्ववादी विचार अभिव्यक्त भएका छन् । प्रस्तुत उपन्यासमा उपन्यासकारको हिन्दूदर्शनको वास्तविकता प्रतिको दृष्टिकोण समेत प्रस्तुत भएको छ ।उनले नारायणनको माध्यमबाट

धार्मिक मूल्य, मान्यता र अस्तित्त्वको बारेमा समेत स्पष्ट पारेका छन् । उक्त उपन्यासका नारी पात्रहरूले नारीमनका विभिन्न पक्षलाई प्रतिनिधित्व गरेका छन्, जुन कोइरालाका आस्था र मान्यता हुन् । त्यसैले यस उपन्यासका पात्रहरू पूर्णरूपले उन्मुक्त, स्वतन्त्र, स्वच्छन्द छन् । 'म' पात्रको पत्नीको रूपमा प्रस्तुत भएकी लक्ष्मीले यौनजनित सन्दर्भमा सम्भोग सुखलाई ब्रह्मानन्दसँग तुलना गर्छे भने रेवाको यौनजनित प्रसङ्ग लक्ष्मीको भन्दा भिन्नै खालको देखाइएको छ । लक्ष्मीको हरतरहको सहयोग पाएर औषधोपचार गर्न हिँडेको 'म' पात्र र पति भएको ठाउँमा गइरहेकी रेवाका बीचमा सम्भोग गराएको कार्य परम्परित नैतिक सीमाभन्दा टाढा लगी उपन्यासकारले यौनजनित स्वतन्त्रता र त्यसको चाहनालाई अस्तित्त्ववादकै रूपमा लिएको पाइन्छ । उपन्यासमा इल्जेलाई यौनजनित रूपमा नै उपस्थित गराएर उसको बाध्यताको फाइदा नउठाउने मानवतावादी व्यक्तित्त्वका रूपमा 'म' पात्रलाई प्रस्तुत गरिएको छ । इल्जेको सम्भोगको चाहना स्वैच्छिक नभइ बाध्यतापूर्ण भएकाले अस्तित्त्व कसैको दबाब एवं बाध्यतामा नभइ स्वेच्छिक र स्वतन्त्रतामा मात्र रहन सकछ भन्ने सोच्दै उपन्यासकारले 'म' पात्रलाई साबधान बनाएको देखिन्छ । यसरी हेर्दा उपन्यासका नारी-पात्र रेवा, ग्रेटा, लक्ष्मी, बूढीआमाका पक्षबाट नारीत्त्व वा पत्नीत्त्व एवं मातृत्त्वमा आधारित प्रेम, यौन, सम्भोग र मातृममता सम्बन्धी जुन भावना, धारणा र विचार 'हिटलर र यहूदी' उपन्यासमा व्यक्त भएका छन्, ती यथार्थमा उपन्यासकै यौनजनित मनोविश्लेष र अस्तित्त्वपरक भावचेतको प्रतीकको रूपमा अभिव्यञ्जित भएको मान्न सकिन्छ ।

**४.१०.४ अहिंसावादको आधारमा 'हिटलर र यहूदी' :**

बिसौँ शताब्दीमा भएको दोस्रो विश्वयुद्ध र त्यसबाट जर्मन लगायत विश्वका सबै मुलुकमा भएको मानवसंहारलाई आधार बनाएर उपन्यासकार कोइरालाले प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा विषय प्रतिपादन गरेका छन् । खास गरेर दोस्रो

विश्वयुद्धका कारण हिटलर शासकद्वारा जर्मनमा गरिएको मानव हत्या र विनाशको घटनालाई लिएर प्रस्तुत उपन्यास लेखिएको छ ।

प्रस्तुत उपन्यासमा युद्ध र धर्मपालनका नाममा साठी हजार यहूदीहरूलाई जिउँदै आगोमा जलाएर भष्म बनाइएको र मानवजीवन तहसनहस गराइएको क्रूर तथा अमानवीय कृत्यको वर्णन उपन्यासकारले गरेका छन् ।उनी प्रस्तुत उपन्यासमा पूर्णतः युद्धविरोधी देखिएका छन् र विसौं शताब्दिको विश्वयुद्धका कारण मानवतावादी विचारले अभिप्रेरित भएको देखिन्छन् । उपन्यासकारले मानवतावादी दृष्टिमा कृष्ण र हिटलरलाई मानवीय संवेदयशून्य व्यक्तित्त्व भनेर एउटै श्रेणीमा राखेको पाइन्छ । यथार्थमा मानव-जगतमा मानवतावादको संस्थापना र सम्बर्द्धनका लागि संहार होइन संरचना, मतभेद र सघर्ष होइन समन्वय आवश्यक छ, किनभने संहारपछिको संरचना निरर्थक र निस्सारसमेत हुन्छ भन्ने यथार्थता प्रस्तुत गर्नु उपन्यासको मूलभूत विचार हो । मानिसलाई केन्द्रविन्दु बनाएर सोचिने मानवतावाद नै कोइरालालाई प्रिय छ र यही अभिमत उनको प्रस्तुत उपन्यासमा व्यक्त भएको छ । उनका उपन्यासमा युद्ध कुनै पनि हालतमा मानव-हितमा छैन र हुँदैन पनि भन्ने विचार प्रकट भएको छ । उपन्यासमा ईश्वर र हिटलरको बहसमा हिटलरले ‘महाप्रभु, सर्वसामर्थ्यवान हतियार बन्नु भन्दा अर्को नैतिकता केही छैन, (पूर्ववत्, पे.नं.११३) भन्दा हतियार के का लागि ? माध्यम कुन लक्ष्य प्राप्तिका लागि ए । जर्मन जातीय मानव? (पूर्ववत्) भनी ईश्वरद्वारा हिटलरप्रति गराइएको प्रश्नको आधारमा पनि उपन्यासकारले हतियार उठाउने र हिंसा-हत्या गर्ने जस्ता अमानवीय कार्यप्रति उपन्यासमा घोर विरोध गरेका छन् । महाभारतकालीन सभ्यता-संस्कृति र तिनकै परिप्रेक्ष्यमा परिभाषित मानवीय मूल्य र मान्यताको पुनर्व्याख्या हुनुपर्ने सोचाइ भएका कोइरालाका प्रस्तुत विचारले गर्दा नै कृष्ण र हिटलरलाई एउटै श्रेणीमा राखी उनले तुलना गरेको स्पष्ट देखिन्छ । उनले गीताको सत्य जतिसुकै भए पनि त्यो जीवनमुखी छैन भन्ने वैचारिक निष्कर्ष प्रस्तुत ‘हिटलर र यहूदी’ उपन्यासमा व्यक्त गरेको पाइन्छ ।

महाभारतमा जुन कृष्णको सहयोग लिएर त्यत्रो मानवसंहार भएको घटना छ, तिनै कृष्णको वर्णन गरिएको हिन्दूदर्शनको गीतालाई आत्मसात गरी पुनः युरोप तथा जर्मनमा त्यही प्रकारको घटना घटाएर लाखौँ-लाख यहूदीहरूलाई अग्निकुण्डमा होमी मानव हत्या गर्ने जस्तो जघन्य कुकृत्यको उपन्यासकारले खुलेर प्रस्तुत उपन्यासमा अभिमत व्यक्त गरेका छन् । यसरी जर्मनको मानव हत्या र त्यहाँका नारीहरूको पीडामय कथालाई उपन्यासकारले संवेदनशील तरीकाले प्रस्तुत गरेका छन् । उनले ऐतिहासिक समयमा घटेका घटना र त्यसमाका पात्रहरूलाई उपस्थित गराएर अहिलेका विश्वमानव समाजका व्यक्तिहरूको प्रतिनिधि पात्रको रूपमा उभ्याएका छन् र हिंसा तथा हत्याबाट कसैलाई पनि फाइदा नहुने बरु उल्टै बेफाइदा हुने भएकाले सम्पूर्ण मानव संसारलाई हिंसा र हत्या त्यागी असल बन्दै शान्तिको बाटो अँगाल्नुपर्ने जस्तो अहिंसावादी विचार उपन्यासकारले प्रस्तुत उपन्यासमा प्रकट गरेका छन् ।

**४.१०.५ पूर्वीयदर्शनका आधारमा 'हिटलर र यहूदी' :**

'हिटलर र यहूदी' को हिटलरलाई गीतामा कृष्णलाई प्रस्तुत गरिएको जस्तो व्यक्तिको रूपमा देखाइएको छ । दोस्रो विश्वयुद्धको नायक हिटलरले ग्यासच्याम्बरमा जलाएर मारेका यहूदीहरूको मार्मिक मृत्युको वर्णन उपन्यासमा स्पष्टसँग प्रस्तुत भएको छ । हिटलरको गीतावादी व्याख्या र यहूदीहरूको नियतिवादी मृत्युलाई उपन्यासकारले जुन रूपमा प्रस्तुत उपन्यासमा व्यक्त गरेका छन्, तिनले पूर्वीय दर्शनको परम्परित मान्यता, आस्था र विचारप्रति एउटा ठूलो प्रश्न चिन्ह नै लगाइदिएका छन् । धर्म र जातिका आडामा हुने हिंसा र विनाश कोइरालाका विचारमा मानवइतिहासमै माफ हुन नसक्ने अपराधपूर्ण कलंक भएको देखिन्छ । उनका यिनै मानवतावादी विचारले गर्दा धर्म र जातिका आडमा लडिएको महाभारतको युद्ध र दोस्रो विश्वयुद्धलाई उपन्यासकारले आधुनिक मानवतावदी विचारका आधारमा एउटै रूपमा प्रस्तुत गीतार्शन अथवा पूर्वीयदर्शनको सत्यता र व्यवहारिकताको पुनर्मूल्याङ्कन गर्न

खोजेको बलियो आधार 'हिटलर र यहूदी' को अध्ययन र विश्लेषण गर्दा स्पष्टसँग देखिन्छ । यथार्थमा महाभारतको युद्ध त्यसपछिका सबै युगलाई युद्ध गर्नका लागि प्रेरणाको स्रोत बन्न पुगेको निष्कर्षमा उपन्यासकार पुगेको देखिन्छ । त्यसैले हिटलरलाई कृष्णसँग तुलना गर्दै पूर्वीय दर्शनले स्थापना गरेको परम्परागत मूल्य, मान्यता र आस्थाका विपरीत उपन्यासकार उभिएको देखिन्छ । उपन्यासमा 'म' पात्रद्वारा 'निष्काम कर्मको महात्म्य, (पूर्ववत्, पे.नं. १२४) भनेर पूर्वीयदर्शन गीताको निन्दा गराइनुले पनि उक्त कुराको पुष्टि हुन्छ ।

जर्मनहरू आफूलाई आर्य भन्छन् र हिन्दूदर्शनसँग सम्बन्धित कुराको अत्यन्तै सम्मान गर्छन् । उपन्यासमा हिटलरलाई गीतादर्शनको कट्टर अनुयायीको रूपमा देखाइएको छ , (कोइराला: २०४६, १३०-३२) । उपन्यासकार कोइरालाले 'हिटलर र यहूदी' उपन्यास गीतालाई आधार बनाएर लेखेको पाइन्छ । हिटलरद्वारा गरिएको अक्षम्य नरसंहारलाई कृष्णले महाभारतमा गराएको युद्ध वा नरसंहारलाई स्वकर्तव्य वा पृथ्वीभारहरण सम्झे झैं स्वकर्तव्य सम्झिएकोले प्रस्तुत उपन्यासमा हिटलरलाई पनि कोइरालाले गीताको कृष्णको रूप दिएको देखिन्छ । कृष्ण र हिटलर दुवै अद्‌भूत भएको र दुवैमा मानव विनाशको कुनै अर्थ नुहुनु तथा संवेदनशीलता दुवैमा पटक्कै नपाइनुजस्ता कुराले उपन्यासकारले दुवैलाई एउटै रूपले हेरेको पाइन्छ । यसरी हेर्दाखेरि उपन्यासकारको एकातिर पूर्वीयदर्शनद्वारा प्रतिपादित भएका परम्परित मूल्य, मान्यता र आस्थाप्रति असहमति रहेको देखिन्छ भने अर्कातिर हिन्दूदर्शनका कट्टर पक्षपाती नारायणनको रेवासँगको संस्कारिक बहसमा नारायणनद्वारा व्यक्त गराइका 'लुगाको प्रति मेरो सम्बन्धन होइन । मैले तपाईंको आग्रहका प्रति पो भनेको । हिन्दू नारीले स्कर्ट लगाउन खोज्नुमा जुन चञ्चलताको आग्रह छ, त्यसलाई पो त मैले मन परेन भनेको,' (पूर्ववत्, पे.नं.२७) ।

............अर्को कुरा पनि ध्यान राख्नुपर्दछ । हिन्दू -संस्कृति मानव विकासको उच्चतम शिखरमा पुगेर गठित भएको व्यवस्था

हो भन्ने जस्ता अभिव्यक्तिले उपन्यासकारको हिन्दू संस्कृतिप्रतिको दृढ आस्था र विश्वास रहेको पनि देखिन्छ ।यसरी हेर्दा उपन्यासकारको हिन्दूदर्शनको विषयमा कतै-कतै आफैँमा द्वन्द्वात्मक विचार रहेको पनि देखिन्छ । यथार्थमा भन्नुपर्दा हिन्दू संस्कृति र हिन्दूदर्शनभित्र जो यस्ता कुरा छन्, तिनले संसारमा मारकाट र हिंसा-हत्या मच्चाइ मानव अस्तित्त्वलाई नै संकटमा पार्छ, त्यसैले त्यस्ता कुराको त्याग गर्दै हिन्दू संस्कृति र दर्शनभित्रका पनि असल र मानवहितका लागि वरदान बन्ने जस्ता कुरालाई मात्र आत्मसात गर्नुपर्दछ भन्ने दृष्टिकोण उपन्यासकारको रहेको स्पष्ट हुन्छ ।

**४.१०.६ नियतिवादका आधारमा 'हिटलर र यहूदी' :**

उपन्यासकार कोइरालाले प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा नियतिवादी दार्शनिक विचारलाई सर्वाधिक महत्त्व दिएका छन् । त्यो महत्त्व दिने काम भारतीय दर्शनका पक्षपातीका रूपमा प्रस्तुत गरिएका नारायणनको रेवा र 'म' पात्रसितको भेटमा उसले नियतिवादी दर्शनको व्याख्या गर्ने क्रममा नियतिलाई प्रश्न नगर र प्रत्येक मानिस र प्रत्येक जाति नियतिको छाप लगाएर जन्मिन्छ भन्ने कुरा उपन्यासकारले व्यक्त गराएर आफ्ना नियतिवादी विचार प्रस्तुत गराएका छन् (तिमसिनाः २०४०,३९) । यस उपन्यासमा गीतादर्शनबाट प्रेरित हिटलरले स्वकर्तव्य, राष्ट्रिष्यता र राष्ट्रियस्वाभीमानको नाममा ठूलो वीर र वीजयी बन्ने अभिलाषाले त्यत्रो ठूलो नरसंहारक युद्ध लड्यो, साठी लाख यहूदीहरूको ग्यासच्याम्बरमा थुनेर हत्या गऱ्यो, जुन यथार्थमा मानव इतिहासमै सर्वनाक कृत्यको मर्मान्तक स्थिति उपन्यासमा व्यक्त छ । उपन्यासकारले गीतादर्शनको धर्म निरपेक्ष चिन्तन गरेर 'हिटलर र यहूदी' उपन्यास लेखेको उनको प्रस्तुत उपन्यासको अध्ययन र विश्लेषण गर्दा थाहा हुन्छ ।

कोइरालाको जीवन नै यथार्थमा 'कर्तव्यपरायण' वा 'कर्मण्येवाधिकारस्ते' भन्ने गीतादर्शनका मूलमन्त्रद्वारा अभिप्रेरित देखापर्छ । त्यही अभिप्रेरिणालाई प्रस्तुत उपन्यासमा धर्मवाद, कर्मवाद र कर्तव्यवादको सबैले स्वीकार्दै आएको अर्थमा नभइ

नियतिवादको सबैले स्वीकार्दै आएको अर्थमा नभइ नियतिवादको यथार्थ अर्थमा उपन्यासकार कोइरालाले स्वीकार गरेको पाइन्छ । नियतिको दास मानिस चाहे खराब होस् वा असल जुनसुकै निर्णय लिन बाध्य हुन्छ भन्ने उनको विचार रहेको देखिन्छ (शर्मा: २०४९, १३) । यसरी हेर्दा कोइरालाले प्रस्तुत उपन्यासमा केन्द्रीय विचार प्रस्तुत गर्ने क्रममा उनको मानवतावाद नियति निर्दिष्ट दृष्टिचेतको माध्यमद्वारा अभिव्यक्त भएको प्रमाणित हुन्छ ।

प्रस्तुत उपन्यासमा 'हिटलर त नियति हो । कसले कसलाई मार्छ? नियतिका सबै माध्यम हुन्, दुवै मर्ने भनौं चाहे मार्ने ( उपन्यासकार, सातौ संस्करण, पे.नं. २७) भन्ने नारायणको 'म' पात्र र रेवासँगको बहसद्वारा उपन्यासकारले कर्मयोगलाई सिङ्गो ब्रह्माण्डको ईश्वरीय नियति मानेको देखिन्छ । प्रस्तुत उपन्यासमा संसार नियतिमा चलेको र त्यसलाई नै मानिसहरूले ईश्वर मान्ने गर्दछन् भन्ने विचार व्यक्त भएको पाइन्छ । नारायणनले ईश्वरको खेलको रूपमा संसारका क्रिया-प्रतिक्रियालाई व्याख्या गरेको देखिन्छ । उपन्यासकार कोइरालाले यस उपन्यासमा नियतिवादी दर्शनलाई अघि सारेर हिटलरको नरसंहारको व्याख्या गर्न चाहेको कुराको नारायणनद्वारा गराइएको उक्त कथनबाट प्रमाणित गर्न सकिन्छ ।

**४.१०.७ द्वन्द्वका आधारमा 'हिटलर र यहूदी' :**

कोइरालाले 'हिटलर र यहूदी' उपन्यासमा प्रमुख रूपमा बिसौं शताब्दीको दोस्रो विश्वयुद्धको प्रमुख-पात्र हिटलर र यहूदीहरूबीचको जातीय द्वन्द्व र पूर्वीयदर्शन तथा पाश्चात्यदर्शनबीचको धार्मिक तथा सांस्कृतिक द्वन्द्वलाई आधार बनाएर आफ्नो वैचारिक द्वन्द्वलाई प्रस्तुत गरेका छन् । मुख्य रूपमा उक्त द्वन्द्वहरू उपन्यासमा देखिएता पनि सूक्ष्मरूपले उपन्यासको अध्ययन र विश्लेषण गर्दै जाँदा पूरै उपन्यास नै द्वन्द्वै-द्वन्द्वले सिर्जित भएको पाइन्छ । उपन्यासकार कोइरालाले बिसौं शताब्दीको क्रूर शासक जिप्सी जाति हिटलर र यहूदी जातिबीच आ- आफ्नो अस्तित्त्व र वर्चस्व स्थापित गर्नका लागि भएको लडाइँको द्वन्द्वलाई विषयवस्तु बनाएर उपन्यासमा प्रस्तुत गरेका छन् । कोइरालाले

खास गरेर त्यसबेला जर्मन र युरोपमा भएको नरसंहार र लडाइँको द्वन्द्वलाई प्रमुख विषयवस्तु बनाएर आफ्नो उपन्यास प्रस्तुत गरेतापनि त्यो समयमा विश्वभर मै धार्मिक र जातीय युद्ध भइरहेको थियो जसलाई उपन्यासकारले हिटलर र यहूदीहरूलाई अगाडि सारेर विश्वयुद्धको प्रतिनिधित्व गराएर प्रस्तुत गरेका छन् । जर्मनमा हिटलरद्वारा साठी लाख यहूदीहरूलाई ग्यासच्याम्बरमा जिउदै जलाएर मारेको र कयौं महिला तथा यूवतीहरू माथि गरिएको घृणित तथा अमानवीय कार्यको उद्घाटन प्रस्तुत उपन्यासमा भएको छ । यसरी जातीय तथा धर्मका आडमा आर्य र अनार्यबीचको द्वन्द्वात्मक युद्धले जर्मन मात्रै नभएर विश्वलाई नै तहसनहस र आहत बनाएको विचार कोइरालाले आफ्नो उपन्यासमा प्रस्तुत गरेको छ ।

उपन्यासकारले प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा उपन्यासका पात्रहरूलाई परिवेश अनुसार ठीक-ठीक ठाउँमा समावेश गराएर द्वन्द्वको उद्घाटन गराएका छन् । उपन्यासमा 'हिटलर र यहूदी' बीचको द्वन्द्व, ईश्वर र हिटलर बीचको द्वन्द्व, रेवा र नारायणनबीचको द्वन्द्व, हिन्दूदर्शन र पाश्चात्य दर्शनबीचको द्वन्द्व, जापानी ठिटो र ग्रेटाकाबीचको द्वन्द्व, याकूब र मेकडोनाल्डबीचको द्वन्द्व र विभिन्न बुद्धिजीवी तथा दार्शनिक आदि बीचको द्वन्द्व देखाएर उपन्यासकारले संसार द्वन्द्व नै द्वन्द्वको खाडलमा भासिएको छ भन्ने आफ्नो मत व्यक्त गरेका छन् ।यसरी कोइरालाले जातीय तथा धार्मिक द्वन्द्वका साथै विभिन्न पात्रहरूका बीच विभिन्न विषयमा वैचारिक द्वन्द्वसमेत खडा गरी आफ्ना द्वन्द्वात्मक विचार प्रस्तुत गरेका छन् ।

**४.१०.८ पाश्चात्य दर्शनका आधारमा 'हिटलर र यहूदी' :**

उपन्यासकार कोइराला उपन्यासमा फ्रायडवादी यौन-सिद्धान्तको प्रयोग गर्ने पहिलो नेपाली उपन्यासकारका रूपमा परिचित छन् । कोइरालाले 'हिटलर र यहूदी' उपन्यासको अध्ययन विश्लेषण गर्दा उपन्यासको थुप्रै भागमा यौनसम्बन्धी चर्चा गरेको पाइन्छ । यथार्थमा कोइराला स्वयं यौनमय देखिन्छन् । कोइरालाको

व्यक्तिजीवनलाई नियाल्दा पनि यौनका सम्बन्धमा निस्पृय बन्न नसकेको पाइन्छ । उनले हाम्रो समाजमा आडम्बर र पाखण्डपूर्ण ढङ्गले तिरस्कृत यौनलाई आफ्नो प्रस्तुत उपन्यासमा महत्त्वपूर्ण तत्त्व मानेर उद्घाटन गरेका छन् । मानव जीवनमा यौन महत्त्वपूर्ण विषय हुँदाहुँदै पनि त्यस सम्बन्धमा विकृत धारणा लिन थालियो भने समाज नै बिग्रन्छ, त्यसैले यसलाई छोपेर राख्ने कोसिस हुनुहुँदैन भन्ने उपन्यासकारको दृष्टिकोण रहेको पाइन्छ । उनको उक्त उपन्यास फ्रायडवादी यौन-विश्लेषणमा आधारित भए पनि उनले आफ्नै किसिमका मौलिक विचार प्रस्तुत गरेको पाइन्छ ।

कोइरालाको प्रस्तुत 'हिटलर र यहूदी' का पात्रहरू उन्मुक्त र विकसित देखिन्छन् । उपन्यासकी नारी-पात्र रेवा हिन्दुस्तानी नारी भएर पनि ऊ पाश्चात्य धर्म र संस्कृति अनुसार हिँड्ने र पश्चिमेली नारीहरूजस्तै स्वेच्छिक यौनाचारको इच्छा राख्ने र छोटो वस्त्र लगाउन रूचाउने स्वभावकी देखिन्छे । त्यसैगरी पश्चिमेली संस्कृतिमा नै हुर्केकी ग्रेटा नामकी पात्र हिन्दू संस्कृति र परम्पराअनुसारको विवाह पद्धति तथा वैवाहिक निष्ठाको कुरा गर्दा ऊ आफू त्यस्तो विवाह नस्वीकार्ने र पश्चिमेली संस्कृति र परम्पराअनुसार नै आफूले चाहेको केटासँग रोजेर विवाह गर्ने र विवाहलाई बन्धनको रूपमा पनि नस्वीकार्ने एक स्वेच्छिक र विकसित युवतीको रूपमा देखिन्छे । यसरी उपन्यासकारले आफ्नो प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा आफ्नो स्वतन्त्र अस्तित्त्व स्वीकार्ने र कसैको दवावमा हिंड्न नचाहने खालका विभिन्न पात्रहरूको उपस्थिति गराएर आफ्नो पाश्चात्य-दर्शनप्रतिको विचार र दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । हिन्दूनारीहरूले आफ्नो संस्कृति अनुसार पालना गरेको आचरण र व्यवहार भन्दा पश्चिमी संस्कृति अनुसार चल्ने पश्चिमेली नारीहरूको चालचलन तथा व्यवहारप्रति उपन्यासकारको झुकाव बढी रहेको कुरा यसबाट स्पष्ट देखिन्छ । यसरी हेर्दा नारी वा पुरुष जोसुकै भए पनि उसले स्वतन्त्र र स्वअस्तित्त्वका साथ बाँच्न पाउनुपर्दछ भन्ने विचार कोइरालाले व्यक्त गरेको देखिन्छ ।

## ४.११ निष्कर्ष :

निष्कर्षमा भन्नुपर्दा 'हिटलर र यहूदी' उपन्यासले ऐतिहासिक समयमा भएको दोस्रो विश्वयुद्धबाट हुन गएको मानव संहार र त्यसबाट भएको क्षति तथा मानवता हननको यथार्थ चित्रण गरेको छ । दोस्रो विश्वयुद्धमा क्रूर हिटलर शासकद्वारा सोझा-सीधा र निर्दोष यहूदीहरूको लाखौँ-लाखको संख्यामा हत्या गरेर मानवताको पराकाष्ठलाई नै नाघेको दर्दनाक स्थितिलाई देखाइएको छ र यो देखाउनु नै प्रस्तुत उपन्यासको मूल उद्देश्य पनि हो । त्यस समयमा जर्मनबाट उठेको युद्धको आगोले संसारका सबै मुलुकलाई ज्वालाको चपेटामा पारेको थियो । त्यसैले दोस्रो विश्वयुद्धका कारण जर्मन लगायत विश्व तहसनहस भएको र त्यसबाट ठूलो मानव क्षति भएको विषयवस्तुलाई आधार बनाएर उपन्यासकार कोइरालाले प्रस्तत 'हिटलर र यहूदी' उपन्यास लेखेको देखिन्छ ।

उपन्यासकार कोइरालाले विश्वयुद्धको कारण त्यसबेलाका जर्मन नागरिकले भोग्नुपरेको दर्दनाक पीडा र कष्टलाई विभिन्न पात्र र परिवेशमार्फत स्पष्टसँग दर्शाएका छन् । प्रस्तुत उपन्यासमा परिवेश अनुसारका विभिन्न पात्रहरूको समावेश गरी उनीहरूको माध्यमबाट विश्वयुद्धको घटना र पीडालाई बाहिर ल्याइ सबैका सामु स्पष्ट पारिदिने जस्तो महत्त्वपूर्ण काम भएको छ ।

# पाँचौ परिच्छेद
# उपसंहार र निष्कर्ष

## ५.१ उपसंहार :

प्रस्तुत शोधपत्रलाई समेटेर निष्कर्षतिर उन्मुख हुनु यस सन्दर्भको मूल लक्ष्य हो । प्रस्तुत शोधपत्र समेटेर अगाडि बढ्ने क्रममा पहिलो परिच्छेदमा शोध प्रस्तावको मूल शीर्षक अन्तर्गत विभिन्न उपशीर्षकहरू राखी त्यसलाई शोध प्रबन्धको रूपरेखाको स्वरुप प्रस्तुत गर्दै परिच्छेद टुङ्ग्याइएको छ । दोस्रो परिच्छेद अन्तर्गत साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनी, व्यक्तित्त्व र कृतित्त्व मूल शीर्षक राखेर कोइरालाको जन्म, जन्मस्थान, पारिवारिक परिचय, बाल्यकाल, शिक्षादीक्षा, विवाह तथा सन्तान, बसोवास, रूची र स्वभावका पक्षलाई २.१ ‘जीवनी’ उपशीर्षकमा प्रष्ट्याउने कोशिस गरिएको छ । उपशीर्षक २.२ मा व्यक्तित्त्व अन्तर्गत कोइरालाको साहित्यिक र राजनीतिक व्यक्तित्त्वको बारेमा अलग-अलग राखेर प्रष्ट्याउने काम गरिएको छ । त्यसैगरी २.३ ‘कृतित्त्व’ उपशीर्षकमा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाका खोज र अनुसन्धान गर्दा थाहा भएसम्मका कृतिहरूको छोटकरीमा परिचय दिइ प्रष्ट्याउने प्रयास गरिएको छ । अन्त्यमा निष्कर्षका साथ नेपाली राजनीतिक र साहित्य क्षेत्रका एक सशक्त व्यक्तित्त्वको रूपमा प्रसिद्धि पाएका विश्वेश्वरप्रसाद कोइरालाले नेपाली राजनीति र साहित्यलाई सँगसँगै अगाडि बढाउँदै लगी समाजका कुकृति, विसंगति र अन्यायको भण्डाफोर गर्दै आजीवन नेपाल र नेपालीहरूका निम्ति समर्पित भइ काम गरे भन्ने कुरा प्रस्तुत उपशीर्षकमा उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेद अन्तर्गत ‘उपन्यासको सैद्धान्तिक स्वरुप’ मूल शीर्षक राखिएको छ, जसमा ३.१, २.३, उपशीर्षक दिँदै ३.४ उपशीर्षकमा ‘निष्कर्ष’ पुगेको छ र यी उपशीर्षक अन्तर्गत पनि आवश्यकता अनुसार उपशीर्षकको प्रउपशीर्षक राख्दै प्रस्तुत मूल शीर्षक अनुसार विषयवस्तुलाई अगाडि बढाउने काम गरिएको छ । उक्त परिच्छेदमा उपन्यासको सैद्धान्तिक स्वरुपको परिचय दिने सन्दर्भमा उपन्यासको परिचय र परिभाषाका साथै उपन्यास शब्दको

व्युत्पति र बनौट समेतलाई प्रष्ट्याउने काम गरिएको छ । उपन्यासको सैद्धान्तिक स्वरुप मूल शीर्षक अन्तर्गत रहेर हेर्दा ३.१ को उपशीर्षक अनुसार उपन्यास आख्यान साहित्य मानिन्छ र यसलाई साहित्यमा फिक्सन भनिन्छ । नेपालीमा प्रचलित उपन्यास शब्द संस्कृतबाट आएको तत्सम शब्द हो र उक्त शब्द 'अस्' धातुमा उप, नि, उपसर्ग र 'घञ्' प्रत्यय जोडिएर निर्माण भएको हो भनी उपन्यासको व्युत्पति र बनौटको बारेमा प्रष्ट पार्ने काम गरिएको छ । नेपालीमा प्रयोग हुने उपन्यास शब्द पाश्चात्य साहित्यमा नोभसबाट सुरु भएर नोभला हुँदै हिजो-आज नोवेल भएको कुरा प्रस्तुत परिच्छेदमा उल्लेख गरिएको छ । पहिला-पहिला गद्य आख्यान र पद्य आख्यान दुवैलाई उपन्यास मान्दै आइएको तर हिजोआज आएर गद्याख्यानलाई मात्र उपन्यास मानिएको छ भन्ने प्रसङ्ग उल्लेख गर्नुका साथै उपन्यासको परिचय र उपन्यासका आवश्यक तत्त्वहरुलाई समेत प्रस्तुत गरी प्रष्ट्याउने कोशिस गरिएको छ । प्रस्तुत परिच्छेदमा संस्कृतबाट नेपालीमा आइ हाल नेपालीमा प्रयुक्त उपन्यास शब्दलाई विकासक्रमका आधारमा काल विभाजन गरी त्यसका विभिन्न धाराहरूलाई समेत विभिन्न उपशीर्षक अन्तर्गत राख्दै प्रष्ट पार्ने काम गरिएको छ । नेपाली उपन्यासको सैद्धान्तिक उपन्यास लेखनको दृष्टिले शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' (१८२७) बाट सुरु भइ 'पिनासको कथा'(१८७५), मुन्सीको 'तीन आहान'(१८८२), सुन्दरानन्दको 'निरन्तर सौन्दर्य गाथा, अध्यात्म रामायण, बहत्तर सुगाको कथा आदि हुँदै १९४५ सम्म प्राथमिक काल रहेको र वि.सं. १९४७ वीरसिक्का देखि रूद्रराज पाण्डेको रूपमती (१९९०) पूर्वको अवधिलाई माध्यमिककाल मानिएको र रूद्रराज पाण्डेको रूपमती (१९९१) को प्रकाशनदेखि लिएर हालसम्मलाई आधुनिककालमा राखी उपन्यासलाई कालक्रमका आधारमा छुट्याएर राखिएको कुरालाई प्रस्तुत गरिएको छ । अन्त्यमा उपन्यास शब्दको व्युत्पति समयदेखि लिएर जति अगाडि बढ्दै गयो त्यति विभिन्न पूर्वीय र पाश्चात्य सैद्धान्तिक मतमतान्तर, उतारचढावका साथ बीचका यतिका

समयावधिहरू पार गर्दै अहिलेसम्म आइपुगेको कुरालाई प्रस्तुत गर्ने जमर्को यस परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको चौथो परिच्छेद 'हिटलर र यहूदी' उपन्यासको कृतिपरक विश्लेषणात्मक, विवेचना, मूल शीर्षक अन्तर्गत विभिन्न उपशीर्षकहरू र आवश्यक ठाउँमा उपशीर्षको पनि प्रउपशीर्षक राखेर विश्लेषण गर्ने कार्य गरिएको छ । उपशीर्षकलाई क्रमशः१,२, ३, ४, ५, ६, ७, ८, ९, १० र ११ गरी प्रस्तुत गरिएको छ भने उपशीर्षक ९ मा उपशीर्षकको प्रउपशीर्षक १,२ राखिएको छ र उपशीर्षक १० अन्तर्गत उपशीर्षकको प्रउपशीर्षक १-८ सम्म राखी विषयवस्तुको विश्लेषण गरिएको छ र यसै उपशीर्षकको ११ मा अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ । शोधप्रबन्धको शीर्षक ४ को उपशीर्षक१,२,३,४,५,६,७,८,९,१०,११ मा भूमिका, कथन,पात्र-परिचय, परिवेश, भाषाशैली, संवाद,सारवस्तु, दृष्टिविन्दु, प्रतीक, बिम्ब र विभिन्न आधारमा 'हिटलर र यहूदी' को विश्लेषणात्मक विवेचना र अन्त्यमा अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ । प्रस्तुत शोधप्रबन्धको ४ मूल शीर्षक अन्तर्गतको १ उपशीर्षकमा सामान्य भूमिका प्रस्तुत गरिएको छ । उक्त भूमिकामा प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको आकार, पृष्ठ संख्या, संस्मरणका साथै उपन्यासकार कोइरालाको प्रस्तुत उपन्यास मानवमूलक उपन्यास भएको वर्णन गरिएको छ । साथै उपन्यासकार कोइराला उक्त उपन्यासमा दोस्रो विश्वयुद्धको विभत्स अवशेषबाट द्रवीभूत भइ यो पूर्वीय गीतादर्शनको प्रभाव हुनसक्छ भन्ने सोची युद्ध-विरोधी हुन पुगेका छन् भन्ने प्रसङ्गलाई प्रस्तुत गरिएको छ । त्यसैगरी मूल शीर्षकको उपशीर्षक २ मा उपन्यासको सम्पूर्ण कथानक पृष्ठभूमि प्रस्तुत गरिएको छ भने ३ मा पात्रहरूलाई प्रमुख पात्र, सहायक पात्र र अन्य पात्र गरी तीन तहमा वर्गीकरण गरेर उनीहरूको चारित्रिक परिचय दिने कार्य भएको छ, जसमा भावी शोधकर्ता तथा प्रस्तुत शोध पढ्ने पाठकहरूका लागि पनि 'हिटलर र यहूदी' उपन्यास पढ्दा त्यसको गहिराइसम्म पुग्न र बुझ्न सजिलो र सहयोगी बन्न पुगोस् भन्ने हेतुले प्रमुख र

सहायक पात्रका अलावा केही अन्य पात्रहरूको समेत चारित्रिक परिचय दिने कोशिस गरिएको छ ।

उपशीर्षक ४ मा परिवेश र यस अन्तर्गत उपन्यास उपन्यासकारको यात्रावर्णनमा आधारित भएकाले नेपालको काठमाडौँदेखि भारत हुँदै भारतको बम्बइबाट पानीहजाजद्वारा गरिएको यात्रा, लण्डन तथा युरोपका विभिन्न मुलुक लगायत जर्मनसम्मको परिवेश खुलाउने कार्य गरिएको छ र उपशीर्षक ५ मा उपन्यासको भाषाशैली सरल सुवोद्धय रहेको कुरा प्रस्तुत गरिएको छ । त्यसैगरी ४.६ मा उपन्यासका पात्रहरूको संवाद प्रस्तुत गरिएको छ र प्रस्तुत सन्दर्भमा उपन्यासका विभिन्न पात्रहरूको माध्यमबाट प्रस्तुत भएका सरल, संवादहरूको प्रस्तुति छ । उपशीर्षक ७ मा प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको सारबस्तु प्रस्तुत गरिएको छ, जसमा धर्मको नाममा हत्या गराउन प्रेरित गर्ने गीताको उपन्यासकारद्वारा विरोध, साठी हजार यहूदीहरूको कारुणिक हत्या आदिको संक्षेपमा चर्चा गर्दै हत्या गरेर धर्म नहुने र धर्म गर्नलाई दुःखीको सेवामा रमाउनुपर्ने सामाजिक सन्देश दिँदै हिटलरले गरेको हत्या धार्मिक लाभको नभएर पापको खेती मात्र भएको भन्ने सारबस्तु प्रस्तुत गरिएको छ । उपशीर्षक ८ मा दृष्टिविन्दु रहेको छ र त्यसमा उपन्यासमा प्रयुक्त भएका आन्तरिक तथा बाह्य दृष्टिविन्दुको उल्लेख गरिएको छ । त्यसैगरी मूल शीर्षक ४ को उपशीर्षक ९ अन्तर्गत उपशीर्षकको पनि प्रउपशीर्षक १,२ राखी १ प्रउपशीर्षकमा प्रतीक र २ प्रउपशीर्षकमा बिम्ब राखिएको छ । प्रतीक प्रउपशीर्षक अन्तर्गत प्रस्तुत उपन्यासमा पात्रको रूपमा देखाइएका विभिन्न पात्रहरूलाई अहिलेका मानवजाति र परिवेश प्रतीकका रूपमा प्रयोग गरी व्याङ्ग्यात्मकता प्रस्तुत गरिएको कुराको उल्लेख छ भने बिम्ब प्रउपशीर्षक अन्तर्गत पनि उपन्यासका पात्र तथा विभिन्न फोटो, चित्र, दृश्यचित्र, भोजन, भान्सा-घर आदिलाई बिम्बको रूपमा प्रयोग गरी आधुनिक मानवजातिमाथि व्यङ्ग्य गर्दै उपन्यासकारले उपन्यासको कथावस्तुलाई अझ प्रष्ट पार्ने काम गरेको कुरालाई उल्लेख गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको ४ मूल शीर्षक अन्तर्गत प्रस्तुत विभिन्न ११ वटा उपशीर्षकमध्ये १० उपशीर्षकमा १ देखि ८ सम्म उपशीर्षकको पनि प्रउपशीर्षक राखी प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको विभिन्न आधारमा आधारित रहेर विश्लेषणात्मक विवेचना प्रस्तुत गरिएको छ । ४.१० को प्रउपशीर्षक १ मा मानवतावादी दृष्टिकोणका आधारमा 'हिटलर र यहूदी' उपन्यासको विश्लेषण गरिएको छ । यस प्रउपशीर्षक अन्तर्गत हिटलरले यहूदीहरूमाथि गरेको हत्या, हिंसा, अन्याय र मानवताहननको पराकाष्ठा नाघेकाले कसैले पनि कसैको मानवअधिकार हनन हुने कार्य गर्नुहुँदैन भन्ने मानवतावादी दृष्टिकोण उपन्यासकार कोइराला र 'हिटलर र यहूदी' उपन्यासमा रहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । ४.१०.२ प्रउपशीर्षकमा मनोविज्ञानको आधारमा 'हिटलर र यहूदी' को विश्लेषण गरिएको छ र प्रस्तुत प्रउपशीर्षक अन्तर्गत उपन्यासकार कोइरालाको प्रस्तुत उपन्यास फ्रायडवादको सिद्धान्तमा आधारित रही मनोवैज्ञानिक आधारमा रचित कृति भएकाले उपन्यासकारले उपन्यासमा विभिन्न पात्रहरूको माध्यमबाट मानव-अन्तर्मनमा रहेका विषयवस्तु लगायत सम्पूर्ण कुरालाई मनोवैज्ञानिक तरीकाले बाहिर ल्याएर खुलस्त राखिदिएका छन् भन्ने कुराको प्रस्तुति भएको छ । त्यसैगरी ४.१०.३ मा अस्तित्त्ववादका आधारमा 'हिटलर र यहूदी' प्रउपशीर्षक अन्तर्गत सन्दर्भमा उपन्यासकार कोइरालाको प्रस्तुत उपन्यास अस्तित्त्ववादमा आधारित उपन्यास हो र यसमा उपस्थित नारी-पात्र लगायत पुरुष-पात्र सबैले आ-आफ्नो अस्तित्त्वको खोजी गर्दै आफ्नो जीवनलाई अस्तित्त्वमूलक बनाएर अगाडि बढ्न चाहेका छन् । त्यसैले संसारमा मानव अस्तित्त्ववादलाई कसैले मेट्न सक्तैन र मेटाउने दुष्साहस पनि गर्नुहुँदैन, अस्तित्त्व कसैको अधिन, खटन र बन्धनमा नरही आफैँ स्वतन्त्र किसिमले फुल्दै र फल्दै अगाडि बढ्न पाउनुपर्दछ भन्ने प्रसङ्ग उक्त प्रउपशीर्षकमा प्रस्तुत गरिएको छ । उक्त शीर्षक अन्तर्गत 'हिटलर र यहूदी' उपनयासको अस्तित्त्वादको आधारमा विश्लेषण गर्दा उपन्यासमा प्रयोग भएको अस्तित्त्ववाद कतै

नियतिसँग, कतै प्रेमसँग, कतै मानवतावादसँग, कतै विद्रोहसँग, कतै स्वच्छन्द चाहनासँग, कतै व्यक्ति र कतै अहंसँग जोडिएर आएको कुरा प्रस्तुत गरिएको छ । रेवाको 'म' पात्रसँगको स्वेच्छिक यौन सम्पर्क, इल्जेको बालयौन शोषण हुनु, हिटलरद्वारा यहूदीहरू मारिनु, ग्रेटाद्वारा अभिभावकको रोजाइले गराइएको वैवाहिक सम्बन्धलाई अस्वीकार गर्नु जस्ता कुरालाई नै अस्तित्त्वको रूपमा लिइएको कुरा यस प्रउपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

मूल शीर्षक ४ को उपशीर्षक १० को प्रउपशीर्षक ४ मा अहिंसासावादको आधारमा 'हिटलर र यहूदी' रहेको छ । यस शीर्षक अन्तर्गत बिसौँ शताब्दीमा भएको दोस्रो युद्ध र त्यसमा खास गरेर तात्कालीन जर्मन शासक हिटलरद्वारा निर्दोष यहूदीहरूको निमर्म तरीकाले ग्यासच्याम्बरमा जलाएर मारेको घटनाको वर्णन छ र उक्त घटना कसैबाट र कहिल्यै पनि क्षम्य हुन नसक्ने खालको भएकाले उपन्यासकार कोइरालाले तिनै अस्तित्त्ववादभित्र रहेर उनको 'हिटलर र यहूदी' उपन्यासको रचना गरेका छन् र उक्त उपन्यासमार्फत हिंसाले कसैलाई पनि फाइदा नहुने भएकाले हिंसाको बाटो छोडी शान्तिलाई अँगाल्दै अहिंसावादी बन्नुपर्ने सन्देश दिएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । उपशीर्षक १० को प्रउपशीर्षक ५ मा बिसौँ शताब्दकिो हिटलर एउटा क्रूर र हत्यारा शासक भएकाले पक्कै पनि ऊ पूर्वीय दर्शन गीताबाट प्रभावित भएको हुनुपर्दछ भन्ने सोची उपन्यासकारले 'हिटलर र यहूदी' उपन्यासमा पूर्वीयदर्शनको यस्तो कार्यप्रति असन्तुष्टि व्यक्त गर्दै मानिसद्वारा नै मानिसको हत्या गर्न प्रेरणा प्रदान गर्ने पूर्वीयदर्शनको गहिराइसम्म पुगेर रहस्य खोज्नुपर्ने भाव व्यक्त गरेको कुरा उक्त प्रउपशीर्षकमा प्रस्तुत गरिएको छ । दोस्रो विश्वयुद्धमा गीता हातमा लिएर हिँडेको हिटलरद्वारा साठी हजार यहूदीहरूलाई आगोमा जलाएर मारेको घटनालाई पूर्वीयदर्शन महाभारत तथा गीताका कृष्णले अर्जुनलाई युद्ध गर्न प्रेरित गरेर कयौँ मानवसंहार भएको घटनासँग तुलना गर्दै महाभारतको कृष्णसँग दोस्रो विश्वयुद्धको

नायक मानवसंहारकारी हिटलरलाई पनि एकै दर्जाले हेरिएको कुरा समेत उक्त शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

मूल शीर्षक ४.१० को ६ मा नियतिवादका आधारमा 'हिटलर र यहूदी' प्रउपशीर्षक प्रस्तुत गरिएको छ र उक्त शीर्षक अन्तर्गत उपन्यासकार कोइरालाद्वारा आफ्नो प्रस्तुत उपन्यसामा जर्मनमा हिटलरद्वारा यहूदीहरू मारिनुलाई नियतिको खेल भएको भनी विभिन्न पात्रहरूद्वारा व्यक्त्याइएको कुरा प्रस्तुत गरिएको छ । उक्त प्रउपशीर्षकमा जर्मनमा हिटलरले साठी हजार भन्दा बढी मानिस मारेको र उनीहरू हिटलरद्वारा मारिएका भएता पनि वास्तवमा ती सबै आ-आफ्नो कर्म र नियतिका कारणले मारिएका हुन् । संसारमा कसैले पनि सकैलाई मार्न सक्दैन र मार्न पनि सक्दैत, यहाँ हिटलर नियति हो र नियतिको दास मानिसले जुनसुकै निर्णय लिन सक्छ भनी पूर्वीयदर्शनको कट्टरवादी नारायणनद्वारा गरिएको उक्त कथनलाई अगाडि सारी उपन्यासकार कोइरालाले नियतिवादी दर्शनलाई अघि सारेर हिटलरद्वारा गरिएको मानवसंहारको व्याख्या गर्न खोजेको प्रसङ्ग उक्त प्रउपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । मूल शीर्षक ४.१० को प्रउपशीर्षक ७ मा द्वन्द्वका आधारमा 'हिटलर र यहूदी' उपशीर्षक अन्तर्गत बिसौं शताब्दीमा भएको दोस्रो विश्वयुद्ध खासगरी जातीय र धार्मिक द्वन्द्वका कारणले भएको भन्ने कुराको उल्लेख गरिएको छ । उपन्यासकार कोइरालाले प्रस्तुत उपन्यासमा यिनै द्वन्द्वका कारण जर्मनबाट उठेको जातीय द्वन्द्वको आगोले अन्त्यमा जर्मनलाई नै खरानी बनायो र त्यसको असर सबैतिर फैलिनपुग्यो, यसरी जातीयता र धर्म-धर्मबीचको द्वन्द्वले मानव विनाश गर्नुका साथै सारा संसारलाई नै समाप्त पार्छ । त्यसैले जातीय र धार्मिक द्वन्द्वलाई समाप्त गरी एक आपसमा समन्वय गरेर अगाडि बढ्नाले नै मानवजातिको रक्षा हुनसक्छ र संसारमा शान्ति स्थापित हुनसक्छ भनी उपन्यासकद्वारा उपन्यासमा व्यक्त भएका विचारहरू उक्त प्रउपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ । उपन्यासकारले हिटलर र यहूदीहरूबीचको जातीय द्वन्द्व र पूर्वीयदर्शन तथा

पाश्चात्यदर्शनबीचको धार्मिक तथा सांस्कृतिक द्वन्द्वलाई आधार बनाएर आफ्नो वैचारिक द्वन्द्वलाई 'हिटलर र यहूदी' उपन्यासमा प्रस्तुत गरेको कुराहरू उक्त उपशीर्षकमा उल्लेख गरिएको छ । ४.१० को प्रउपशीर्षक ८ मा पाश्चात्य दर्शनका आधारमा 'हिटलर र यहूदी' उपशीर्षकलाई प्रस्तुत गरिएको छ । उक्त उपशीर्षक अन्तर्गत उपन्यासकार कोइराला पाश्चात्य साहित्यकार फ्रायडबाट प्रभावित भएकाले कोइरालाले फ्रायडको सिद्धान्तमा आधारित भएर उनको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यास लेखेको र उनको उक्त उपन्यासमा फ्रायडवादी यौन सिद्धान्तको प्रयोग भएको पाइन्छ भनी उल्लेख गरिएको छ । कोइराला फ्रायडवादी यौन सिद्धान्तको प्रयोग गर्ने पहिलो नेपाली उपन्यासकार भएको र उनले प्रस्तुत उपन्यासको थुप्रै भागमा यौनसम्बन्धी चर्चा गरेको कुराको समेत उक्त प्रउपशीर्षकमा उल्लेख गरिएको छ । कोइरालाका प्रस्तुत उपन्यासका पात्रहरू उन्मुक्त र विकसित खालका रहेका र हिन्दूनारी भएर पनि रेवा नामकी युवती पात्रले पश्चिमी सभ्यता र संस्कृति अनुसारको भेषभूषा र स्वेच्छिक यौनचारको इच्छा राखेको कुराको वर्णन छ । त्यसैगरी ग्रेटा नामकी पात्रले बुवा-आमाले रोजेको केटासँग विवाह नगर्ने र आफूले चाहेको केटासँग रोजेर विवाह गर्ने तथा विवाहको बन्धनलाई पनि नस्वीकार्ने स्वेच्छिक र अस्तित्त्ववादी विचार भएका पात्रहरूको संयोजन गरी पाश्चात्य सभ्यता र संस्कृतिको परिचय उपन्यासकार कोइरालाले 'हिटलर र यहूदी' उपन्यासमा गराइएको कुरा र उपन्यासकार स्वयंको पनि पाश्चात्य दर्शनप्रति झुकाव रहेको कुरा उक्त प्रउपशीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

मूल शीर्षक ४ को उपशीर्षक ११ अन्तर्गत अध्यायगत निष्कर्ष प्रस्तुत गरिएको छ र उक्त उपशीर्षकमा मूल शीर्षक ४ का बाँकी सबै उपशीर्षक र उपशीर्षकका पनि प्रउपशीर्षकहरूमा उपन्यासकार कोइरालाको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासलाई अध्ययन-विश्लेषण गरिएको निचोड र उक्त उपन्यासबाट प्राप्त सन्देशको साथ निष्कर्ष टुङ्ग्याइएको छ । यिनै माथिका मूलभूत

सन्दर्भहरूका साथ अन्त्यमा नेपाली साहित्यका महान् साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको चर्चित प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासलाई आफ्नो शोधप्रबन्धमा 'हिटलर र यहूदी' उपन्यासको कृतिपरक अध्ययन मूल शीर्षक राखी त्यसैभित्र रहेर आफ्नो बुद्धि र विवेकले भ्याएसम्म अध्ययन र विश्लेषण गरिएको कुराको समेत उल्लेख गरिन्छ ।

## ५.२ निष्कर्ष :

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासमा यौन मनोविज्ञानको भित्री तहबाट अस्तित्त्वमूलक नैतिक मूल्य, मान्यता र मर्यादासम्बन्धी आचरणलाई सामाजिक आधारमा मूल्य, मान्यता र मर्यादाको पुनर्मूल्याङ्कन गरेका छन् । त्यसैले नेपाली साहित्यको उपन्यास विधामा नयाँ विचार प्रस्तुत गर्ने उपन्यासकारहरूको पंक्तिमा उनी अग्रस्थानमा देखापार्दछन् । कोइरालाको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको अध्ययन-विश्लेषण गर्दा मानव जीवन मुख्यतः एउटा अन्वेषकीय विषय, एउटा खेल र एउटा प्रयोग हो भन्ने निष्कर्ष प्राप्त गर्न सकिन्छ । त्यसकारण विश्वमानवता र मानवीय समानताको अवधारणाहरू नै कोइरालाको प्रस्तुत उपन्यासको मूल सन्देश हो । उनको प्रस्तुत उपन्यासमा गम्भीर रूपमा रहेको मूल आवाज नै मानव अस्तित्त्वको हो । उनी उक्त उपन्यासमा इमान्दारीपूर्वक नैतिकता र नियतिवादको धरातलमा उभिएर नेपाली उपन्यास विधालाई जीवन अनुकुल बनाउनमा प्रयासरत रहेका देखिन्छन् ।

विश्वेश्वरप्रसाद कोइरालाको मानवमूलक 'हिटलर र यहूदी' उपन्यास गीताको निष्काम कर्मयोगको दर्शन विरुद्धमा रचना गरिएको छ । प्रस्तुत उपन्यासका रचनाकार कोइरालालाई गीताको परम्परागत व्याख्यामा विश्वास नभएको र छुट्टै मौलिक व्याख्या गरेको उक्त उपन्यासका अभिव्यक्तिहरूले स्पष्ट हुन्छ । उनका आत्मविश्वास, अन्धविश्वास, कर्मवीरता, कर्मयोग, धार्मिक अस्तित्त्ववाद, भौतिक अस्तित्त्ववाद आदि विषयहरू गीताका आधारमा व्याख्या गरिएका हुन् । प्रस्तुत 'हिटलर र यहूदी' मा

विशेष गरी नारी समस्या र मानवतावादी वैचारिक धरातलमा प्रखर रूपले अभिव्यक्त हुनपुगेको छ । कोइराला उक्त उपन्यासमा पूर्णरूपले युद्धविरोधी देखिएका छन् । उनी बिसौँ शताब्दकिो समयको मानवतावादी विचारले पूर्णतः प्रेरित देखिन्छन् । उनको मानवतावादी दृष्टिमा कृष्ण र हिटलर दुवैलाई मानवीय संवेदनशून्य व्यक्तित्त्व भएका भनेर एउटै तहमा राखेको देखिन्छ । यथार्थमा भन्नुपर्दा मानवजगत्मा मानवतावादको संस्थापना र सम्बर्द्धनका लागि संहार नभइ संरचना र मतभेद तथा संघर्ष नभइ समन्वय आवश्यक छ, यसको अभावमा संरचना निरर्थक र निस्सार हुन्छ भन्ने वास्तविकता उक्त उपन्यासको मुख्य विचार हो । उनले यी विचारलाई यस 'हिटलर र यहूदी' उपन्यासमा अत्यन्त संवेदनशील गतिमा प्रस्तुत गरेका छन् ।

मानिस-मानिसमा जबसम्म एक-अर्काबीच ईर्ष्या, डाह, प्रतिरोध, घृणा र शत्रुता उत्पन्न हुन्छन्, तबसम्म मानवता जतातत्तै आक्रान्त हुनपुग्छ भन्ने जस्ता विषयले कोइरालाको व्यक्तित्त्व आहात बन्न पुगेको छ । उनको आहत हुनपुगेको मानवीय संवेदनशीलता प्रस्तुत उपन्यासमा विविध अवस्था र प्रसङ्गमा सर्वाधिक प्रस्तुत हुनपुगेको छ । त्यसैले उनले प्रस्तुत उपन्यासमार्फत यदि मानवले मानव बन्ने हो भने असल बन्नका लागि आफ्नो हैसियत र कर्तव्य नभुली काम गर्नुपर्दछ, अनि मात्र मानवसमाजमा शान्ति एवं सुव्यवस्था कायम गर्न सकिन्छ भन्ने मानवीय भावना बोकेको विचार उपन्यासमा व्यक्त गरेका छन् । यथार्थमा भन्नुपर्दा महत्त्वकांक्षी विचार र अहंताले मानवसमाजलाई विध्वंसात्मक बनाउँछ र अन्त्यमा मानव अस्तित्त्वनै संसारबाट विलिन भएर जान्छ, त्यसैले जुनसुकै शासक होस् वा सर्वसाधारण व्यक्ति, सबैले उक्त कुरालाई त्याग गर्दै अगाडि बढ्न सक्नुपर्दछ र यसबाट नै मानवजगत्को कल्याण हुनसक्छ भन्ने नै प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासको मूल सन्देश र निष्कर्ष रहेको छ । अतः यिनै माथिका मूलभूत सन्दर्भहरूलाई नै प्रस्तुत प्रसङ्गका निष्कर्षहरू ठानिएको छ ।

## ५.३ सम्भाव्य शोध शीर्षकहरू :

नेपाली साहित्यको क्षेत्रमा खास गरेर कथा र उपन्यासको माध्यमबाट चर्चाको शिखरमा पुगेका उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका र उनको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासका बारेमा भविष्यमा अध्ययन अनुसन्धान हुने थुप्रै सम्भावनाहरु भएकाले भावी शोधार्थीहरूका लागि कोइराला र उनको प्रस्तुत 'हिटलर र यहूदी' उपन्यासका बारेमा निम्न शीर्षकहरूमा शोधकार्य गर्न सकिने सम्भावना देखिन्छः

१. अहिलेका तानाशाहका प्रतीकको रूपमा 'हिटलर र यहूदी'

२. मानवतावादका आधारमा 'हिटलर र यहूदी' उपन्यासको विश्लेषण

३. 'हिटलर र यहूदी' उपन्यासमा वैचारिक पक्ष

# सन्दर्भ ग्रन्थ सूची


- आचार्य हरिप्रसाद, गौतम थानेश्वर,२०४२: - अनुसन्धान प्रकाश, प्रकाशक महेन्द्र वि.वि., संस्करण २०६० दोस्रो
- एटम नेत्र, बराल कृण्णहरि, २०५१ -उपन्यास-सिद्धान्त र नेपाली उपन्यास, साझा प्र. दोस्रो सं. २०५८
- कालिदासः -अभिज्ञान शाकुन्तलम् , संस्करण महालक्ष्मी प्र.आगरा संस्करण ई.सं.१९८५
- कोइराला खेम,२०४५ - साहित्यकार विश्वेश्वरप्रसाद कोइराला, काठमाडौँ सेवा प्रकाशन
- कोइराला जीवनचन्द,२०५८ - वि.पी.कोइरालाका छरिएका सामग्री संस्करण दोस्रो
- कोइराला विश्वेश्वरप्रसाद, २०४० -'हिटलर र यहूदी' उपन्यास, साझा प्रकाशन, २०६६
- कोइराला विश्वेश्वरप्रसाद, २०४० - आफ्नो कथा, चेतना साहित्य प्रकाशन, काठमाडौँ, दोस्रो संस्करण२०५०,साझा प्रकाशन
- कोइराला विश्वेश्वरप्रसाद, २०६३ - फेरि सुन्दरीजल,जगदम्बा प्रकाशन
- कोइराला विश्वेश्वरप्रसाद, २००१ ई.सं. - जेल जर्नल, जगदम्बा प्रकाशन
- गीरि प्रदीप, २०६६: - विश्वेश्वरप्रसाद कोइराला,राजनीतिक अभिलेख, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं

- गैरे ईश्वरीप्रसाद,२०६३ - आधुनिक नेपाली आख्यान, क्षितिज प्रकाशन
- ढकाल भूपति,२०५६ - विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष
- नगेन्द्र, सन् १९६७: - शोध और सिद्धान्त, आगरा, रवीन्द्र प्रकाशन
- पोखरेल भानुभक्त,२०४०: - साहित्य र सिद्धान्त, कुलचन्द्र शर्मा श्याम पुस्तक भण्डार, विराटनगर
- पोखरेल रामचन्द्र,२०४०: - जीवन वृत्तान्त, वि.पी.प्रकाशन, संस्करण, २०५६
- पौडेल भूपहरि, २०६०: - शोध र सिर्जना सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
- प्रधान कृष्णचन्द्र सिंह,२०३७ :-नेपाली उपन्यास र उपन्यासकार साझा प्रकाशन
- बन्धु चूडामणि,२०५२ - अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं
- बन्धु चूडामणि,२०३४ - अनुसन्धानको रूप र शैली, प्रकाशन पाठयक्रम विकास केन्द्र, त्रि.वि.वि.
- बराल ईश्वर,२०३३ - झ्यालबाट, साझा प्रकाशन दोस्रो संस्करण
- भट्टराई निलकण्ठ,२०६३: - महामानव महाकाव्य धरणीधर पुरस्कार प्रतिष्ठान, विराटनगर
- लामिछाने शङ्कर,२०५३: - विश्वेश्वरप्रसाद कोइराला समालोचना र विचारमा काठमाडौं प्रकाशन

- वाणा अमरसिंह,२००३ ई.सं. - अमरकोश, राष्ट्रिय संस्कृत संस्थान नयाँ दिल्ली
- विश्वनाथ,१९७६ ई.सं. - साहित्यदर्पण, संस्करण ई.सं.१९७६ चौखम्बा विद्या भवन, चौथा सस्करण
- शर्मा गणेशराज, २०५५: - विश्वेश्वरप्रसाद कोइरालाको आत्मवृत्तान्त, जगदम्बा प्रकाशन
- शर्मा मोहनराज, लुइटेल खगेन्द्र,२०६२: - शोध विधि, तेस्रो संस्करण साझा प्रकाशन ललितपुर
- शर्मा मोहनराज र श्रेष्ठ दयाराम,२०४९: - नेपाली साहित्यको संक्षिप्त इतिहास, साझा प्रकाशन, चौथो संस्करण

# पत्र-पत्रिका सूची


- अधिकार निश्चल, २०६६: - हिटलर र यहूदीकी आदर्श नारी-लक्ष्मी, महामण्डल त्रैमासिक वर्ष २, पूर्णाङ्क ५, श्रावण-असोज, पे.नं. २११-२१३,नुवाकोट साहित्य प्रतिष्ठान
- गौतम नारद, २०६८: - राजनीति र जनतालाई जोड्न सक्ने नेता वी.पी. गोरखापत्र श्रा.६वर्ष १११ अंक ७०, पे.नं. १
- देव रामनारायण: - वी.पी. काङ्ग्रेस र तराईवासी, गो.प.वर्ष १११, अंक ७०, पृ.७
- नेपाली राजेश्वर, २०६८: - वी.पी. चिन्तन र हाम्रो लोकतन्त्र गो.प.वर्ष १११, अंक ७०, पृ. ७
- प्रकाश तिकल, २०६८: - वी.पी.को राष्ट्रिय मेलमिलापको बाटो, गो.प. १११, अंक ७०, पृ. ७
- प्रधान प्रतापचन्द्र,२०६६ - हिटलर र यहूदी उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक दर्शन, महामण्डल, श्रा-असोज, पृ.२२८-२३५, नुवाकोट साहित्य प्रतिष्ठान
- वी.पी.कोइरालाका भाषणहरू- जय नेपाल प्रकाशन
- शर्मा सोमप्रसाद,२०५७: - विश्वेश्वर प्रसाद कोइरालाको साहित्यिक व्यक्तित्त्व,गरिमा विशेषांक
- सुवेदी लोकनारायण, २०६८ - वी.पी. र पुष्पलाललाई संझँदा, श्रावण ७ गोरखापत्र, वर्ष १११, अंक ७८, पृ. ६

# सन्दर्भ शोधप्रबन्धहरू


- ढकाल भूपति, २०५४ -'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचारपक्ष'
- देवकोटा सुजिता,२०६६ -'मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन
- पौडेल ईश्वरीप्रसाद,२०६६ - 'नेपाली साहित्यको परिक्रमा समालोचनाको कृतिपरक अध्ययन'
- मिश्र कन्हैया,२०६५ -'परिभाषित आँखाहरू' उपन्यासको कृतिपरक अध्ययन